# मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्व

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**एम्.ए. दोस्रो वर्षको आठौं**
**पत्रको प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**गोविन्दबहादुर खत्री**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६४**


मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्व – गोविन्दबहादुर खत्री २०६४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको विद्यार्थी श्री गोविन्दबहादुर खत्रीले **मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षक शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

२०६४/८/१

...................................

डा. खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

# स्वीकृति-पत्र

.................................
प्रा. राजेन्द्र सुवेदी
(विभागीय प्रमुख)

..................................
डा. खगेन्द्रप्रसाद लुइटेल
(शोधनिर्देशक)

..................................
मोदनाथ प्रश्रित
(बाह्य परीक्षक)

मिति: २०६४/८/१७

**शोधपत्र मूल्याङ्कन समिति**

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरु डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । मान्छे जीवनमा जतिसुकै सफल रहे पनि मृत व्यक्तिका बारेमा शोध गरी उसको जीवनीका यथार्थ तथ्यहरू प्रकाशमा ल्याउनु अत्यन्तै कठिन कार्य हो । व्यावहारिक र कार्यक्षेत्रगत जीवनका अति व्यस्तताका बीचमा पनि शोधनायकका बारेमा यत्रतत्र छरिएर रहेका सामग्रीलाई सङ्कलन, लेखन र सम्पादन गर्न थकान महसुस हुन नदिई मलाई बारम्बार सजग र सचेत तुल्याउँदै यस शोधकार्यका लागि उपयुक्त सुझाव, सल्लाह र आवश्यक निर्देशन दिनुहुने शोधनिर्देशक आदरणीय गुरुज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधपत्रको तयारीका सिलसिलामा यथासक्य सामग्री उपलब्ध गराउनका साथै व्यस्त जीवनमा पनि आवश्यक सूचना प्रदान गरी आफ्ना महŒवपूर्ण विचार व्यक्त गरिदिनुहुने सम्बन्धित क्षेत्रका सम्पूर्ण विद्वान्हरूको उल्लेखनीय सहयोगप्रति आभार प्रकट गर्दछु । यसैगरी उपयोगी सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने मनिक्रम शर्माका पिता प्रा.मोहनराज शर्मा र उहाँको परिवारका सम्पूर्ण सदस्यप्रति कृतज्ञताज्ञापन गर्दछु ।

मेरो उच्च शिक्षा अध्ययनमा प्रेरि ाग गर्ने मेरो घरपरिवार, मातापिता तथा यस क्रममा आर्थिक सहयोग तथा अभिभावकको भूमिका निर्वाह गर्ने दाजु होमवहादुर खत्री र दिदी बच्चु पौडेलप्रति म विशेष कृतज्ञ छु ।

यस शोधकार्यको सामाग्री सङ्कलनमा विभिन्न पक्षबाट उचित सल्लाह दिने तथा सहयोग गर्ने मेरा सहपाठी मित्रहरू दुर्गा पौडेल, लक्ष्मी ढुङ्गेल, केशव ढुङ्गेल तथा रामकुमार बिमली धन्यवादका पात्र छन् ।

अत्यन्त व्यवसायिक व्यस्तता हुँदाहुँदै पनि लगनशीलतापूर्वक समयमा कम्प्युटर टङ्कण गरिदिने ‘जी’ कम्प्युटर सेन्टर, कीर्तिपुरलाई पनि धन्यवाद दिन चाहन्छु । शोधकार्यका सिलसिलामा आवश्यक सामाग्री सङ्कलनमा यथेष्ट सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति कृतज्ञ छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

मितिः २०६४।८।१

शैक्षिक सत्रः २०६१/०६२

**गोविन्दबहादुर खत्री**
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

# विषयसूची


*पृष्ठ*

**पहिलो परिच्छेद : शोधपरिचय** १-५

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्याकथन २

१.५ अध्ययनको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ अध्ययनको क्षेत्र र सीमा ४

१.८ सामग्री सङ्कलन विधि ४

१.९ शोधविधि ४

१.१० शोधपत्रको रूपरेखा ५

**दोस्रो परिच्छेद : मनिक्रम शर्माको जीवनी** ६-१३

२.१ जन्म र जन्मस्थान ६

२.२ बाल्यकाल ६

२.३ पारिवारिक स्थिति ७

२.४ शिक्षादीक्षा ७

२.५ कार्यक्षेत्रमा प्रवेश ८

२.५.१ जागिरमा संलग्नता ८

२.५.२ संस्थागत संलग्नता ८

२.५.३ भ्रमण ८

२.५.४ व्यक्तिगत, रुचि र स्वभाव ९

२.६ साहित्य क्षेत्रमा प्रवेश १०

२.६.१ प्रेरणा र प्रभाव १०

२.६.२ लेखन र प्रकाशनको थालनी १०

२.६.३ प्रकाशित पुस्तकाकार कृतिहरू ११

२.६.४ प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण ११

२.७ मृत्य १२

२.८ जीवनदर्शन र साहित्यिक मान्यता १२

**तेस्रो परिच्छेद : मनिक्रम शर्माको व्यक्तित्व** १४-१९

३.१ पृष्ठभूमि १४

३.२ शारीरिक व्यक्तित्व १४

३.३ व्यक्तित्वका विभिन्न पाटाहरू १५

३.३.१ साहित्यिक व्यक्तित्व १५

३.३.१.१ कवि व्यक्तित्व १६
३.३.१.२ एकाङ्कीकार व्यक्तित्व १६
३.३.१.३ कथाकार व्यक्तित्व १७
३.३.२ साहित्येतर व्यक्तित्व १८
३.३.२.१ जागिरे व्यक्तित्व १८
३.३.२.२ कलाकार व्यक्तित्व १८
३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तः सम्बन्ध १८
**चौथो परिच्छेद : मनिक्रम शर्माको साहित्य यात्रा** २०-२४
४.१ परिचय २०
४.२ चरण विभाजन २०
**पाँचौ परिच्छेद : मनिक्रम शर्माका कृतिहरूको विश्लेषण** २५-११२
५.१ फुटकर कविताहरूको विश्लेषण २५
५.१.१ भाव वा विचार २५
५.१.२ सहभागी २७
५.१.३ परिवेश २८
५.१.४ उद्देश्य २९
५.१.५ दृष्टिविन्दु २९
५.१.६ भाषाशैलीयविन्यास ३०
५.२ रिसाहा थर्कमान कथासंग्रहका कथाहरूको विश्लेषण ३१
५.२.१ माछाको निसाफ कथाको विश्लेषण ३१
५.२.१.१ कथावस्तु ३१
५.२.१.२ सहभागी ३३
५.२.१.३ परिवेश ३३
५.२.१.४ उद्देश्य ३४
५.२.१.५ दृष्टिविन्दु ३४
५.२.१.६ भाषाशैलीयविन्यास ३४
५.२.२ रिसाह थर्कमान कथाको विश्लेषण ३५
५.२.२.१ कथावस्तु ३५
५.२.२.२ सहभागी ३६
५.२.२.३ परिवेश ३७
५.२.२.४ उद्देश्य ३७
५.२.२.५ दृष्टिविन्दु ३७
५.२.२.६ भाषाशैलीयविन्यास ३८
५.२.३ चुरुङ्गीका वीरहरू कथाको विश्लेषण ३८
५.२.३.१ कथावस्तु ३८
५.२.३.२ सहभागी ४०

५.२.३.३ परिवेश ४०
५.२.३.४ उद्देश्य ४०
५.२.३.५ दृष्टिविन्दु ४१
५.२.३.६ भाषाशैलीयविन्य ४१
५.२.४ रमेश र सेतो परेवा कः ाषण ४१
५.२.४.१ कथावस्तु ४१
५.२.४.२. सहभागी ४३
५.२.४.३ परिवेश ४४
५.२.४.४. उद्देश्य ४४
५.२.४.५. दृष्टिविन्दु ४४
५.२.४.६. भाषाशैलीयविन्यास ४४
५.२.५. गोपाल र गुलेली कथाको विश्लेषण ४५
५.२.५.१ कथावस्तु ४५
५.२.५.२. सहभागी ४६
५.२.५.३. परिवेश ४७
५.२.५.४. उद्देश्य ४७
५.२.५.५. दृष्टिविन्दु ४७
५.२.५.६. भाषाशैलीयविन्यास ४७
५.२.६ साहसी दीपक कथाको विश्लेषण ४८
५.२.६.१. कथावस्तु ४८
५.२.६.२. सहभागी ४९
५.२.६.३. परिवेश ५०
५.२.६.४ उद्देश्य ५०
५.२.६.५. दृष्टिबिन्दु ५०
५.२.६.६ भाषाशैलीयविन्यास ५१
५.२.७. चाहनाका पखेटा कथाको विश्लेषण ५१
५.२.७.१. कथावस्तु ५१
५.२.७.२. सहभागी ५२
५.२.७.३. परिवेश ५३
५.२.७.४. उद्देश्य ५३
५.२.७.५. दृष्टिविन्दु ५४
५.२.७.६. भाषाशैलीयविन्यास ५४
५.३ फुटकर लघुकथाहरूको विश्लेषण ५५
५.३.१ जवाफ लघुकथाको विश्लेषण ५६
५.३.१.१. कथावस्तु ५६
५.३.१.२. सहभागी ५७

५.३.१.३. परिवेश ५७
५.३.१.४. उद्देश्य ५७
५.३.१.५ दृष्टिविन्दु ५८
५.३.१.६ भाषाशैलीयविन्यास ५८
५.३.२ गुफा लघुकथाको विश्लेषण ५८
५.३.२.१ कथावस्तु ५८
५.३.२.२ सहभागी ५९
५.३.२.३ परिवेश ५९
५.३.२.४ उद्देश्य ६०
५.३.२.५ दृष्टिविन्दु ६०
५.३.२.६ भाषाशैलीयविन्यास ६०
५.३.३ पानी ६१
५.३.३.१ कथावस्तु ६१
५.३.३.२ सहभागी ६१
५.३.३.३ परिवेश ६२
५.३.३.४ उद्देश्य ६२
५.३.३.५ दृष्टिविन्दु ६२
५.३.३.६ भाषाशैलीयविन्यास ६२
५.३.४ लड्डू ६३
५.३.४.१ कथावस्तु ६३
५.३.४.२ सहभागी ६४
५.३.४.३ परिवेश ६४
५.३.४.४ उद्देश्य ६४
५.३.४.५ दृष्टिविन्दु ६५
५.३.४.६ भाषाशैलीयविन्यास ६५
५.३.५ तीन लघुकथाको विश्लेषण ६५
५.३.५.१ कथावस्तु ६५
५.३.५.२ सहभागी ६६
५.३.५.३ परिवेश ६७
५.३.५.४ उद्देश्य ६७
५.३.५.५ दृष्टिबिन्दु ६७
५.३.५.६ भाषाशैलीयविन्यास ६८
५.३.६ म हत्यारा होइन लघुकथाको विश्लेषण ६८
५.३.६.१ कथावस्तु ६८
५.३.६.२ सहभागी ६९
५.३.६.३ परिवेश ७०

५.३.६.४ उद्देश्य ७०
५.३.६.५ दृष्टिबिन्दु ७०
५.३.६.६ भाषाशैलीयविन्यास ७०
५.४ अँध्यारासँग जुध्नेहरू एकाङ्की संग्रहको विश्लेषण ७२
५.४.१ हामी एउटै हौ एकाङ्कीको विश्लेषण ७२
५.४.१.१ कथावस्तु ७२
५.४.१.२ सहभागी ७४
५.४.१.३ परिवेश ७५
५.४.१.४ द्वन्द्व ७६
५.४.१.५ उद्देश्य ७६
५.४.१.६ संवाद ७६
५.४.१.७ भाषाशैली विन्यास ७७
५.४.२ घोडा-कुर्सी र नाटक एकाङ्कीको विश्लेषण ७७
५.४.२.१ कथावस्तु ७७
५.४.२.२ सहभागी ७९
५.४.२.३ परिवेश ८१
५.४.२.४. द्वन्द्व ८१
५.४.२.५. उद्देश्य ८२
५.४.२.६. संवाद ८२
५.४.२.७ भाषाशैलीयविन्यास ८३
५.४.३ जाल एकाङ्कीको विश्लेषण ८३
५.४.३.१ कथावस्तु ८३
५.४.३.२ सहभागी ८५
५.४.३.३ परिवेश ८७
५.४.३.४ द्वन्द्व ८७
५.४.३.५ उद्देश्य ८७
५.४.३.६ संवाद ८८
५.४.३.७ भाषाशैलीयविन्यास ८८
५.४.४ एउटा अन्त्यय एकाङ्कीको विश्लेषण ८९
५.४.४.१ कथावस्तु ८९
५.४.४.२ सहभागी ९१
५.४.४.३ परिवेश ९२
५.४.४.४ द्वन्द्व ९३
५.४.४.५ उद्देश्य ९३
५.४.४.६ संवाद ९३
५.४.४.७ भाषाशैलीयविन्यास ९४

५.४.५ अनन्त एकाङ्कीको विश्लेषण ९४
५.४.५.१ कथावस्तु ९४
५.४.५.२ सहभागी ९६
५.४.५.३ परिवेश ९७
५.४.५.४ द्वन्द्व ९७
५.४.५.५ उद्देश्य ९८
५.४.५.६ संवाद ९८
५.४.५.७ भाषाशैलीयविन्यास ९९
५.४.६ आवरण एकाङ्कीको विश्लेषण ९९
५.४.६.१ कथावस्तु ९९
५.४.६.२ सहभागी १०१
५.४.६.३ परिवेश १०२
५.४.६.४ द्वन्द्व १०३
५.४.६.५ उद्देश्य १०३
५.४.६.६ संवाद १०३
५.४.६.७ भाषाशैलीयविन्यास १०४
५.४.७ अँध्यारासँग जुध्नेहरू एकाङ्कीको विश्लेषण १०५
५.४.७.१ कथावस्तु १०५
५.४.७.२ सहभागीपहिलो, दोस्रो, तेस्रो चौथो १०७
५.४.७.३ परिवेश १०८
५.४.७.४ द्वन्द्व १०९
५.४.७.५ उद्देश्य १०९
५.४.७.६ संवाद १०९
५.४.७.७ भाषाशैलीयविन्यास ११०
५.५ लेखको विश्लेषण ११२
५.५.१ सारनाथका यी दुई दर्शनीय स्थल ११२
**छैटौ परिच्छेद : उपसंहार** ११३-११५
**परिशिष्ट** ११६-१३०
**सन्दर्भग्रन्थसूची** १३१-१३२

**पहिलो परिच्छेद**

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधशीर्षक **मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्त्व** रहेको छ ।

## १.२ शोधप्रयोजन

यस शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्काय अन्तर्गत नेपाली विषयको दोस्रो वर्षको दसौं पत्रको आवश्यकता पूर्ति गर्नका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

मनिक्रम शर्माको जन्म वि.सं. २०२७ जेठ १५ काठमाडौंमा भएको हो । उनी साहित्यकार तथा प्राध्यापक मोहनराज शर्माका छोरा हुन् । पारिवारिक साहित्यिक वातावरणमा हुर्केका शर्मा बाल्यकालदेखि नै साहित्यप्रति अत्याधिक रुचि राख्दथे । बाल्यकालदेखि नै साहित्यमा रुचि राख्ने शर्माले आफ्ना बाबुबाट साहित्यिक प्रेरणा ग्रहण गरेका हुन् । साहित्यिक पत्रिका गरिमामा सेवारत रहेको बेला उनको अचानक २०५४ साउन ३१ गतेका दिन निधन भएको हो । उनको कलिलो उमेरमै भएको निधनले गर्दा नेपाली साहित्यलाई ठूलो क्षति पुगेको देखिन्छ । नेपाली साहित्यले उनीबाट ठूलो आकांक्षा राखेको देखिए पनि त्यो पूरा हुन सकेन । शर्माका **रिसाहा थर्कमान** (२०५३), **बालकथासंग्रह** र **आध्यारासँग जुध्नेहरू** (२०५७), **एकाङ्कीसंग्रह** प्रकाशित छन् । बालकथाहरू मुनामा प्रकाशित भएका थिए भने तिनीहरूलाई (२०५३) मा संग्रहका रूपमा एकीकृत गरेका छन् । **गरिमा**मा प्रकाशित भएका एकाङ्कीहरूलाई ने.र. प्रज्ञा-प्रतिष्ठानले (२०५७) मा संग्रहका रूपमा एकीकृत गरेको हो । यसका अतिरिक्त उनका अनेकौं कविता, कथा, लेख फूटकर रूपमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । अन्य अप्रकाशित लेख रचनाहरू पनि लेखिएको पाइन्छ । शर्माका बारेमा अहिलेसम्म सामान्य चर्चा परिचर्चा मात्र हुन सकेको छ । उनको समग्र जीवनीको अध्ययन विश्लेषण हुन बाँकी छ । प्रस्तुत शोधपत्रमा शर्माको जीवनी, व्यक्तित्व र कृति□वको गहिरो अध्ययन, विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाउने शर्माको स्थान विशिष्ट रहेको छ । शर्माको बारेमा अहिलेसम्म सामान्य चर्चा परिचर्चा गरिएको पाइन्छ । उनको सम्पूर्ण जीवनी, व्यक्तित्व र कृति□वको प्रामाणिक अध्ययन हुन नसक्नु नेपाली साहित्य कै समस्या हो । प्रस्तुत शोधशीर्षक निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

(क) मानिक्रम शर्माको जीवनी के-कस्तो छ ?

(ख) उनको व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) उनको साहित्ययात्रा के कस्तो रहेछ ?

(घ) उनका साहित्यिक कृतिहरू के-कस्ता रहेका छन् ?

प्रस्तुत शोधप्रत्र माथि उल्लेख गरिएका समस्यामा केन्द्रित रहेको छ ।

## १.५ अध्ययनको उद्देश्य

यस शोधपत्रको प्रमुख उद्देश्य समस्याकथन रहेका समस्याहरूको समाधान गर्न केन्द्रित रहेको छ । निम्नलिखित उद्देश्यमा शोधपत्र केन्द्रित रहेको छ -

(क) मानिक्रम शर्माको जीवनीको समग्र अध्ययन गर्नु,

(ख) उनका व्यक्तित्वका पाटाहरू केलाउनु,

(ग) उनको साहित्ययात्रा निर्धारण गर्नु,

(घ) उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा समसामयिक कित्ताका प्रतिभाहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा अपेक्षित रूपमा कमै रहेको छ । ओझेलमा परेका प्रतिभाहरूको बारेमा प्रकाश पार्नु निश्चय नै मह□वपूर्ण कार्य हो । मानिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृति□वका बारेमा यसभन्दा अगाडि खासै अध्ययन, विश्लेषण, मूल्याङ्कन गर्ने कार्य भएको छैन तर पनि साहित्य इतिहास लेखन र समीक्षा लेखनका क्रममा उनको साहित्यि योगदानको बारेमा सङ्क्षिप्त चर्चा गरेको पाइन्छ । प्रस्तुत शोधपत्रको तयारीका क्रममा प्राप्त सामग्रीलाई कालक्रमअनुसार प्रस्तुत गरिएको छ ।

माधव घिमिरेले **रिसाहा थर्कमान** (२०५३) बालकथाको मन्तव्य दिने क्रममा मानिक्रम शर्मा सरल भाषाशैली प्रयोग गर्ने पशुपन्छी र जीवजन्तुको नामकरणले मनुष्यलाई स्पर्श गरेर सिङ्गो व्यक्तित्व व्यक्त गर्न सक्नु उनको प्रशंसनीय पक्ष हो भनेका छन् ।

वासुदेव त्रिपाठीले **रिसाहा थर्कमान** (२०५३) बालकथाको भूमिकामा मानिक्रम शर्मा नीतिकथाको ढाँच्चालाई अँगालेर मौलिक ढङ्गका नयाँ बालकथा रच्ने र अर्कातर्फ बालकथाका शाश्वत मूल्यलाई समेट्ने उत्कृष्ट प्रतिभा हुन भनेका छन् ।

लीला लुइटेलले *बालसाहित्यको उत्कृष्ट उपहार* (२०५४ जेठ १५) शीर्षक लेखमा मनिक्रम शर्मा बालसाहित्यप्रति उन्मुख, नीति कथाको झझल्को दिने र बालकथाको माध्यमबाट बालबालिकालाई मनोरञ्जन प्रदान गर्ने साहित्यकार हुन् । पशुपन्क्षीलाई पात्र बनाई तिनकै संवादका माध्यमबाट नीतिशिक्षा र उपदेश दिने परिकथाको प्रवृत्तिलाई अवलम्वन गरी सिर्जना गरिएका बालबालिकालाई सहजै प्रभाव पार्ने र युवापुस्ताका लागि त्यत्तिकै रुचिकर र पठनीय छन् ।

घटराज भट्टराईले **नेपाली लेखककोशमा** (२०५६) मानिक्रम शर्मा आफ्नो प्रतिभाको चमत्कार बालरचनाका माध्यमबाट देखाउँदै अगाडि बढिरहेका थिए भनेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **आधुनिक नेपाली समालोचना** (२०५७) मा समसामयिक युगमा व्याप्त विसङ्गतिविकृति र अस्तव्यस्तताप्रति व्यङ्ग्य प्रहार, राष्ट्रप्रेम र देशभक्तिको भाषाभिव्यक्ति, क्रान्तिकारी-आशावादी स्वरको अभिव्यजना गर्ने युवाकवि मनिक्रम शर्मा सरल शब्द र वाक्यात्मक ढाँचामा अन्तर्लयात्मक मुक्तकधर्मी गद्यकविता सिर्जना गर्न सिपालु देखिन्छन् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले **अँध्यारासँग जुध्नेहरू** (२०५७) एकाङ्की सङ्ग्रहको प्रकाशकीयमा मानिक्रम शर्मा समकालीन जीवनको वस्तुगत यथार्थलाई सहजग्राह्य रूपमा सरलताका साथ नाटकीकृत गर्ने, जीवनमा देखिने दुःखद, त्रासद, वीभत्स, विसङ्गत घटना र कार्यव्यापार प्रस्तुत गर्ने एकाङ्कीकार हुन भनिएको छ ।

लीला लुइटेलले *मनिक्रम शर्माको एकाङ्की-कौशल* (गरिमा, २०६०) शीर्षकमा नाटकीय धर्मको निर्वाह समुचित ढङ्गले गरिएका यिनका एकाङ्कीहरू प्रयोगशील भएर पनि सर्वग्राहय छन् । युगीन जीवनमा देखा परेका विकृति र विसङ्गतिहरूलाई केलाएर

उज्यालो जीवनको खोजी गर्दै समतामूलक समाजको निर्माणतर्फ अग्रसरता देखाउनु यस सङ्ग्रहका एकाङ्कीहरूको अभीष्ट रहेको देखिन्छ । मञ्चन र अभिनयका दृष्टिले रचिएका एकाङ्कीहरू सरल हुनका साथै जीवन्त र सशक्त देखिन्छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (सातौँ संस्करण २०६१) मा मनिक्रम शर्मा नयाँ प्रवृत्तिका एकाङ्की रच्ने एकाङ्कीकार हुन भनेका छन् ।

मनिक्रम शर्मा समसामयिक युगबोधलाई स्पष्ट रूपमा प्रस्तुत गर्ने कवि, कथाकार, एकाङ्ककार हुन् । अहिलेसम्म उनको सामान्य चर्चा-परिचर्चा मात्र भएको पाइन्छ भने उनको जीवनको समग्र अध्ययनको विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृति□वको अध्ययनमा सीमित रहेको छ । यसमा उनको जीवनीका आरोह, अवरोह र कार्यहरू व्यक्तित्वको विभिन्न पाटाहरूको रूपरेखा खिच्दै साहित्यिक कृतिहरूको अध्ययन गरिएको छ । उनका प्रकाशित पुस्तकाकार, कृति तथा रचनालाई साहित्यका विधात□व तथा मान्यताका आधारमा विश्लेषण गरिएको छ । यसमा उनका अहिलेसम्मका प्रकाशित लेख रचनाहरू समावेश गरिएको छ भने अप्रकाशित रचनाहरूको पनि विश्लेषण गरिएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीको लागि पुस्तकालीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शर्माका परिवार समकालीन व्यक्तित्वहरूका साथै विभिन्न विद्वान्, प्राध्यापकसँग गरिने लिखित तथा मौखिक प्रश्नका आधारमा जीवनी व्यक्तित्वका बारेमा पत्रपत्रिकामा प्रकाशित सुचनात्मक अध्ययनलाई पनि सन्दर्भ सामग्रीमा समावेश गरिएको छ ।

## १.९ शोधविधि

पुस्तककालीय र क्षेत्रीय विधिबाट सङ्कलित सामग्रीलाई परम्परित र वैज्ञानिक दुवै सैद्धान्तिक पद्धतिको आवश्यकीय उपयोगद्वारा अध्ययन विश्लेषण गरिएको छ । कृतिको अध्ययनका लागि समीक्षात्मक र विश्लेषणात्मक दृष्टिकोण अपनाइएको छ ।

**१.१० शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरी विभिन्न शीर्षक तथा उपशीर्षक छुटाएर अध्ययन विश्लेषण गर्ने काम गरिएको छ ।

पहिलो परिच्छेद – **शोधपरिचय**

दोस्रो परिच्छेद – **मनिक्रम शर्माको जीवनी**

तेस्रो परिच्छेद – **मनिक्रम शर्माको व्यक्तित्व**

चौथौ परिच्छेद – **मनिक्रम शर्माको साहित्यिक यात्रा**

पाँचौं परिच्छेद – **मनिक्रम शर्माको कृतित्त्वको विश्लेषण**

छैटौँ परिच्छेद – **उपसंहार**

**परिशिष्ट**

**सन्दर्भग्रन्थसूची**

### दोस्रो परिच्छेद

# मनिक्रम शर्माको जीवनी

## २.१ जन्म र जन्मस्थान

मनिक्रम शर्माको जन्म वि.सं. २०२७ जेठ १५ गतेका दिन राति १ बजेर १० मिनेट जाँदा काठमाडौंको थलीमा भएको हो ।[१] यिनका पिता मोहनराज शर्मा र माता उमा शर्मा केही समय आफ्नो पुर्ख्यौली घर धर्मस्थलीबाट थलीमा बसोबास गर्दै आएका थिए । मनिक्रम शर्माको जन्म त्यहीँ भएको थियो ।[२] यिनका पिता ढकाल थर भएका र पहिला देखि नै बागमती अञ्चलअन्तर्गत काठमाडौंको धर्मस्थलीमा बसोबास गर्दै आएका थिए ।[३] उनकी माता नेपाल थर भएकी घृतकौशिक गोत्रकी हुन् ।[४] पिता मोहनराज शर्मा र माता उमा शर्माका विक्रमराज शर्मा, पराक्रमराज शर्मा, अनुक्रम शर्मा, अल्पना शर्मा, मानिक्रम शर्मा र आक्रमराज शर्मा गरी ६ जना सन्तानमध्ये मनिक्रम शर्मा पाँचौं सन्तानका रूपमा जन्मेका थिए भने उनका जेठा दाजु विक्रमराज शर्माको वि.सं. २०४८ जेठ १७ मा निधन भइसकेको छ ।[५] मनिक्रम शर्माको न्वारनको नाम **शेषराज शर्मा** हो भने नेपाली साहित्यमा प्रचलित नाम मनिक्रम शर्मा हो । उनलाई घरमा **भाइदाइ** भनेर बोलाउने गरिन्थ्यो ।[६] मनिक्रम शर्माको राशि **कुम्भ** हो ।

## २.२ बाल्यकाल

मनिक्रम शर्माको बाल्यकाल मातापिताको सान्निध्यमा सुखपूर्वक बितेको थियो ।[७] मातापिताको थलीमा बसाइ रहुन्जेल केही समय उनको बाल्यकाल त्यही बितेको थियो भने पिता मोहनराज शर्मा मेची क्याम्पसमा प्राध्यापक भएर गएपछि उनी पनि मातापितासँग भद्रपुर नै गएका थिए ।[८] केही समय भद्रपुरमा बसेपछि २०३३ सालमा उनी काठमाडौं नै आएका थिए ।[९] मनिक्रम शर्माको २१ वर्षको उमेरमा

---

[१] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] मनिक्रम शर्माका माता उमा शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[५] ऐजन ।

[६] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

२०४८ मा त्रि.वि. प्राध्यापक आवास छेउ नजिक कुशेश्वर महादेव मन्दिरमा उपनयन गरिएको थियो ।[१०] नम्र तथा मिलनसार स्वभाव एवं साहित्यिक अभिरुचि राख्ने शर्मा सानै उमेरदेखि माता र पिताले भनेको मान्ने र पढाइमा ध्यान दिने गर्दथे भने आफू भन्दा ठूलाबडाहरूसँग पनि त्यत्तिकै मिलनसार देखिन्थे ।[११]

## २.३ पारिवारिक स्थिति

मनिक्रम शर्मा मध्यम आर्थिक अवस्था भएको परिवारमा जन्मेका हुन भने उनका पिताले प्राध्यापन पेशा अँगाल्दै आएका छन् ।[१२] उनका पिता मोहनराज शर्मा साहित्यकारका रूपमा पनि चर्चित रहेका छन् । साह्रै धनी तथा साह्रै गरिब पनि नभएका शर्माको परिवार आर्थिक स्थिति सन्तोषजनक नै रहेको छ । मनिक्रमलाई आर्थिक समस्याले खासै सताएको थिएन ।[१३] उनको सम्पूर्ण आवश्यकता पिता मोहनराज शर्माले पूरा गरिदिन्थे ।[१४]

## २.४ शिक्षादीक्षा

मनिक्रम शर्माका पिता मोहनराज शर्मा मेची क्याम्पसमा प्राध्यापक भएर गएपछि प्रारम्भिक शिक्षा उनले त्यहीँ प्राप्त गरे भने तीन वर्षको उमेरदेखि घरमा र पाँच वर्षको उमेरदेखि विद्यालयमा शिक्षा प्राप्त गरेका हुन् ।[१५] त्यो बेलासम्म बोर्डिङ्ग सभ्यता व्यापक भइनसकेको र दरबार हाइस्कुलले एस.एल.सी.मा राम्रो नतिजा ल्याएको थियो भने यो आर्कषणले गर्दा मनिक्रम शर्मा त्यहाँ भर्ना भएका थिए ।[१६] विद्यालयमा अध्ययन गर्दा मिठो, सरल, नम्र, बोलीबचन रहेको थियो ।[१७] अंग्रेजीभन्दा नेपाली भाषा नै राम्रो थियो भने बक्त्रित्वभन्दा लिखित साहित्य राम्रो थियो ।[१८] कक्षाका कविताहरूको राम्रो अर्थमा व्याख्या लेख्ने तागत उनमा थियो भने तत्सम शब्ददेखि खासै डराउदैन थिए ।[१९] दरबार हाइस्कुलमा कक्षा दशसम्म अध्ययन गरेका शर्माले

---

[१०] ऐजन ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी ।
[१७] ऐजन ।
[१८] ऐजन ।
[१९] ऐजन ।

२०४७ सालमा एस.एल.सी. पास गरेका थिए भने रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा आइ.ए. पढ्न भर्ना भएका थिए ।[२०] २०५० सालमा रत्नराज्यलक्ष्मी क्याम्पसबाट आई.ए. उत्तीर्ण गरेर बढी जसो लेखनक्षेत्रमा सक्रिय रूपमा लागेका थिए ।[२१] उनको औपचारिक शिक्षा आई.ए. सम्म रहेको छ ।

## २.५ कार्यक्षेत्रमा प्रवेश

### २.५.१ जागिरमा संलग्नता

मनिक्रम शर्माले २०५२/०३/२३ मा साझा प्रकाशनमा जागिरको लागि नियुक्ति पाएका थिए ।[२२] उनको साझा प्रकाशनअन्तर्गत **गरिमा** पत्रिकासँग विशेष सम्बद्ध रहेको थियो ।[२३] साझा प्रकाशनमा काम गर्दा इमान्दारीपूर्वक गर्दथे भने काममा उत्कृष्ट रुचि राख्ने र मन, वचन कर्मले भ्याएसम्म आफ्नो परिश्रम राम्रोसँग गर्ने गर्दथे ।[२४] आफूलाई दिएको काम, कर्तव्यनिष्ठ र सबैसित मिलेर इमान्दारीपूर्वक गर्ने गर्दथे भने उनको कारणले कहिले पनि नराम्रो महसुस भएको थिएन ।[२५]

### २.५.२ संस्थागत संलग्नता

मनिक्रम शर्मा संस्थागत रूपमा छुट्टै संस्थामा संलग्न नरहे पनि एकमात्र संस्था साझा प्रकाशनमा उनको संलग्नता रहेको थियो ।[२६] सो संस्थालाई फलाउने फूलाउने काममा उनी बढी लागेका थिए । त्यहाँ काम गरुन्जेल उनले कसैलाई पनि नराम्रो व्यवहार गरेका थिएनन् ।[२७]

### २.५.३ भ्रमण

मनिक्रम शर्मा सानैदेखि भ्रमणमा रुचि राख्ने गर्दथे भने त्यही सिलसिलामा उनले नेपालका धेरै क्षेत्रको भ्रमण गरेका थिए ।[२८] सानो उमेरमा झापा गएका र

---

[२०] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] गोपाल पराजुलीबाट प्राप्त जानकारी

[२४] ऐजन ।

[२५] मेघराज आचार्यबाट प्राप्त जानकारी ।

[२६] ऐजन ।

[२७] तेजकुमार श्रेष्ठबाट प्राप्त जानकरी ।

[२८] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

**गरिमा**मा जागिर खाँदा नेपालका प्रायः अधिकांश क्षेत्रको भ्रमण गरेका थिए ।[२९] भ्रमणकै सिलसिलामा भारतका दिल्ली, बनारस, गोरखपुर, इलाहवाद आदि ठाउँमा गएका थिए ।[३०]

### २.५.४ व्यक्तिगत, रुचि र स्वभाव

मनिक्रम शर्मामा प्रारम्भिक अवस्थादेखि नै पढ्ने, लेख्ने र चिन्तन मनन गर्ने प्रवृत्ति रहेको थियो ।[३१] उनको प्रमुख साधनाको क्षेत्र नेपाली साहित्य नै हो । लेख्न, पढ्न, ठाउँठाउँमा घुम्न उनको विशेष रुचि रहेको थियो ।[३२] फूर्सदको समयमा खेल्न रुचि राख्ने र क्रिकेट बढी खेल्न रुचाउँथे भने चेस क्यारामबोर्ड पनि उत्तिकै खेल्न मन पराउँथे ।[३३] कुनै पनि विषयमा कसैलाई केही लेख्नु वा गराउनु परेमा उनी अनेक अनुनय विनय गरेर पनि गराएरै छोड्थे ।[३४] आफूभन्दा ठूलालाई समेत छिटो प्रभावित तुल्याउने खुबी उनमा थियो ।[३५] उनमा बढीजसो विभिन्न जातिविशेषको क्यारिकेचर गर्ने कला थियो भने आफ्नो कला तथा अभिनय प्रस्तुत गर्न सफल देखिन्थे ।[३६] मनिक्रमसँग भएका घटना बढीजसो हँसाउने खालका हुन्थे ।[३७] पढाइमा भन्दा रचनामा बढी समय खनाउने र कसैसँग झैझगडा नगर्ने उत्ताउलो नबोल्ने र एकछिन अडेरमात्र जबाफ दिने स्वभाव रहेको थियो ।[३८] बेलाबेलामा तार्किक कुरा गर्ने र मिजासिलो हक्की, सहयोगी, मिलनसार, कुराद्वारा अन्य व्यक्तिलाई प्रभावित तुल्याउने स्वभाव थियो ।[३९] आधुनिक दृष्टिकोण भएका र नेपाली, हिन्दी अंग्रेजी, भाषामा राम्रो दक्षता रहेको थियो ।[४०] बालबालिकालाई मनोरञ्जन दिनसक्ने तिखोवुद्धि भएका र मिठो बोल्ने युवा साहित्यकार हुन् ।[४१]

---

[२९] ऐजन ।

[३०] अनुक्रम शर्माबाट प्राप्त जानकारी ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

[३४] खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त जानकारी ।

[३५] ऐजन ।

[३६] तेजकुमार श्रेष्ठबाट प्राप्त जानकारी ।

[३७] ऐजन ।

[३८] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी

[३९] ऐजन ।

[४०] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४१] माधव घिमिरेबाट प्राप्त जानकारी ।

## २.६ साहित्य क्षेत्रमा प्रवेश

### २.६.१ प्रेरणा र प्रभाव

मनिक्रम शर्मा साहित्यिक परिवारमा जन्मेका हुन् । उनका हजुरबुबा रुद्रप्रसाद शर्मा पनि साहित्यकार थिए ।[४२] उनका पिता मोहनराज र दाजु अनुक्रमराज शर्मा पनि साहित्यकार हुन् । मनिक्रम शर्माका मातृवंशतिर हजुरआमाका पिता रामप्रसाद सत्याल पनि साहित्यकार नै हुन् । यस्तो साहित्यिक पृष्ठभूमिमा जन्मेका शर्मा साहित्यप्रति सानैदेखि झुकाव राख्थे र उनले सानैदेखि घरैबाट साहित्यक्षेत्रमा प्रवेश गर्ने प्रेरणा र प्रभाव पाएका थिए ।[४३] उनका घरमा विभिन्न साहित्यकारको जमघटले उनको साहित्यप्रति रुचि बढ्थ्यो । साहित्य लेखनमा लाग्न खोज्दा उनका पिताले सयवटा जति रचना लेख्नु र मलाई देखाउनु भन्ने गर्थे ।[४४] मनिक्रम शर्मालाई साहित्य क्षेत्रमा प्रेरणा दिने भद्रपुर हाइस्कुलका सबै र दरबार हाइस्कुलका शिक्षक यज्ञनिधि दाहाल पनि रहेका छन् ।[४५] स्कुलमा पढ्दा पनि उनी साहित्यिक कार्यक्रम तथा निबन्धहरूमा सामेल भएर अन्य अतिरिक्त कार्यक्रममा पनि उपस्थिति देखाएरै छाड्ने गर्थे ।[४६] बालकथाहरू खोजीखोजी पढ्ने गर्दथे ।[४७] साहित्यिक संस्था साझा प्रकाशनमा काम गर्दा त उनको झन साहित्यप्रति रुचि बढेको थियो ।[४८]

### २.६.२ लेखन र प्रकाशनको थालनी

मनिक्रम शर्माले लघुकथा, बालकथा, एकाङ्की, लेख, मुक्तक, कविता आदि लेखेका छन् । उनको पहिलो मुक्तक *बाध्यता* शीर्षकमा भाइदाइका नामबाट २०४० सालमा **दुबो** प्रत्रिकामा प्रकाशित भएको थियो भने त्यो कविता पाँच पंक्तिको रहेको थियो ।[४९] उनका लघुकथाहरू **वगर, तन्नेरी, दायित्व, प्रतिभा, सम्प्रेषण, साथी** आदि पत्रिकामा प्रकाशित छन् भने **युवामञ्च**मा लेख प्रकाशित छ । महिमा पत्रिकामा मुक्तक प्रकाशित भएको छ । उनका दुईवटा संग्रह **रिसाहा थर्कमान** र **अँध्यारासँग जुध्नेहरू**

---

[४२] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] ऐजन ।

[४६] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी ।

[४७] ऐजन ।

[४८] गोपाल पराजुलीबाट प्राप्त जानकारी ।

[४९] **दुबो**, *बाध्यता*, शीर्षकमा अङ्क ५, साल २०४०, जेठ, पृ. ९१ ।

प्रकाशित भएका छन् । ने.रा.प्र.प्र.मा आउने जानेक्रम गर्दा शर्मा आफ्नो रचना **समकालीन साहित्य**लाई प्रकाशनका निम्ति दिने कुरा गर्दथे ।[५०] मनिक्रम शर्माको **अँध्यारासँग जुध्नेहरू** संग्रहअन्तर्गत रहेको पहिलो एकाङ्की *हामी एउटै हौँ* कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा राखिएको छ ।

### २.६.३ प्रकाशित पुस्तकाकार कृतिहरू

नेपाली साहित्यको सेवा गर्ने क्रममा उनका निम्न कृतिहरू प्रकाशित भएका छन् :

| क्र.सं. | कृतिहरू | विधा | प्रकाशित मिति |
|---|---|---|---|
| १. | रिसाहा थर्कमान | बालकथासंग्रह | २०५३ |
| २. | अँध्यारासँग जुध्नेहरू | एकाङ्कीसंग्रह | २०५७ |

### २.६.४ प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण

| क्र.सं | शीर्षक | प्रकाशन स्रोत | | पृ. |
|---|---|---|---|---|
| १. | बाध्यता (मुक्तक) | **दुबो** | वर्ष ५, अङ्क ६, २०४० जेठ | ९१ |
| २. | कुर्सी र लाग्छ (मुक्तक) | **महिमा** | वर्ष १०, अङ्क ११, २०४९ असार | २२ |
| ३. | जवाफ (लघुकथा) | **तन्नेरी** | वर्ष १५, २०४९ | ६४ |
| ४. | गुफा (लघुकथा) | **दायित्व** | वर्ष ७, अङ्क २०, २०५० वैशाख | १९ |
| ५. | पानी (लघुकथा) | **वगर** | वर्ष १२, अङ्क ४०, २०५० भदौ | ७३ |
| ६. | सारनाथका यी दुई दर्शनीय स्थल (लेख) | **युवामञ्च** | वर्ष ८, अङ्क १, २०५२ अषाढ | २२ |
| ७. | लड्डू (लघुकथा) | **सम्प्रेषण** | वर्ष ९, २०५३ अषाढ | २६ |
| ८. | ती लघुकथा (लघुकथा) | **साथी** | वर्ष १३, अङ्क ३, २०५४ अषाढ | ३४ |
| ९. | म हत्यारा होइन ( लघुकथा) | **सम्प्रेषण** | अङ्क ११, २०५५ भदौ | ५३ |

[५०] समकालीन साहित्य २०५४, सम्पादकीय ।

अन्य प्रकाशित तथा अप्रकाशित रचनाहरू पनि रहेका छन् तर तिनीहरूको विवरण उपलब्ध हुन सकेको छैन् ।

## २.७ मृत्यु

मनिक्रम शर्मा शारीरिक रूपमा स्वस्थ तथा सक्षम थिए भने स्वस्थ, निरोगी, राम्रो तथा बाल्यकालमा पनि खासै बिरामी नभएका व्यक्ति थिए ।[५१] स्वस्थ्यका लागि दिनहुँ व्यायाम गर्ने र त्रि.वि. आवासगृहबाट साझा प्रकाशन पुल्चोकसम्म प्रायः हिँडेरै जाने आउने गर्थे ।[५२] साझा प्रकाशनमा काम गर्ने क्रम चलिरहेको थियो । यसै क्रममा **गरिमा** पत्रिकाका तर्फबाट पूर्वाञ्चलका लेखकहरूसँग सम्पर्क गर्न जानुपर्ने भयो र उनले कार्यालय प्रमुखसँग १३ दिनको लागि काज बिदा मागेका थिए ।[५३] कार्यालय प्रमुखले १३ दिनको लागि काज बिदा दिन मानेका थिएनन् तर शर्माको जिद्दिले गर्दा कार्यालय प्रमुखले १३ दिनकै लागि काज बिदा दिएका थिए ।[५४] १३ दिनको काज बिदा लिएर भद्रपुर गएका शर्मा अचानक बेहोस भएका थिए ।[५५] विधिको बिडम्बना भनौँ कि के भनौ कलिलो उमेरमा अर्थात् २७ वर्षकै उमेरमा २०५४ श्रावण ३१ का दिन ७.१५ बजे अचानक उनको निधन भयो ।[५६] मेची अञ्चल अस्पतालमा पुऱ्याउँदा मृत घोषित गरियो ।[५७] १३ दिनको छुट्टी मनिक्रम शर्मालाई अशुभको संकेत जस्तो रहयो ।

## २.८ जीवनदर्शन र साहित्यिक मान्यता

कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन रचनात्मक कार्य, सामाजिक संघसंस्थाप्रतिको आबद्धता, दृष्ट र मुक्त जीवनजगत्बाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएका हुन्छन् । मनिक्रम शर्मा परिश्रमी, लगनशील, निःस्वार्थ, व्यक्तिका रूपमा परिचित थिए भने सादाजीवन उच्च विचारको सिद्धान्तमा विश्वास गर्थे ।[५८] आफ्नो काम सकभर आफैँ गर्ने र अरूसँग मिलनसार भएर काम गर्ने, अर्कालाई दुःखकष्ट नदिने शर्माको धारणा रहेको थियो भने कुनै पनि निन्दनीय काम

---

[५१] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[५२] ऐजन ।

[५३] तेजकुमार श्रेष्ठबाट प्राप्त जानकरी ।

[५४] ऐजन ।

[५५] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी ।

गरेर व्यक्तिगत स्वार्थ पूरा गर्नु हुँदैन भन्ने उनको मान्यता रहेको थियो ।[५९] आधुनिक जीवन दृष्टि अगाल्ने र संस्कृतिमा अन्ध परम्परालाई आत्मसाथ नगर्ने उनको धारणा रहेको थियो ।[६०] यिनै नीति सिद्धान्त र धारणाबाट उनको जीवन दर्शन प्रकटिएको पाइन्छ ।

साहित्य समाजको ऐना हो । साहित्य स्रष्टाले आफ्नो अन्तरचक्षुले देखेका, भोगेका, सुनेका कुरालाई साहित्यमा परिणत गर्दछ । मनिक्रम शर्माले आफ्नो एकाङ्कीसंग्रह **अँध्यारासँग जुध्नेहरू**मा राष्ट्रप्रति बफादार बनेर तेरोमेरो भन्ने भावनाबाट मुक्त भएर राष्ट्रका सन्तति हामी एउटै हौँ भन्ने भावना पोखेका छन् । सामाजिक यथार्थमा आधारित उनका एकाङ्कीहरू रहेका छन् । बालकथासंग्रह **रिसाहा थर्कमान** मा पनि उनले बालबालिकालाई नीति उपदेशको सन्देश दिएका छन् । मानिस स्वावलम्बी र स्वाभिमानी हुनुपर्छ । नैतिक र सत् चरित्रता अनि राष्ट्रप्रतिको चिन्तन उनका रचनामा पाइन्छ । साहित्यमा जनताको देशप्रतिको दायित्व झल्कोस् हिजो र आजको समाजको बदलिँदो स्थिति के हुनुपर्छ भन्ने पक्ष समेत साहित्य रचना गर्नेहरूले पाठकलाई दिनुपर्छ भन्ने मान्यता मनिक्रम शर्माको रहेको थियो ।

मनिक्रम शर्माका कविताहरूमा समसामयिक युगमा व्याप्त विकृतविङ्गति र अस्तव्यस्ततताप्रति व्यङ्ग्य प्रहार, राष्ट्रप्रेम र देशभक्तिको अभिव्यक्ति क्रान्तिकारी-आशावादीस्वरको अभिव्यञ्जना पाइन्छ ।[६१] उनका लघुकथाहरूमा पनि समसामयिक युगबोधलाई मुख्य विषयवस्तु बनाइएको छ । जीवनमा देखिएका विकृति र विसङ्गतिलाई साहित्यमा उत्रार्न सक्नु उनको मह□वपूर्ण पक्ष हो । देश र जनताप्रति सामाजिक, आर्थिक, शोषण, अन्याय, अत्याचार, गर्नेहरूलाई समाजमा नङ्ग्याउन सक्नु नै साहित्यकारको प्रमुख उद्देश्य हो भन्ने मूलभूत मान्यता शर्माको देखिन्छ ।

---

[५९] ऐजन ।

[६०] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६१] खगेन्द्रप्रसाद लुईटेल, **आधुनिक नेपाली समालोचन**, २०५७, पृ. ३९ ।

## तेस्रो परिच्छेद

# मनिक्रम शर्माको व्यक्तित्व

### ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिमा हुने विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । कुनै पनि व्यक्तित्व उसले आफ्नो जीवन अवधिमा गरेका विभिन्न कार्यहरू तथा जीवनका आरोह र जीवन भोगाइका आधारमा निरूपण गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनैतिक पृष्ठभूमिले मह□वपूर्ण भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेशा, साथी सङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ्ग बनौट अर्थात् समग्र शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ । आन्तरिक व्यक्तित्व उसमा अर्न्तनिहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका मह□वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।

मनिक्रम शर्माले २७ वर्षको जीवनकालमा धेरै मह□वपूर्ण कार्यहरू गरे । नेपाली साहित्यको समुन्नतिका लागि अथक मिहेनत गरेका थिए । शारीरिक बनौट र उसले गरेका विविध कार्यहरूका आधारमा उनको व्यक्तित्व बहुआयामिक बनेको देखिन्छ । बहुआयामिक व्यक्तित्वका आधारमा उनको योगदानको पहिचान गर्न सकिन्छ । शर्माका यिनै व्यक्तित्वका पाटाहरूको चर्चा गरिएको छ ।

### ३.२ शारीरिक व्यक्तित्व

मनिक्रम शर्मा वैयक्तिक शारीरिक दृष्टिले मझौला कद, गहुँगोरो वर्ण, हसिलो अनुसार न दुब्लो न मोटो ठिक्कको शरीर भएका थिए ।[१] मिठो बोली बोल्ने प्रभावशाली र आकर्षक थिए भने सबै उमेरका व्यक्ति तथा वर्गसँग सम्बन्ध राख्ने गर्थे ।[२] ठूलाबडाहरूबाट केही नयाँ कुरा जान्ने उत्सुकता तथा कौतुहल राख्ने र समसामयिक साहित्यिक लेखहरूको अध्ययन मनन् गर्न रुचाउने गर्थे ।[३] अध्ययनको क्रमसँगै उनको शारीरिक व्यक्तित्व पूर्ण रूपमा विकसित भएको थियो । उनको उचाई ५ फिट ३ इन्च

---

[१] ऐजन ।


[२] ऐजन ।

[३] ऐजन ।

र तौल करिब ५४ के.जी थियो भने पालता किसिमका दारी पाल्ने गर्थे ।[४] सरल, विनम्र, मृदुभाषी र जस्तोसुकै काम गर्दा पनि सकेसम्म आफै गर्न रुचाउने र बेलाबेलामा तार्किक कुरा गर्ने वा गफ गर्न रुचाउँथे ।[५] उनी जोसुकैलाईपनि तत्काल प्रभावित तुल्याउन सक्ने खालका थिए ।[६] उनको मृत्युपश्चात वरिष्ठ साहित्यकार तथा प्राध्यापकहरूले गरेका समवेदना प्रकटले पनि पार्दछ ।[७] उनको शरीर बढी चम्किलो, आकर्षक थियो भने आमाको मुखबिम्बको धेरै छायाँ उसको आँखाको कोशमा आउँथ्यो ।[८] कुनै पनि रोग नलागेका शर्मा शारीरिक रूपमा स्वस्थ देखिन्थे नै तर २७ वर्षको कलिलो उमेरमा नै अचानक उनको निधन भयो ।[९]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

मनिक्रम शर्माले आफ्नो छोटो जीवन अवधिभर अत्यन्त सक्रिय र साधनारत भूमिका खेलेका हुनाले उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको देखिन्छ । जीवनभरि जुन जुन कार्य क्षेत्रमा संलग्न भए त्यहाँ निर्वाह गरेको भूमिकाका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय बन्न पुगेको देखिन्छ । उनको सक्रिय गौरवशाली बहुआयामिक व्यक्तित्वलाई निम्न लिखित पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।




### ३.३.१ साहित्यिक व्यक्तित्व

मनिक्रम शर्मा साहित्यिक वातावरणमा जन्मेका हुन् । उनको घरमा साहित्यिक जमघट हुने गर्दथ्यो । यसबाट उनी साहित्यप्रति निकै प्रभावित थिए । शिक्षा आर्जन

---

[४] ऐजन ।

[५] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी ।

[६] खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त जानकारी ।

[७] क. **कान्तिपुर**, २०५४ भाद्र १० गते मंगलबार पृ. ७ ।
ख. **हिमालय टाइम्स** २०५४ भदौ ११ गते बुधबार, पृ. ९ ।
ग. **आज समाचारपत्र**, २०५४, असोज १३ गते, सोमबार पृ. ६ ।

[८] यज्ञनिधि दाहालबाट प्राप्त जानकारी ।

[९] मनिक्रम शर्माका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

गर्ने क्रममा दरबार हाइस्कुल भर्ना भएदेखि नै साहित्यलाई आत्मसाथ गर्ने गर्दथे । उनको साहित्यिक व्यक्तित्व कुनै विधा विशेषमा केन्द्रित नभएर साहित्यका विभिन्न विधामा फैलिएको पाइन्छ । यिनको बहुआयामिक साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारहरूमा विभाजन गरी अध्ययन गरिन्छ ।

### ३.३.१.१ कवि व्यक्तित्व

मनिक्रम शर्माले लेखनको अभ्यास २०३६, २०३७ सालबाट गरेको पाइन्छ । त्यतिखेरका कविता प्रकाशित पनि नभएका र सुरक्षित पनि नभएकाले प्राप्त हुने सम्भावना कमै देखिन्छ । लेखनयात्रा सर्वप्रथम मुक्तक कविताबाट सुरु भएको हो । त्यसपछि यिनले विभिन्न कथा, एकाङ्की, लेख आदि लेखेका छन् । यिनको अधिकांश स्रष्टा व्यक्तित्व उजागर भएको छ । प्राप्त जानकारी अनुसार यिनका प्रकाशित मुक्तक कविताहरू यस प्रकारका छन् भने अन्य अप्रकाशित मुक्तक कविता पनि रहेका छन् :

| प्रकाशित | अप्रकाशित |
|---|---|
| *(क) बाध्यता* | *(क) जागिर* |
| *(ख) कुर्सी* | *(ख) भाषण* |
| *(ग) लाग्छ* | *(ग) वृद्ध र युद्ध* |

शर्माका कवितामा समसामयिक युगबोधलाई स्पष्ट रूपमा प्रस्तुत गरिएका छन् । विशेषगरी विपन्न नेपालीहरूले भोगीरहेको यथार्थ जीवनलाई चित्रण गरिएको पाइन्छ । राजनैतिक र आर्थिक रूपलाई विषयवस्तु बनाएर स्वार्थी नेताहरूको चरित्रलाई नाङ्गो पार्ने काम उनका कवितामा पाइन्छ । राजनीति गर्ने नेताहरूले विशेष गरी कुर्सीको लुछाचुडी गरेर देशलाई गरिबहरूको माझमा उभ्याउने काम गरेका र जनतालाई आँखामा छारो हालेर आफूहरू चाहिँ धनी बनेको चरित्र कवितामा व्यक्त गरेका छन् । यस्ता खालका कविता लेखेर यथार्थ जीवनको चरित्र चित्रण गर्ने प्रवृत्ति उनका कवितामा पाइने हुनाले उनलाई कविका रूपमा स्थापित गरिएको छ ।

### ३.३.१.२ एकाङ्कीकार व्यक्तित्व

मनिक्रम शर्माका एकाङ्कीहरू पनि प्रकाशित भएका छन् । उनको एकाङ्कीसंग्रह **अँध्यारासँग जुध्नेहरू** (२०५७) । यस संग्रहभित्र सातवटा एकाङ्कीहरू प्रकाशित छन् । *हामी एउटै हौं, घोडा, कुर्सी र नाटक, जाल, एउटा अन्त्य, अनन्त,*

*आवरण* र *अँध्यारासँग जुध्नेहरू* यी एकाङ्कीहरू विभिन्न पत्रिकामा (गरिमा, मधुपर्क) फुटकररूपमा प्रकाशित थिए र तिनीहरूलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले संग्रंहका रूपमा प्रकाशित गरेको छ । यिनै एकाङ्कीका आधारमा उनलाई एकाङ्कीकार व्यक्तित्वका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

शर्माका एकाङ्कीहरू सामाजिक यथार्थमा आधारित छन् । दैनिक जीवनमा देखिने दु:खद, त्रासद, वीभत्स घटना र कार्यव्यापारलाई प्रस्तुत गरिएका छन् । सरल भाषामा लेखिएका र सहज रूपमा रोचकताका साथ सम्प्रेषित गरिएका उनका एकाङ्कीले स्वैरकल्पना, अमूर्त र क्लिष्ट ढाँचालाई अस्वीकृत गरेर समसामयिक जल्दाबल्दा समस्यामा केन्द्रित, रङ्गमञ्चीय प्रयोजनका लागि त्यतिकै उत्कृष्ट देखिन्छन् । यिनै गुणहरू नै शर्माका एकाङ्कीकार व्यक्तित्वका विशेषता हुन् ।

### ३.३.१.३ कथाकार व्यक्तित्व

मनिक्रम शर्मा कथाकारका रूपमा पनि चर्चित रहेका छन् । उनले कथाहरूका क्रममा बालकथाहरू बढी लेखेका छन् । त्यति नै गरेर लघुकथाहरू पनि लेखेका छन् । उनको कथासंग्रह **रिसाहा थर्कमान** (२०५३) प्रकाशित भएको छ । यस संग्रहभित्र सातवटा कथाहरू रहेका छन्- *रमेश र सेतो परेवा, गोपाल र गुलेली, रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू, साहसी दीपक, माछाको निसाफ* र *चाहनाका पखेटा* हुन् । यी कथाहरू **मुना** पत्रिकामा प्रकाशित छन् । त्यस्तै गरेर उनका फुटकर लघुकथा क्रमश: गुफा, पानी, लड्डू, तीन लघुकथा, जवाफ, म हत्यारा होइन आदि रहेका छन् । यिनै कथाकारका आधारमा उनलाई कथाकार व्यक्तित्वका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

शर्माका कथाहरू सरल भाषा र सुकोमल भावका साथ लेखिएका यी रचनाहरू बालबालिकाहरूलाई मनोरञ्जनका साथ शिक्षा प्रदान गर्ने उद्देश्यले प्रेरित देखिन्छन् । पूर्व र पश्चिम दुवैतिर प्रचलित नीतिकथाको झझल्को दिने खालका कथाहरू भएकाले बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै सत् मार्गको अनुशरण गर्न समेत अभिप्रेरित गर्छन् । बालबालिकाका अतिरिक्त युवा र प्रौढ पुस्ताका लागि पनि यी कथाहरू त्यत्तिकै रुचिकर र पठनीय छन् । नीतिकथाका शास्वत मूल्यलाई समेट्नु नै शर्माको बालकथाकार व्यक्तित्व झल्कन्छ । यी नै रचनाहरूले शर्मालाई कथाकारका रूपमा स्थापित गरेको छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

जीवनका अनेक क्षेत्रमा सम्बद्ध र क्रियाशील शर्माको लेखन क्षेत्र बाहेकको अन्य व्यक्तित्व उनको पेशा, रुचि र विभिन्न क्षेत्रसँगको सहभागिता, खुबी आदिले निर्माण भएको हुन्छ । जीवनका अन्तिम घडीसम्म पनि विभिन्न कार्यक्षेत्रसँग सक्रिय रूपमा संलग्न रहेका थिए । उनको यस्तो लगनशीलताको राष्ट्रिय स्तरमा परिचित बन्न पुगेका छन्, शर्माको राष्ट्रिय व्यक्तित्वलाई निम्न लिखित प्रकारमा विभाजन गर्न सकिन्छ ।

#### ३.३.२.१ जागिरे व्यक्तित्व

मनिक्रम शर्माको साहित्यको संस्थापन गर्ने क्रममा साझा प्रकाशनमा जागिर खाएका थिए । वि.सं. २०५२/३/२३ मा साझा प्रकाशनबाट नियुक्ति पाएर आफ्नो काममा सक्रिय रूपमा लागेका थिए । साझा प्रकाशनको **गरिमा** पत्रिकामा सक्रिय रूपमा काम गरेका शर्माले आफ्नो कामलाई अत्यन्त सहज रूपमा लिन्थे ।

#### ३.३.२.२ कलाकार व्यक्तित्व

मनिक्रम शर्मा एक कलाकार व्यक्तित्व पनि हुन् । उनले बढीजसो जातिविशेषको कला प्रस्तुत गर्ने गर्थे । आफ्नो कार्यालयमा आउँदा प्रत्येक चोटी एक न एक किसिमको हसाउने कला देखाउथे । साथीभाइहरूलाई हसाई हाल्थे । उनको बोल्ने शैलीमा पनि हँसाउने कला थियो । उनीसँग भएका सम्पूर्ण घटनाहरू प्रायः हसाँउने किसिमका नै हुन्थे भनेर उनका साथीहरू अहिले पनि बताउँछन् । अभिनय गरेर वा अन्य बोलीको प्रभाव आदिले अन्य व्यक्तिहरूलाई हँसाएर मनोरञ्जन प्रदान गर्नु शर्माको कलाकार व्यक्तित्वले गर्दा नै हो ।

### ३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तः सम्बन्ध

मनिक्रम शर्माले २७ वर्षको छोटो अवधिमा विविध विषय तथा क्षेत्रमा संलग्न भई मह□वपूर्ण कार्यहरू गरे । तिनै मह□वपूर्ण कार्यहरू शर्माको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित बन्न पुग्यो । उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूबीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ । नेपाली जीवनको विविध परिवेश मध्ये साहित्यिक वातावरणले प्रभावित शर्माको जीवनको पहिलो सार साहित्य सेवा र संम्बर्दन हो ।

शर्माको साहित्यिक परिवेश प्रतिको यही झुकावले उनलाई साहित्यकार व्यक्तित्वका रूपमा प्रस्तुत गरेको छ । उनको जीवनमा भोगेका विभिन्न भोगाइहरूले सिङ्गो साहित्य लेखनमा प्रभाव पारेको देखिन्छ । उदारमन सहयोगी तथा सहृदयी भावना भएका शर्माः मूलतः एकाङ्कीकार तथा कथाकार बन्न पुगेका छन् । मनिक्रम शर्मा बाल्यकाल देखि नै साहित्यकारसँगको निकटतम सम्पर्क र साहित्यिक गतिविधि प्रतिको झुकावले उनको जीवनी व्यक्तित्व र साहित्य लेखनबीच अन्त : सम्बन्ध रहेको स्पष्ट रूपमा देखिन्छ । शर्माका विभिन्न कार्यहरू र भ्रमणका शिलशिलामा देश तथा देश बाहिर पनि पुगेका थिए । शर्माको जीवनीमा विविध घटनाहरू र व्यक्तित्वको प्रभाव उनको कृति लेखनमा परेको छ । समसामयिक विषय र यथार्थलाई जस्ताको तस्तै प्रस्तुत गर्न सक्नु उनको कृतित्वको मह□वपूर्ण पक्ष हो भन्न सकिन्छ । उनका एकाङ्की, कथा, लघुकथा तथा कविताहरूले आफ्नो जीवनमा देखेका भोगेका विषयलाई प्रमुख विषयवस्तु बनाउनु र व्यक्तित्व निर्धारण गर्न उनका कृतिहरूले मह□वपूर्ण भूमिका खेलेका छन् । पारिवारिक अवस्था, साहित्यिक प्रभाव, सामाजिक परिवेश, शिक्षण क्षेत्र, साहित्यिक पेशा मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्वलाई अन्तर सम्बन्धित तुल्याउने मूलभूत पाटाहरू छन् ।

## चौथो परिच्छेद

# मनिक्रम शर्माको साहित्य यात्रा

### ४.१ परिचय

मनिक्रम शर्माको साहित्य यात्राको १४ वर्षे जीवनावधिलाई हेर्दा उनको जीवनक्रम विभिन्न परिवेशका माध्यमबाट अगाडि बढेको देखिन्छ । पारिवारिक पृष्ठभूमिले उनको मन मस्तिष्कमा उल्लेखीनय प्रभाव पारेको पाइन्छ । त्यसै कारणले शर्मा साहित्यतर्फ उन्मुख हुँदै गए देश र जनताका अन्याय अत्याचारलाई प्रत्यक्ष रूपमा देखेको अनुभव उनले आफ्ना लेख रचनाहरूमा प्रतिबिम्बित गरेका छन् । युवा उमेरदेखि नै साहित्य सिर्जनातर्फ उन्मुख भएका शर्माको युवा मस्तिष्कमा साहित्यिक बातावरणले पारेको प्रभाव उल्लेखनीय रहेको छ । विद्यार्थी अवस्थादेखि नै कविता लेख्ने र सुनाउने शर्मा २०४० सालदेखि अनवरत रूपमा साहित्य साधनामा लागेका देखिन्छन् । कविता विधाबाट साहित्यमा प्रवेश गरेका शर्मा एकाङ्की, कथा लेखक आदिका रूपमा पनि चर्चित छन् । शर्माका कृतिहरूको विवेचना गर्नुभन्दा पहिले उनको लेखन अवधिलाई अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### ४.२ चरण विभाजन

मनिक्रम शर्माको सार्वजनिक लेखनकोथालनी **दुबो** पत्रिकामा प्रकाशित *बाध्यता* मुक्तक कविताबाट भएको हो । उनका नाटक, कथा, लघुकथा आदि २०४९ सालबाट विभिन्न पत्रिकामा प्रकाशित छन् । २०४० सालमा कविता प्रकाशन गरी सार्वजनिक साहित्य यात्रादेखि आफ्नो जीवन अवधिसम्म अनवरत रूपमा सक्रिय देखिन्छन् भने जीवनको अन्तिम प्रहरसम्म आइपुग्दा उन्नतिमा नै श्रीवृद्धि भएको देखिन्छ । शर्माको सिर्जना र लेखनमा अतुलनीय प्रतिभा भएपनि जीवनयात्राको छोटो अवधिमा उनले गरेको योगदानलाई मह□वपूर्ण पक्ष मान्न सकिन्छ । उनको साहित्ययात्रामा क्रमिकता र शृङ्खलाबद्धता पाइँदैन । शुरुमा साहित्य क्षेत्रमा शिथिलता देखिए पनि पछिल्लो समयमा उनको साहित्य सिर्जना उत्कर्षमा पुगेको देखिन्छ । २०४० सालदेखि २०५४ सालसम्म जम्मा १४ वर्षको छोटो अवधिमा जे जस्ता लेखन कार्यहरू गरे तिनलाई निम्नलिखित दुई चरणमा विभाजन गर्न सकिन्छ ।

(क) पूर्वार्द्ध चरण (२०४०-२०४८) सम्म

(ख) उत्तरार्द्ध चरण (२०४९-२०५४) सम्म

**(क) पूर्वार्द्ध चरण (२०४०-२०४८) सम्म**

मनिक्रम शर्माले २०४० सालदेखि सार्वजनिक लेखनयात्राको थालनी गरेका छन् । २०४० सालमा **दुबो** पत्रिकामा *बाध्यता* शीर्षकमा मुक्तक कविता प्रकाशित भएको हो । उनी यस चरणमा सक्रिय रूपमा लागेको पाइँदैन । त्यसैले यस चरणलाई अभ्यासिक चरण पनि भन्न सकिन्छ । उनका यस चरणमा अप्रकाशित रचनाहरू पनि रहेका छन् । तर तिनको प्रकाशन हालसम्म नभई पाण्डुलिपिकै रूपमा उपलब्ध छन् । उनका प्रकाशित तथा अप्रकाशित रचनाहरू यसप्रकार रहेका छन् ।

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | बाध्यता | मुक्तक कविता | २०४० प्रकाशित |
| २. | जागीर | मुक्तक कविता | २०४२ लेखन अप्रकाशित |
| ३. | भाषण | मुक्तक कविता | २०४२ अप्रकाशित |
| ४. | बुद्ध र युद्ध | मुक्तक कविता | २०४२ अप्रकाशित |

मनिक्रम शर्माले यस चरणमा मुक्तक कविता क्षेत्रमा मात्र सक्रिय देखिन्छन् । अन्य विधामा उनको कलम अगाडि बढेको देखिँदैन । शर्मामा यी मुक्तक कविताहरूमा समसामयिक विषयवस्तुलाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । प्रजातन्त्र प्राप्ति अगाडि नेपाली जनता निरङ्कुश शासनको बाध्यतामा बाँचिरहेका थिए भने प्रजातन्त्र प्राप्तिपछि पनि राजनैतिक क्षेत्रको खिचातानीले समस्यालाई जस्ताको तस्तै राखेको तीतो यथार्थ यी कविताहरूमा उनले व्यक्त गरेका छन् । राजनैतिक तथा आर्थिक रूपमा विपन्न नेपालीहरूको यथार्थ जीवनको चित्रण गर्ने प्रवृत्ति उनका कवितामा पाइने विशेषता हुन् ।

**(ख) उत्तरार्द्ध चरण (२०४९-२०५४) सम्म**

मनिक्रम शर्माको २०४९ सालदेखि उत्तरार्द्ध चरण अगाडि बढेको देखिन्छ । यस चरणमा उनको साहित्य यात्रा उत्कर्षमा पुगेको छ । उत्तरार्द्ध चरणमा उनले कविताका साथसाथै एकाङ्की, नाटक, बालकथा, लघुकथाहरू एकैसाथ अगाडि बढाएको हुनाले यस चरणलाई उत्कर्ष चरण पनि भनिन्छ । यस चरणमा उनले कविता भन्दा नाटक र

कथालाई सशक्त रूपमा अगाडि बढाएका छन् । यस चरणमा लेखन र प्रकाशित उनका रचनाहरू यसप्रकार रहेका छन् ।

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | कुर्सी र लाग्छ | कविता | **महिमा**, वर्ष १०, अङ्क ११, २०४९ असार २२, पृ. २ । |
| २. | जाल | एकाङ्की | **गरिमा**, वर्ष ११, अङ्क १, २०४९, पौष, पृष्ठ ४० । |
| ३. | रिसाहा थर्कमान | बालकथा | **मुना**, वर्ष २, अङ्क ४, २०४९, पृ. १२-२३ |
| ४. | रमेश र सेतो परेवा | बालकथा | **मुना**, वर्ष २, अङ्क ६, २०४९, पृष्ठ १९-२१ । |
| ५. | गोपाल र गुलेली | बालकथा | **मुना**, वर्ष २, अङ्क १२, २०४९, पृ. २०-२१ |
| ६. | जवाफ | लघुकथा | **तन्नेरी**, वर्ष १५, २०४९, पृ. ६४ |
| ७. | आवरण | एकाङ्की | **गरिमा**, वर्ष ११, अङ्क ९, २०५०, भदौ, पृ. ९०-९५ |
| ८. | चुरुङ्गीका वीरहरू | बालकथा | **मुना**, वर्ष २, अङ्क ६, २०५०, पृ. १९ |
| ९. | गुफा | लघुकथा | **दायित्व**, वर्ष २, अङ्क १२, २०५०, वैशाख १९ । |
| १०. | पानी | लघुकथा | **बगर**, वर्ष १२, अङ्क ४०, २०५०, भदौ पृ. ६३ |
| ११. | एउटा अन्त्य | एकाङ्की | **गरिमा**, वर्ष १२, अङ्क ७, २०५१, असार, पृ. ८१-८९ |
| १२. | साहसी दीपक | बालकथा | **मुना**, वर्ष ४, अङ्क ६, २०५१, पृ. ७-९ |
| १३. | घोडा, कुर्सी र नाटक | एकाङ्की | **गरिमा**, वर्ष १३, अङ्क ५, २०५२, वैशाख, पृ. ९०-९५ । |
| १४. | माछाको निसाफ | बालकथा | **मुना**, वर्ष ५, अङ्क ५, २०५२, पृ. १९-२१ |
| १५. | सारनाथका यी दुई दर्शनीय स्थल | लेख | **कान्तिपुर** दैनिक । |
| १६. | अँध्यारासँग जुध्नेहरू | एकाङ्की | **गरिमा**, वर्ष १५, अङ्क ७, २०५४, असार पृ. ९३-९९ |
| १७. | चाहनाका पखेटा | बालकथा | २०५३ |
| १८. | लड्डू | लघुकथा | **सम्प्रेषण** अङ्क ९, २०५३, असार पृ. १६ । |
| १९. | अनन्त | एकाङ्की | **गरिमा**, वर्ष १४, अङ्क ६, २०५३, पौष, पृ. ७३-७६ |
| २०. | तीन लघुकथा | बालकथा | **साथी**, वर्ष १३, अङ्क ३, २०५४, असार पृ. ३४ |

| | | | |
|---|---|---|---|
| २१. | म हत्यारा होइन | लघुकथा | **सम्प्रेषण**, अङ्क ११, २०५५, भदौ, पृ. ५३ |
| २२. | हामी एउटै हौ | एकाङ्की | २०५४ लेखन, २०५५ प्रकाशन |

मनिक्रम शर्माका **म हत्यारा हैन** लघुकथा उनको मृत्युपछि २०५५ सालमा सम्प्रेषण पत्रिकामा प्रकाशित भएको हो भने **हामी एउटै हौं** एकाङ्की पनि उनको मृत्युपछि २०५७ सालमा समकालीन साहित्यले प्रकाशन गरेको हो । शर्माको उत्तरार्द्ध चरणमा दुईवटा कृतिहरू प्रकाशित भएका छन् । बालकथाहरूलाई समेटेर शर्माले **रिसाहा थर्कमान** (२०५३) कृति प्रकाशन गरेका छन् । एकाङ्कीहरू समेटिएर उनको मृत्युपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले (२०५७) मा संग्रहका रूपमा प्रकाशित गरेको छ । शर्माको उत्तरार्द्ध चरण्मा प्रकाशित संग्रहहरू यसप्रकार छन् ।

**(१) रिसाहा थर्कमान (२०५३) बालकथा**

मनिक्रम शर्माको उत्तरार्द्ध चरणमा **रिसाहा थर्कमान** (२०५३) बालकथासंग्रह प्रकाशित भएको छ । यस संग्रहभित्र सातवटा कथाहरू रहेका छन् । *रमेश र सेतो परेवा, गोपाल र गुलेली, रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू, साहसीदीपक, माछाको निसाफ, चाहनाका पखेटा,* आदि रहेका छन् । यी कथाहरू **मुना** पत्रिकामा प्रकाशित छन् भने *चाहनाका पखेटा* चाहिँ यसै संग्रहमा सर्वप्रथम प्रकाशन भएको हो । यस चरणमा पाँचवटा लघुकथाहरू पनि प्रकाशित छन् । *जवाफ, गुफा, पानी, लड्डू, तीनलघुकथा* विभिन्न पत्रपत्रिका **तन्नेरी**, **दायित्व**, **बगर**, **सम्प्रेषण** आदिमा प्रकाशित छन् । *म हत्यारा हैन* लघुकथा **सम्प्रेषण** पत्रिकामा उनको मृत्यु पछि (२०५५) मा प्रकाशित भएको हो । शर्माको उत्तरार्द्ध चरणमा कथाको पक्ष सशक्त रहेको देखिन्छ ।

उनका कथाहरू बालबालिकाहरूलई मनोरञ्जन दिने उद्देश्यले लेखिएका छन् भने त्यत्तिकै रूपमा शिक्षाप्रदान गर्ने खालका पनि छन् । नीतिकथाको झझल्को दिने यिनका कथाहरूले बालबालिकालाई सत्मार्गको अनुसरण गर्न समेत अभिप्रेरित गर्छन् । नीतिकथाको शास्वत मुद्दालाई समेट्नु नै शर्माका कथाहरूको मुख्य विशेषता हो ।

**(२) अँध्यारासँग जुध्नेहरू (२०५७) एकाङ्की**

मनिक्रम शर्माको उत्तरार्द्ध चरणमा **अँध्यारासँग जुध्नेहरू** (२०५७) एकाङ्की संग्रह उनको मृत्युपछि प्रकाशित भएको छ । उनले यस चरणमा सातवटा एकाङ्की लेखेका छन् । *जाल, आवरण, एउटा अन्त्य, घोडा कुर्सी र नाटक, अँध्यारासँग जुध्नेहरू अनन्त र हामी एउटै हौ हुन्* । यी एकाङ्की मध्ये हामी एउटै हौ बाहेक अन्य एकाङ्की

**गरिमा** पत्रिकामा प्रकाशित भएका थिए भने *हामी एउटै हौं* लाई समेटेर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले (२०५७) सालमा शर्माको मृत्यु पछि संग्रहको रूप दिएको हो ।

उनका एकाङ्कीहरू समसामयिक यथार्थमा आधारित छन् । दैनिक जीवनमा देखिएका दुःखद, त्रासद, घटना र कार्यव्यापारलाई प्रस्तुत गरिएका छन् । स्वैरकल्पना, अमूर्त र क्लिष्ट ढाँचालाई अस्वीकृत गरेर सरल तथा सहज भाषामा लेखिएका रङ्गमञ्चीय प्रयोजनका लागि उत्कृष्ट देखिन्छन् । यिनै गुणहरू नै शर्माका एकाङ्कीका विशेषता हुन् ।

## पाँचौ परिच्छेद

# मनिक्रम शर्माका कृतिहरूको विश्लेषण

### ५.१ फुटकर कविताहरूको विश्लेषण

मनिक्रम शर्माका फुटकर रूपमा कविताहरू प्रकाशित भएका छन् । प्रकाशित कविताहरू तीनवटा रेहेका छन् भने उपलब्ध हुन सकेका कविता दुईवटा मात्र देखिन्छन् । उनका अप्रकाशित रूपमा रहेका कविताहरू पनि छन् । तिनीहरूको पनि क्रमिक रूपमा विश्लेषण गरिएको छ । प्रकाशित तथा अप्रकाशित कविताहरूको कालक्रमिक विवरण यसप्रकार छ ।

| **क्र.सं.** | **शीर्षक** | **प्रकाशन स्रोत** |
|---|---|---|
| १. | बाध्यता (अनुपलब्ध) | **दुबो** वर्ष ५, अङ्क ६, २०४० जेठ, पृ. ९१ |
| २. | कुर्सी | **महिमा** वर्ष १०, अङ्क ११, २०४९ असार २२, पृ. २ |
| ३. | लाग्छ | **महिमा** वर्ष १०, अङ्क ११, २०४९ जेठ २२, पृ. २ |
| उनका अप्रकाशित कविताहरू यसप्रकार छन् : | | |
| ४. | जागिर | डा. खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त |
| ५. | भाषण | डा. खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त |
| ६. | बुद्ध र युद्ध | डा. खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त |

यी कविताहरू पाण्डुलिपिकै रूपमा अहिलेसम्म रहेका छन् । यिनीहरूको पनि विश्लेषण गरिएको छ ।

### ५.१.१ भाव वा विचार

### १. कुर्सी

प्रस्तुत *कुर्सी* कविता शर्माले समसामयिक राजनैतिक विषयलाई विषयवस्तु बनाएर लेखेका छन् । तत्कालीन निरङ्कुश शासनको अन्त्य भएपछि देशमा प्रजातन्त्र आएको तर प्रजातन्त्रमा नेताहरू बढि कुर्सीमुखी भएको यथार्थलाई प्रस्तुत गरेका छन् । देशमा प्रजातन्त्र आएर जनतालाई गाँस, बास र कपासको व्यवस्थाका साथै देशको विकास गर्न समेत नेताहरू चुकेका छन् । जस्तै :

कुर्सीमा बसेर रामेले भन्यो
अरू केही नगरेपनि म देशको विकास गर्छु ।
पछि त्यहि कुर्सीमा बसेर श्यामेले भन्यो
जनता हो तपाइहरू नआतिनुस्
विकास त भइसक्यो, अब म देशको बिकास गर्छु ।

(कुर्सी, महिला १०/११/२०४९ असार २२ पृ. २१)

कहिले देशको विकास गर्ने र कहिले देशको निकास गर्ने भन्दै नेताहरू जनतालाई ढाँटिरहेका हुन्छन् । कविले वार्तालापीय शैलीमा देश विकास जस्तो मह□वपूर्ण पक्षलाई हल्का गफका रूपमा लिने गरेको कथ्यलाई व्याङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गरेका छन् ।[१०]

नेताहरू कुर्सीको खेलमा परेर देशको विकास नगरी करौडौं सम्पत्ति कमाइरहेका छन् भन्ने भाव वा विचार कुर्सी कविताले दिएको छ ।

### २. लाग्छ

शमाको *लाग्छ* मुक्तक कवितामा महङ्गीको यथार्थलाई प्रमुख विषय बनाइएको छ । महङ्गीले जनतालाई बजारमा लप्सीसम्म छुन नसक्ने अवस्था हुञ्जेलसम्म नेताहरू जनतालाई भाषणमात्र सुनाइहेका छन् । नेताहरूको भाषणले गर्दा जनतामा निराश उत्पन्न भएको छ । जस्तै :

महँगी झन् झन् बढेको देखेर
बजारमा लप्सी छुन डर लाग्छ
नेताजीको फर्सीको जत्रो भाषण सुनेर ए हजुर
मलाई हातमा बन्दुक खेलाउन मन लाग्छ ।

(लाग्छ, महिमा १०/११/२०४९ असार २२, पृ. २)

देशमा दिनदिनै महङ्गीले आकाश छोएको छ तर जनताको आम्दानीको स्रोत बढेको छैन । जनताहरू महँगीबाट पिल्सिरहेका र नेताहरूचाहिँ अनावश्यक भाषण छाँटेर हिँडिरहेको वर्तमान युगीन कटुसत्यलाई प्रस्तुत गर्दै यस्ता दुष्प्रवृत्तिका विरुद्धमा आन्दोलन गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।[११]

---

[१०] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाल समालोचना**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७), पृ. ३८ ।
[११] ऐजन ।

जनता महङ्गीले पिल्सिएकाछन् भने प्रजातन्त्र आएपछि पनि केही राहतको महसुस नभएपछि नेताहरूलाई बन्दुक देखाउन खोजेका देखिन्छन् भन्ने भाव वा विचार यस कवितामा व्यक्त गरिएको छ ।

### ३. जागिर

*जागिर* कवितामा शर्माले बेरोजगारी युवावर्गहरूको यथार्थजीवनलाई चित्रण गरेका छन् । वी.कम. पास गरेर अथवा एम.ए. पास गरेर बेरोजगार बनेका युवाहरू जागिरको आशमा वर्षौं भौतारिँदा भौतारिँदा जागिर खान नसकी उनीहरू जिउँदो लासजस्तै भएका छन् भन्ने अभिव्यक्ति कविले दिएका छन् ।

देशमा बढेको शिक्षित बेरोजगार र सरकारले बेरोजगारप्रति गरेको व्यवस्था र रोजगारीको पूर्ण ग्यारेन्टि दिन नसक्नु युवावर्गहरूको चुनौती बनेको छ भन्ने भाव वा विचार व्यक्त गरिएको छ ।

### ४. भाषण

*भाषण* कवितामा शर्माले राजनैतिकप्रति नै व्यङ्ग्य गरेका छन् । नेताहरूले विभिन्न बहानामा भाषण गर्ने गर्छन । उनीहरू भाषणका क्रममा जनतालाई कसरी ढाँट्न सकिन्छ भन्ने विचार हुन्छन् भने भित्री आशय उनीहरूको पैसा कमाउने लक्ष्य देखिन्छ । त्यसैले भाषण गर्ने क्रममा यस कवितामा नेताले 'म' सत्तामा पुगेर नोट कमाउँछु भन्ने सम्मको कुरा आफ्नो मुखबाट निस्कँदा पनि नेताहरू भाषणमा नै तल्लीन देखिन्छन् भन्ने भाव वा विचार यसमा दिएका छन् ।

### ५. बुद्ध र युद्ध

यस कवितामा शर्माले धर्म र युद्धलाई एक आपसमा दाँजेका छन् । सोझा सिधा व्यक्तिहरूका मनमा जहिले पनि बुद्ध भेटिने तर फटाहरू वा आफैंबाट छानिएर गएका स्वार्थीहरूका मनमा बुद्ध हैन जहिले पनि भित्री रूपमा युद्ध नै रुमलिएको हुन्छ भन्दै कविले कलात्मक तरिकाबाट आफ्नो भाव वा विचार व्यक्त गरेका छन् । सोझा सिधाले युद्ध गर्न नसक्ने तर फटाहा व्यक्तिहरू जहिले पनि युद्धकै पक्षमा रहेका हुन्छन् भन्ने युगीन यथार्थलाई शर्माले कवितात्मक अभिव्यक्तिबाट व्यक्त गरेका छन् ।

### ५.१.२ सहभागी

*कुर्सी* कवितामा मुख्य सहभागीका रूपमा नेता, राम, श्याम जस्ता पात्रहरूको चयन गरिएको छ । उनको कुर्सी कवितामा राम र श्यामको संवादबाट देशको समसामयिक राजनैतिक विषयवस्तुको व्यङ्ग्य गरिएको छ । राम र श्यामले कुर्सीमा बसेर कुर्सीकै दुरूपयोग गरेका छन् र देश विकासमा उनीहरू लागेका देखिँदैन ।

*लाग्छ* कवितामा प्रत्यक्ष रूपमा नेताको चयन गरिएको छ । नेताले जनताका जल्दाबल्दा समस्यालाई समाधान नगरी भाषण मात्र गरेको तत्कालीन प्रजातन्त्र आएपछिको पखेटाको प्रतिनिधित्व गरेका छन् । नेताहरू भाषणमात्र गर्न तल्लीन देखिएका छन् र कवितामा नेताहरूको प्रत्यक्ष सहभागी रहेको छ ।

'जागिर' मुक्तक कवितामा मुख्य सहभागीका रूपमा हर्के विर्खे आएका छन् । उनीहरूको प्रत्यक्ष सहभागी रहेको यस कवितामा बी.कम र एम.ए. पास गरेर पनि जागिर खान नसकेको अभिव्यक्ति यी सहभागी पात्रहरूले गरेका छन् ।

*भाषण* कवितामा मुख्य सहभागीका रूपमा नेता आएको छ । नेताहरू भाषण गर्न बढि सिपालु हुन्छन् । यहाँ पनि भाषण गर्दै आफ्नो स्वार्थ पूर्ति गर्न सक्नेजस्तो अभिव्यक्ति दिन नेताहरू पछि परेका देखिँदैन ।

*बुद्ध र युद्ध* कवितामा स्वयम् कवि नै आएका छन् । उनले आफ्नो अभिव्यक्ति हामी भनेर अप्रत्यक्ष रूपमा सहभागी जनाएका छन् ।

### ५.१.३ परिवेश

*कुर्सी* कवितामा तत्कालीन राजनैतिक परिवेशलाई समेटिएको छ । यस कवितामा स्थानका रूपमा कुर्सी र देश आएका छन् भने स्थानले नेपाल देशलाई नै जनाएको छ । प्रजातन्त्र प्राप्ति भएर जब देशमा बहुदलको शासन चल्यो त्यो बेलाको समयलाई विशेष समय बनाइएको छ भने देश विकासमा तीव्रता आउनु पर्ने आएन भने देश विकास गर्ने व्यक्तिहरू कुर्सीको खेलमा मात्र लागेको अवस्थालाई यहाँ परिवेशका रूपमा चित्रण गरिएको छ ।

*लाग्छ* कवितामा पनि राजनैतिक आर्थिक विषयलाई परिवेशका रूपमा समेटिएको छ । महँगी बढेको बजार, बन्दुक आदि परिवेशका रूपमा देखिन्छन् भने महँगीले अस्तव्यस्त बनेको बजार मूल्य स्थानका रूपमा आएका छन् । राजनैतिक रूपमा निरङ्कुश शासन समाप्त भएपनि आर्थिक रूपमा उन्नति गर्न सकेको देखिँदैन । राजनीतिमा भखरैमात्र पाइला टेकेको नेपालको २०४८, २०४९ को अवधिलाई विशेष

समय बनाइएको छ । त्यसबेला नेताहरूको भाषण मात्र गर्ने प्रवृत्तिलाई मुख्य समय बनाइएको छ ।

*जागिर* कवितामा निश्चित स्थानको किटान नगरिए पनि नेताहरूले भाषण गर्ने ठाउँहरू तथा उनीहरूले चलाइरहेको सत्ता मुख्य रूपमा आएका छन् । समयले राजनैतिक अस्थिरता बढिरहेको देशको जल्दो बल्दो समयलाई लिइएको छ ।

*बुद्ध र युद्ध* कवितामा पनि मुख्य रूपमा देशलाई नै मुख्य परिवेश बनाइएको छ ।

### ५.१.४ उद्देश्य

*कुर्सी* कवितामा प्रमुख राजनैतिक रूपमा देखिएको विकृति विसङ्गतिलाई आम जनताका सामु जस्ताको तस्तै ल्याउनु यस कविताको उद्देश्य देखिन्छ । देशको विकास गर्छु भनेर कुर्सीमा पुग्ने नेताहरूको प्रवृत्ति र कुर्सीमा पुगेर देशको विकास नगरी जनतालाई ढाट्ने गर्छन् भन्ने यथार्थ देखाउनु यस कविताको उद्देश्य देखिन्छ ।

*लाग्छ* कवितामा आर्थिक, राजनैतिक विषयमा देखिएको समस्या र जनता महँगीमा परिरहेको र नेताहरूले भाषणमात्र सुनाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेताहरूले भाषण मात्र गरेर जनतालाई बन्दुक समाउन सम्म जनता पछि पर्दैनन् भन्ने उद्देश्य यस कविताले दिएको छ ।

*जागिर, भाषण, बुद्ध र युद्ध* जस्ता मुक्तक कवितामा जागिर खान नसकेर जिउँदो लास बनिरहेका देशको विग्रदो आर्थिक तथा राजनैतिक स्थिति र भाषणमा मात्र सीमित बढ्ने राजनैतिक नेतृत्व र सोझासीधालाई बुद्धत्व र फटाहालाई युद्धमान पर्ने यथार्थ देखाउनु यी कविताको उद्देश्य देखिन्छ ।

### ५.१.५ दृष्टिविन्दु

*कुर्सी* शीर्षक कवितामा कविले राम र श्यामको संवादबाट आफ्नो विचार प्रस्तुत गरेका हुनाले यहाँ तृतीय पुरुष विन्दु आएको छ । कुर्सीमा मात्र बसेर जनता र देशको विकास नगरेका र जनतालाई जहिलेपनि ढाट्नेहरूले कुर्सीको मात्र मोह देखाएका छन् भन्ने विचार व्यक्त गरेका छन् ।

*लाग्छ* शीर्षक कवितामा समख्याताका रूपमा स्वयम् कवि आएको हुनाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कविले महँगीको मारमा जनता चपेटामा पर्दा पनि नेताहरू भाषणमा मात्र तल्लीन हुन्छन् भन्ने विचार व्यक्त गरेका छन् ।

*जागिर, भाषण, बुद्ध र युद्ध* कवितामा हर्के, विर्खे, नेता आदिको प्रत्यक्ष सहभागी भएको देखिन्छ भने यी कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । समख्यताका रूपमा उनीहरू नै आएका छन् भन्ने देशको स्थितिप्रति चिन्तित विचार व्यक्त गरिएको छ ।

### ५.१.६ भाषाशैलीयविन्यास

*कुर्सी* शीर्षक कवितामा सरल, सहज, भाषाशैलीको प्रयोग गरिएको छ । सामान्य पाठकले समेत बुझ्न सक्ने गरी भाषाशैलीको प्रयोग गरिएको छ । यस कवितामा अनेक समध्वन्यात्मक शब्द संयोजित वाक्यढाँचा गद्य कवितात्मक अर्न्तलयको सिर्जना गरिएको छ ।[१२]

यी कविताहरूमा प्रायः तत्सम शब्द जस्तैः नेता, जनता, विकास त्यस्तै आगन्तुक शब्द जस्तै कुर्सीको प्रयोग गरिएको छ ।

*लाग्छ* शीर्षक कवितामा महँगी, लप्सी, बन्दुक जस्ता आगन्तुक तथा झर्रा शब्दको प्रयोग गरिएको छ । कवितामा झनझन जस्तो शब्दले मिठास थप्नेकाम गरेको छ । प्राञ्जाल भाषाशैलीमा रचित मुक्तकधर्मी यस गद्य कवितामा विजोडी/बिजोडी र जोडी जोडी हरफहरू सहजतापूर्वक गरिएको अनुप्रासिक संयोजनबाट लयोत्पादन भएको छ ।[१३]

गद्यमा नै लेखिएका दुवै कवितामा कर्ता, कर्म र क्रियाको विवेचना नभइकन क्रमिक रूपमा आएका छन् । कविता अनुसारकै शीर्षक सार्थक देखिन्छ ।

*जागिर* भाषण, बुद्ध र युद्ध कवितामा पनि सरल, सहज र स्वभाविक भाषाशैलीयविन्यासको प्रयोग गरिएको छ । सम्पूर्ण कविताहरू गद्यकवितात्मक अर्न्तलयको सिर्जना गरिएको छ । हर्के र बिर्खे जस्तो बोलीचालीको भाषा र बी.कम., एम.ए. जस्तो आगन्तुक शब्दको प्रयोग र प्याच्च जस्तो अनुकरणात्मक शब्दको प्रयोग

---

[१२] ऐजन, पृष्ठ ३९ ।

[१३] ऐजन, पृष्ठ ३८ ।

गरिएको छ । पहिलो वाक्य र अन्तिम वाक्यमा अन्त्यानुप्रासको पनि प्रयोग गरिएको छ । कविता अनुसारकै शीर्षक सार्थक देखिन्छ ।

निष्कर्षमा उनका कविता समसामयिक युगबोधलाई स्पष्ट रूपमा प्रस्तुत गरिएका छन् । समसामयिक युगमा व्याप्त विसङ्गति-विकृति र अस्तव्यस्ततापृति व्यङ्ग्य प्रहार, राष्ट्रप्रेम र देशभक्तिको भावभिव्यक्ति, क्रान्तिकारी आशावादी स्वरको अभिव्यञ्जना गर्ने युवाकवि मनिक्रम शर्मा सरल, शब्द र वाक्यात्मक ढाँचामा अर्न्तलयात्मक मुक्तकधर्मी गद्यकविता सिर्जना गर्न सिपालु देखिन्छ ।[१४]

विशेष गरी विपन्न नेपालीहरूले भोगिरहेको यथार्थ जीवनको चित्रण पाइनुका साथै स्वार्थी नेताहरूको चरित्रलाई नाङ्गो पार्ने काम गरिएको छ ।

## ५.२ रिसाहा थर्कमान कथासंग्रहका कथाहरूको विश्लेषण

वि.सं. २०५३ सालमा साझा प्रकाशनबाट **रिसाहा थर्कमान** कथाकार मनिक्रम शर्माद्वारा लिखित कथा संग्रह हो । यस संग्रहमा सातवटा कथाहरू समावेश गरिएका छन् । यस संग्रहको पाँचौ संस्करण सम्म प्रकाशित भइसकेको छ । **रिसाहा थर्कमान** कथासंग्रह भित्रका कथाहरूको स्रोत विवरण यस प्रकार छ ।

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १. | रमेश र सेतो परेवा | **मुना** वर्ष २, अङ्क ६, २०४९, पृ. १९-२१ । |
| २. | गोपाल र गुलेली | **मुना** वर्ष २, अङ्क १२, २०४९, पृ. २०-२१ । |
| ३. | रिसाहा थर्कमान | **मुना** वर्ष २, अङ्क ४, २०४९, पृ. १२-२३ । |
| ४. | चुरुङ्गीका वीरहरू | **मुना** वर्ष २, अङ्क ६, २०५०, पृ. १९-२० । |
| ५. | साहसी दीपक | **मुना** वर्ष ४, अङ्क ६, २०५१, पृ. ७-९ |
| ६. | माछाको निसाफ | **मुना** वर्ष ५, अङ्क ५, २०५२, पृ. १९-२१ |
| ७. | चाहनाको पखेटा | (सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित) |

यस संग्रहहरू सङ्कलित प्रत्येक कथाको विश्लेषण तल गरिन्छ :

### ५.२.१ माछाको निसाफ कथाको विश्लेषण

[१४] ऐजन, पृष्ठ ३९ ।

### ५.२.१.१ कथावस्तु

माछाको निसाफ कथा **रिसाहा थर्कमान** कथासंग्रह भित्रको पहिलो कथा हो । यस कथामा मूलपानी र गहिरेपानी नाम गरेका दुईवटा इलाका रहेका हुन्छन् । ती इलाकामा लालसिंह र कालुसिंह नाम गरेका दुईवटा माछाले प्रशासन चलाउने गर्छन् । उनीहरूका बीचमा सधै त ठूलो कि म ठूलो भन्ने विषयमा विवाद परिरहन्छ । सधैंको विवादले ठूलो रूप लिएपछि एकदिन उनीहरू न्यायधीश माछा कहाँ न्याय माग्न पुग्छन् । न्यायधीश माछा सेतो र बूढो हुन्छ भने मूलपानी र गहिरेपानी दुई इलाका नफुट्दैको न्यायधीश बनेको हुन्छ । कालुसिंह र लालसिंहको सधै विवाद देखेर न्यायधीश माछा पनि दिक्क बनेको हुन्छ । उनीहरूको विवादलाई साम्यपार्न उसले आफू जस्तै सेतो  भएर भोलि १० बजे भित्र आउन आदेश दिन्छ । न्यायधीश माछाको कुरा सुनेर दुवै माछा त्यहाँबाट जान्छन् । सेतो कसरी बन्ने भन्ने विषयममा अन्योल पर्छ र भोलि बिहानसम्म जुक्ति निकाल्न नसकेपछि उनीहरू मूलपानी र गहिरेपानी बीचमा रहेको चिप्लेढुङ्गामा गएर आफ्नो जीउ घोट्न थाल्छन् । जीउ घोट्दाघोट्दा रगतका धारा बगेर ठूलो घाउ भएपनि सेता भने बन्दैनन् । दुःखी मन लिएर फेरी न्यायधीश माछा कहाँ जान्छन् । सेता नबनी आएको देखेर न्यायधीश माछा तिनीहरूको फैसला गर्न थाल्छ । सबैको एउटै रङ्ग हुँदैन कोही सेता, कोही काला, कोही राता आदि हुन्छन् तर कसैले पनि आफ्नो रङ्ग बदल्न सक्दैन । ठूलो र महान बन्नका लागि आफ्नो इलाका र आफ्नो वर्गको लागि विकास गर्नुपर्छ भनेर न्यायधीश माछाले आफ्नो निर्णय सुनाउँछ । न्यायधीश माछाको यस्तो निर्णय सुनेपछि दुवै माछा लाजले टाउको निहुराउँछन् । अबदेखि कहिले पनि विवाद नगर्ने बाचा गर्छन् र कथावस्तु पनि यही अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथावस्तु आदि, मध्य, अन्त्यको क्रममा अगाडि बढेको देखिन्छ । कालुसिंह र लालसिंह माछाबीचको विवादबाट सुरु भएको कथा उनीहरू न्यायधीश माछा कहाँ न्याय माग्न गएसम्मको भाग नै आदि भाग हो । न्यायधीश माछाले आफूजस्तै सेतो बनेर आउन आग्रह गर्छ । उनीहरू त्यहाँबाट जान्छन् भने विभिन्न जुक्ति गरेर सेतो बन्न खोज्छन्, तर बन्दैनन् । चिप्लेढुङ्गामा घोटिन्छन् तर सेता नबनी दुःखी बनेर पुःन न्यायधीश माछाकहाँ आउँछन् त्यो नै मध्य भाग हो । न्यायधीश माछाले उनीहरूलाई ठूलो बन्न ठूलो काम गर्नुपर्छ भन्ने सल्लाह दिन्छ ।

उनीहरूबीच झगडा नगर्ने बाचा गर्छन र दुवैको मेल हुन्छ त्यो नै अन्त्य भाग हो । प्रमुख सहभागी, घटनामध्ये दुवैको परिचयका साथ सम्भावित समस्या र परिस्थितिलाई सङ्कटवस्था पार गर्दै समापनको विन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता पाइन्छ । कथावस्तु सुरुदेखि रैखिक ढाँचामा अगाढि बढेको हुनाले कथावस्तुमा क्रमिकता रहेको छ । कथावस्तु सुःखान्त बनेको देखिन्छ ।

समग्रमा यसको कथावस्तुले माछालाई पात्र बनाएर घमण्डको परिणतिलाई देखाइएको छ । मानिस मानिसबीचमा विभिन्न घमण्ड हुन्छन् । देश र जनताको लागि केही काम नगरि ठूलो बन्ने होडबाजी देखिन्छ तर त्यसले ठूलो बनाउँदैन । महान र ठूलो बन्न ठूलै र महान काम गरेर देश र जनतालाई प्रदान गर्न सक्नुपर्छ भन्ने भाव यस कथावस्तुले दिन खोजेको छ ।

### ५.२.१.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा मानवेत्तर प्राणीहरू- लालसिंह माछा, कालुसिंह माछा र न्यायधीश माछा रहेका छन् । कालुसिंह माछा र लालसिंह माछाबीच तँ ठूलो कि म ठूलो भन्ने विषयमा विवाद परिरहन्छ । कालुसिंह माछा सबैभन्दा आफूलाई ठूलो हुँ भन्ने दाबी गर्छ भने लालसिंह माछा पनि आफूलाई त्यस्तै दाबी गर्छ । आफ्नो इलाका र आफ्नो वर्गको लागि केही काम नगरि ठूलो हुँ भन्ने घमण्ड उनीहरूमा देखिन्छ । न्यायधीश माछा मूलपानी र गहिरेपानी दुई इलाका नफुट्दै न्यायधीस बनेको थियो । कालुसिंह माछा र लालसिंह माछा भन्दा भिन्नै सेतो र अलि बूढो खालको थियो । सधैँ न्याय क्षेत्रका विषयहरू अध्ययन गर्ने गर्थ्यो । कालुसिंह माछा र लालसिंह माछाबीच सधैको विवाद उसैले हेर्ने गर्थ्यो । ठूलो बन्न ठूलै काम गर्नुपर्छ र महान कार्यले नै महान र ठूलो बनाउँछ भन्ने सल्लाह दिएपछि उनीहरू आपसी मेलमिलाप गर्ने बाचा गर्छन् । मानवीकृत रूपमा हेर्दा मानिसमा पनि देश र जनताका लागि केही नगरि ठूलो बन्ने घमण्ड हुन्छ भनेर यी सहभागी पात्रहरूले देखाउन खोजेको पाइन्छ ।

### ५.२.१.३ परिवेश

मानवीकृत रूपमा आएका माछाहरूको इलाका मूलपानी, गहिरेपानी, चिप्लेढुङ्गा आदि मुख्य ठाउँहरू स्थानका रूपमा देखिन्छन् । मेची नदी भित्रका यी ठाउँहरूलाई कथामा स्थानका रूपमा प्रयोग गरिएको छ । दुई दिनसम्मको समयलाई लिएर

कथावस्तुको आयोजना गरिएको छ । जनता र देशका लागि केही नगरि आफू ठूलो बन्ने मानिसहरूको अहिलेको यथार्थको समयलाई  मुख्य परिवेश बनाइएको छ । माछाहहरू बीचको घमण्ड र विवादले दुःखद अवस्थाको चित्रण गरेपनि अन्तिममा मेल मिलापमा बस्न उनीहरूले गरेको इच्छा र सहमतिले वातावरणलाई सुखद बनाएको छ ।

### ५.२.१.४ उद्देश्य

प्रस्तुत कथामा तीनवटा माछाहरूको मानवीकृत रूपमा सहभागी गराएर देश र जनताका लागि उत्तरदायी बनेर काम गर्नुपर्छ भन्ने नीतिशिक्षा र उपदेश दिन खोजिएको छ । हामीलाई प्रकृतिले दिएको रङ्गबदल्न सक्ने हिम्मत छैन र रङ्गमात्र बदलेर ठूलो तथा महान बन्न सकिदैन । यस कथामा माछालाई पात्र बनाएर घमण्डको परिणतिलाई रोचक ढङ्गमा देखाइएको छ ।[१५]

महान बन्नका लागि राम्रो काम गरेर आफ्नो नाम र कीर्ति चारैतिर फैलाउनु पर्छ अनिमात्र ठूलो होइन्छ । सधै त ठूलो कि म ठूलो भन्दै घमण्ड गरेर ठूलो होइदैन बरु सानो मात्र होइन्छ भन्ने उद्देश्य यस कथामा दिइएको छ । बालकहरूका लागि लेखिए पनि सम्पूर्ण नेपाली समाज युवा र प्रौढ पुस्ताका लागि त्यत्तिकै उपदेशमूलक रहेको छ ।

### ५.२.१.५ दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूको समख्यानात्मक रूपमा सहभागी भएर कथा अगाडि बढेकोले यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । अन्य पात्रहरूको सहभागी गराएर देश र जनताका लागि राम्रो काम गरेर मात्र महान र ठूलो बन्न सकिन्छ भन्ने विचार यस कथामा प्रस्तुत गरिएको छ ।

### ५.२.१.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल एवं सहज र स्वभाविक छ । यसमा प्रयुक्त सरल शब्द तथा छोटोछोटा वाक्य गहनले भाषा सरल हुन पुगेको छ । त, कि, नै जस्ता निपात र बुरुक्क जस्तो अनुकरणात्मक शब्दले कथालाई मिठास बनाएको

---

[१५] लीला, लुइटेल, **कान्तिपुर**, २०५४, जेठ १५ ।

छ । समख्यानात्मक भाषाशैलीयविन्यासले कथालाई रोचक प्रभावकारी र मनोरञ्जन प्रधान बनाएको छ ।

निष्कर्षमा यस कथामा प्रशस्त मनोरञ्जन दिई ठूलो र महान बन्नका लागि देश र जनताका लागि ठूलै काम गर्नुपर्छ नत्र घमण्ड गरेर मात्र ठूलो होइँदैन भन्ने मुख्य सन्देश यस कथाले दिन खोजेको छ ।

### ५.२.२ रिसाह थर्कमान कथाको विश्लेषण

#### ५.२.२.१ कथावस्तु

*रिसाका थर्कमान* यसै संग्रहको दोस्रो कथा हो । यसको शीर्षक रिसाहा थर्कमान संग्रहकै नाममा राखिएको छ । यस कथामा एउटा सुन्दर बन रहेको हुन्छ । त्यहाँ थर्कमान नाम गरेको सिहं राजाका रूपमा शासन चलाइरहेको हुन्छ । उसको झट्टै रिसाउने बानीले अन्य जनावरलाई पनि जाइलाग्ने र प्राण लिने गर्दछ । रिसको झोकमा च्यान्टे नाम गरेको हरिणको पाठोलाई मारिदिन्छ भने च्यान्टे मरेदेखि उसलाई पनि नरमाइलो लाग्छ । आफ्नो रिसाउने बानीदेखि दुखित बनेको थर्कमान कसरी यस्तो बानी हटाउने भन्ने सोचाईमा परिरहन्छ । थर्कमान चिन्तित बनेको देखेपछि मन्त्री विछट्टबहादुर आएर चिन्तित बन्नको कारण पत्ता लगाउँछ । नङ्ग्रा र दाह्रा दुवैमा रिस भएकोले रिसाउने बानी बसेको हो भन्ने सल्लाह दिन्छ । मन्त्री विछट्टबहादुरको यस्तो कुरा सुनेर राजा थर्कमानले भोलिदेखि आफ्नो रिसाउने बानी त्याग्ने र सबैलाई गुफा अगाडि जम्मा हुन आग्रह गर्छ । भोलिपल्ट सबै गुफा अगाडि जम्मा हुन्छन् र मन्त्री विछट्टबहादुरलाई डोरी ल्याउन आग्रह गर्छ । डोरी ल्याएपछि थर्कमान आफूलाई बाध्न लगाएर नङ्ग्रा र दाह्रा सबै झिक्न लगाउँछ । थर्कमानका मुख र नङ्ग्राबाट रगतका धारा बग्न थाल्छन् । तर पनि थर्कमान सहेर बसिरहन्छन् । अब सुन्दर वनमा सुखशान्ति फैलिन्छ भनेर मनमनै खुशी हुन्छ । थर्कमानका हातखुट्टाका डोरी फुकाएपछि सबैले उसलाई थोतेबुढा भनेर जिस्काउँछन् । त्यत्रो बलिदान दिएकोमा धन्यवाद दिनुको सट्टा अरूले खिल्ली उडाएकोमा थर्कमान रिसले आगो हुन्छ । सबलाई आक्रमण गर्छ तर नङ्ग्रा र दाह्रा नभएको थर्कमान देखि कोही डराउँदैनन ऊ भूइमा डङ्ग्रङ्ग पछारिन्छ । विछट्टबहादुर र अन्यले हिर्काउन थाल्छन् । थर्कमान पुच्छर लुकाएर टाउको निहुँराउँछ ।। यसैमा कथावस्तुको अन्त्य हुन्छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा अगाडि बढेको छ । थर्कमान नाम गरेको बनको राजा सिंहले च्यान्टे नामको हरिणलाई मारेर चिन्तित बनेदेखि आफ्ना नङ्ग्रा र दाह्रा नै रिसको कारण हुन भन्ने मन्त्री विछट्टबहादुरको सल्लाह सम्मको भागनै आदि भाग हो । थर्कमानले सम्पूर्ण जनावरलाई गुफाअगाडि बोलाउनु, डोरी लगाएर, आफूलाई बाध्न लगाउनु, नङ्ग्रा र दाह्रा सबै झिक्न लगाउनु, जङ्गलमा सुख शान्ति हुन्छ भनेर आशा गर्नु नै मध्य भाग हो । थर्कमानलाई डोरीले

फुकाएपछि थोकेबुढा भनेर जिस्काउन, थर्कमान झम्टनु तर कोही नभागी उल्टै उनीहरूले कुट्नु, थर्कमान टाउको लुकाएर निहुरिनु नै अन्त्य भाग हो । प्रमुख सहभागी घटना, त्यसको समस्या र परिस्थितिलाई सङ्कटावस्था पार गर्दै समापनको विन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ । रैखिक ढाँचामा कथा अगाडि बढेकाले क्रमिकता रहेको छ भन्न सकिन्छ ।

समग्रमा यसको कथावस्तुले के देखाउँछ भने आफ्नो शक्ति हुन्जेल अरूलाई सजिलै आफ्नो नियन्त्रणमा लिन सकिन्छ तर आफ्नो शक्ति नहुँदा साना भन्दा सानाहरूले पनि हेप्न सक्छन् भन्ने मूलभाव यस कथावस्तुमा रहेको छ । शक्तिमा हुँदाको घमण्ड र शक्ति विहिन अवस्थामा साना जनावरहरूबाट पनि कुटिनु परेको सिंहको यथार्थ यस कथावस्तुको मुख्य भाव हो ।

### ५.२.२.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा मानवेत्तर प्राणीहरू थर्कमान सिंह, विछट्टबहादुर स्याल च्यान्टे हरिण रहेका छन् । राजा थर्कमान सिंहले बनमा रहेका सबै प्राणीहरूलाई आफ्नो नियन्त्रणमा राखेको हुन्छ । साह्रै रिसको पोको बनेको सिंहले अरू भन्दा साना सबैलाई जाइलाग्ने र प्राण नै लिने सम्मको काम पनि गरेको हुन्छ । च्यान्टे हरिणलाई मारेदेखि ऊ पनि चिन्तित देखिन्छ । आफ्ना नङ्ग्रा र दाह्राले शक्ति सम्पन्न बनेको थर्कमान नङ्ग्रा र दाह्रा झिकिएपछि निरीह सावित हुन्छ । कसैले पनि उसले भनेको टेर्दैनन् बरु उल्टै कुटाई खान्छ । मन्त्री विछट्टबहादुर चलाख देखिन्छ । नङ्ग्रा र दाह्राले शक्ति सम्पन्न बनेको थर्कमानलाई ती नङ्ग्रा र दाह्रा झिक्न सल्लाह दिन्छ । नङ्ग्रा र दाह्रा झिकिएपछि शक्तिविहिन अवस्थामा पुगेको थर्कमानलाई अन्य जनावर बोलाएर कुट्न लगाउँछ र आफू शक्तिसम्पन्न भएको महसुस गर्छ । मानवीकृत रूपमा मानिस शक्तिमा हुँदा गर्ने घमण्ड र शक्तिविहिन अवस्थामा सबैसँग निहुँरहनु पर्ने अवस्था र सानाले पनि नटेर्ने अवस्थालाई यी सहभागी पात्रहरूले देखाउन खोजेको देखिन्छ ।

समग्रमा मानवेत्तर पात्रहरूको सहभागीका आधारमा कथा अगाडि बढेको हुनाले उनीहरूको सहभागी रोचक बनेको देखिन्छ । मानवीय क्रिया र प्रवृत्तिलाई मानवेत्तर पात्रका आधारबाट सहजतापूर्वक प्रस्तुत गरिएको छ ।

**५.२.२.३ परिवेश**

प्रस्तुत कथामा मानवीकृत रूपमा आएका थर्कमान सिंह, विछट्टबहादर स्याल, च्यान्टे हरिण आदि जनावरहरूको बस्ने ठाउँमा, वन गुफा आदि स्थानका रूपमा आएका छन् । तत्कालीन निरङ्कुशताको समयलाई शक्तिवानका रूपमा र निरङ्कुशताको समाप्ति शक्तिविहिनको अवस्थालाई मुख्य परिवेशका रूपमा समेटिएको छ । निरङ्कुशता रहेको बेलामा शक्तिमा बसेकाहरूले अरूहरूलाई बढी दुःख दिएका तर निरङ्कुशताको समाप्ति र जनताको जीत भएपछि उनीहरू टाउको निहुराएर हिँड्न परेको अवस्थालाई यस कथाले परिवेश बनाएको छ । शक्तिमा रहँदा अरूलाई दुःख दिएर दुःखद वातावरणको सिर्जना भएपनि अन्तिममा शक्तिविहिनहरूको विजयले कथामा सुखद वातावरणको सिर्जना गरेको छ भन्न सकिन्छ ।

समग्रमा परिवेशले वर्तमान नेपाली समाजको स्थिति र यथार्थलाई जनाएको छ ।

**५.२.२.४ उद्देश्य**

प्रस्तुत कथामा जनावरहरूको मानवीकृत गराएर मानिसहरूको बीचमा रहेको शक्तिको घमण्डलाई प्रस्तुत गरिएको छ। आफ्नो शक्ति हुन्जेल मानिसले कसैसँग पनि नझुक्ने र शक्तिविहीन बनेपछि अरू समक्ष निहुरिनु पर्ने अवस्थालाई देखाइएको छ । थर्कमान जस्तो सिंहलाई पनि नङ्ग्रा र दाह्रा झिकेपछि साना साना जनावरले उसलाई कुटेर टाउको निहुराउन बाध्य बनाएका छन् । रिसाहा थर्कमानमा हातमा शक्ति हुँदा र नहुँदाको परिस्थितिलाई थर्कमान नामक सिंहको माध्यमबाट अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।[१६] सम्पूर्ण नेपाली समाज र यहाँको परिवेश समेटिएको यस कथाले शक्तिमा छु भन्दैमा घमण्ड देखायो भने कुनै दिन शक्ति नभएकाले पनि शिर झुकाउन बाध्य तुल्याउने छन् भन्ने नीतिशिक्षा दिन खोजेको देखिन्छ ।

**५.२.२.५ दृष्टिविन्दु**

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूको समख्यानात्मक सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । थर्कमान सिंह, विछट्टबहादुर स्याल, आदिका माध्यमबाट शक्तिमा हुञ्जेल बढी घमण्ड

[१६] ऐजन ।

गर्ने र शक्तिविहिन बनेपछि सबैका सामु टाउको निहुराउने प्रवृत्ति मानिसहरूमा हुन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ५.२.२.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल, सहज र स्वभाविक रहेको छ । सरल शब्द तथा छोटा छोटा वाक्य गठनले भाषा सरल बनेको छ । चिटिक्क, पुलुक्क जस्ता अनुकरणात्मक शब्द र नि, नै, पो, त जस्ता निपातको प्रयोगले कथामा मिठास थपेको छ । समख्यानात्मक शैलीले कथालाई रोचक प्रभावकारी र मनोरञ्जनयुक्त बनाएको छ ।

समग्रमा सरल तथा स्वभाविक भाषाशैलीयविन्यासले कथालाई मनोरञ्जन बनाउन सफल भएको छ ।

निष्कर्षमा भन्नुपर्दा *रिसाहा थर्कमान* कथामा जनावरहरूको मानवीकृत गराएर प्रशस्त मनोरञ्जन दिएको छ । आफ्नो शक्तिको घमण्ड गर्नेहरूलाई र शक्तिविहिन हुँदाको परिस्थितिलाई थर्कमान नामक सिहंको माध्यमबाट अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

## ५.२.३ चुरुङ्गीका वीरहरू कथाको विश्लेषण

### ५.२.३.१ कथावस्तु

*चुरुङ्गीका वीरहरू* **रिसाहा थर्कमान** कथासंग्रह भित्रको तेस्रो कथा हो । यस कथाको कथावस्तुमा चुरुङ्गी नाम गरेको जङ्गलमा कालुकाग, चाउरेचिल, सुकेसुगा, मानेमैना, भेरुभँगेरा, बिर्खेबटाई, पातले परेवा र मुस्ले मयुर खुशीयालीका साथ बस्थे । तिनीहरूका बीचमा आपसी मेलमिलाप साह्रै राम्रो रहेको थियो । त्यहाँ एउटा स्वच्छ पानी भएको तलाउ पनि रहेको थियो । तलाउको स्वच्छ पानी खाएर चारो खोज्न जाने र बेलुकापख चुच्चामा चारो च्यापेर गुँडमा फर्कन्थे । एकदिन त्यस जङ्गलमा सानोबाबु नाम गरेको हात्ती आएर तलाउको पानी फोहोर पारीदिन्छ र आनन्द मानेर त्यही सुत्छ । सबै चराचुरुङ्गी सानोबाबुले पानी फोहोर बनाएको देखेपछि उसलाई सम्झाउँछन् तर सानोबाबु मान्दैन बरु भँगेराको गुड भत्काउँछ । सानो बाबु सधै यस्तै कार्य गरिरन्छ भने चराचुरुङ्गी दिक्क मान्छन् । अब उनीहरू जङ्गल छोडेर जान खोज्छन् तर चाउरे चिलले आफ्नो जन्मभूमि छाडेर जानुहुँदैन बरु आफ्नो जन्मभूमिबाट सानोबाबुलाई मुक्त गराउनु पर्छ भन्ने सल्लाह दिन्छ । चाउरे चिलको यस्तो सल्लाहबाट सधै मिलेर सानोबाबुलाई त्यहाँबाट लखेट्न तयार हुन्छन् ।

सानोबाबु सधैँझैँ त्यसदिन पनि तलाउमा गएर खेल्न थाल्छ । सबैले उसलाई आक्रमण गर्न थाल्छन् । चराचुरुङ्गीको आक्रमण सानो बाबुले भुसुना जस्तो खेल ठान्छ । सर्वप्रथम भैरु र गुईठे कानभित्र पस्छन् । कानको जालीमा प्वाल पार्न थाल्छन् । मुस्ले पुच्छरमा बसेर कमलो ठाउँमा धमाधम चुच्चाले खोप्न थाल्छ । सुके, पातले, माने लाले, बिर्खे र ठिडे उसका घाटीमा झुण्डिन्छन् । सबैले चुच्चाले टोक्न थाल्छन् भने सबैको ठुँगाइले सानोबाबु आत्तिन्छ । हाइहाइ पनि ढाँडमा बसेर बाक्लो छाला कोतर्नेतिर लाग्छ । चाउरे एक्कासी टाउकोमा बसेर आँखामा चुच्चो गाड्छ भने कालुले पनि अर्को आँखामा चुच्चो गाड्छ । सबैको आक्रमणले सानोबाबु क्वाँक्वाँ कराउँछ । सबैको यस्तो आक्रमणबाट आफ्नो भलो नहुने देखेर सानोबाबु त्यहाँबाट भाग्छ भने सबै चराचुरुङ्गी सानो बाबुलाई डाँडो कटाएर आफ्नो बासस्थान तर्फ फर्कन्छन् । त्यस दिनदेखि सानोबाबु जङ्गलमा फर्कदैन र तलाउको पानी पहिला झै सङ्लो, मिठो बन्छ । चराचुरुङ्गी सबै सधैँझैँ मिलेर बस्छन् ।

यस कथाले आदि, मध्य र अन्त्यको स्थिति सिर्जना गरेको छ । जङ्गलमा विभिन्न चराचुरुङ्गीले फोहोर बनाएपछि त्यसका विरुद्ध लड्ने तयारी गर्नु आदि भाग हो । सानोबाबु माथि सबैले आक्रमण गर्नु तर सानोबाबु नडराउनु, केही बेरसम्म खपे पनि चाउरे, कालु आदिको आक्रमण खप्न नसकेर क्वाँक्वाँ गर्दै कराउनु, सानोबाबुले भाग्ने सोचाइ लिनु मध्य भाग हो । सानोबाबु त्यहाँबाट भाग्नु, सबैले डाँडो कटाउनु, जङ्गल फर्कनु र उनीहरू सधैँ झै आनन्दले बस्नु नै अन्त्य भाग हो । सम्पूर्ण सहभागीबाट घट्ने घटना त्यसको समस्या र परिस्थितिबाट सङ्कटवस्था पार गर्दै समापनको विन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ ।

समग्रमा यस कथावस्तुले के देखाउँछ भने सानो भइकन पनि समाजमा बाँच्ने र जिउँने अधिकार हुन्छ हातमा शक्ति हुनेहरूले मानो मानी तरिकाले अरूलाई हेप्नु हुँदैन भन्ने सन्देश यस कथावस्तुले दिएको छ । संसारका सबैको आ-आफ्नो अस्तित्व हुन्छ, सानो भनेर कसैलाई पनि हेप्नु हुँदैन र हातमा शक्ति भन्दैमा मनोमानी गर्नु हुँदैन भन्ने सन्देशलाई सानो बाबुको त्रासदी परिणाम देखाइएको चुरुङ्गीका वीरहरू शीर्षक कथामा प्रष्ट पारिएको छ ।[१७]

---

[१७] ऐजन ।

### ५.२.३.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा मानवेत्तर प्राणीहरू सानोबाबु हात्ती, कालुकाग, चाउरेचिल, सुकेसुँगा, माने मैना, भैरु भँगेरा, बिर्खे बट्टाई, पातले परेवा, मुस्ले मजुर आदिको सहभागी रहेको छ । सानो बाबु ठूलो शरीर र शक्ति भएको हात्ती हो भने उसले साना चराचुरुङ्गीलाई हेपेको छ । साना चराचुरुङ्गीले के गर्न सक्छन् भन्ने उसको धारणा रहेको छ । सानालाई त्यसैपनि आफ्नो नियन्त्रणमा लिन सक्छु भन्ने धारणा राखेर चराचुरुङ्गीहरूको बासस्थानमा रहेको जङ्गल र तलाउमा गएर आफ्नो घमण्ड देखाउँछ । साना साना चराचुरुङ्गी मिलेर आक्रमण गर्छन र अन्तिममा सानोबाबु भाग्न बाध्य हुन्छ । अन्य साना साना चराचुरुङ्गीहरू आफ्नो जन्मभूमि छोड्न नचाहने र बरु आफ्नो जन्मभूमिलाई कसैले आक्रमण गरेमा त्यसको विरुद्ध लड्न तयार बनेका हुन्छन् । चराचुरुङ्गीहरूले सानो शक्तिलाई प्रतिनिधित्व गरेका छन् ।

सानासाना शक्तिहरू मिलेर जस्तो सुकै बाधालाई पनि पन्छाउन सकिन्छ भन्ने सन्देश दिने प्रमुख मानवेत्तर सहभागी पात्रहरू हुन् । सानाको पनि आफ्नै अस्तित्व हुन्छ भन्ने मानवेत्तर सहभागी पात्रहरूले रोचक बनेको छ ।

### ५.२.३.३ परिवेश

प्रस्तुत कथामा मानवीकृत रूपमा आएका चराचुरुङ्गी हात्ती आदि जनावरहरूको बस्ने ठाउँहरू चुरुङ्गीको जङ्गल, तलाउ त्यसको पानी चुरुङ्गीको गुड आदि स्थानका रूपमा आएका छन् । निश्चित समयलाई केन्द्र बनाए पनि परम्परादेखि अहिलेसम्म ठूलाले सानालाई हेप्ने प्रवृत्ति र सानाको अस्तित्वमाथि खेलवाड गर्ने प्रवृत्तिलाई परिवेश बनाइएको छ । सम्पूर्ण नेपाली समाज र यहाँको परिवेशलाई मानवीकृत रूपमा आएका पात्रहरू समेटेको छ । चराचुरुङ्गीहरूको मिलनसार व्यवहार एक अर्कामा चारो नजुटे सबै मिलेर त्यसको समाधान गर्ने र सानोबाबु जस्तालाई सजिलै पराष्त गरेका हुनाले कथाको वातावरण सुखद देखिन्छ ।

समग्रमा परिवेशले वर्तमान नेपाली समाजको परिस्थिति र यथार्थलाई जनाएको छ ।

### ५.२.३.४ उद्देश्य

प्रस्तुत कथामा जनावरहरूको मानवीकृत गराएर सानालाई ठूलाले हेप्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । सानाको पनि आफ्नो अस्तित्व हुन्छ भन्ने कुरा

ठूलाहरूले नबुझेको तर साना साना मिलेर गरेको संघर्षले ठूला भनाउँदाहरू परास्त भएपछि भाग्नु परेको अवस्थालाई यहाँ देखाइएको छ । सानो भन्दैमा कसैले कसैलाई हेप्न नहुने र उसको अस्तित्वमाथि हमला गर्नु हुँदैन भन्ने उद्देश्य यस कथाले दिएको छ । सानाले जहिले पनि आफ्नो अस्तित्वका लागि लड्नु पर्छ र कहिले पनि पलायनवादी भएर आफ्नो जन्मभूमि त्याग्नु हुँदैन भन्ने नीतिशिक्षा र उपदेश दिन खोजिएको छ । बालकहरूका लागि लेखिएको भएपनि सम्पूर्ण युवावर्ग र प्रौढहरूलाई पनि कथाले शिक्षा दिइएको छ ।

### ५.२.३.५ दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूको समख्यानात्मक रूपमा सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कालु, चाउरे, सानोबाबु आदिको माध्यमबाट ठूलाले सानालाई हेप्न नहुने र सानाको पनि आफ्नो अस्तित्व हुन्छ भन्ने विचार यहाँ व्यक्त भएको छ ।

### ५.२.३.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा, सरल, सहज एवं स्वभाविक देखिन्छ । सरल शब्द र छोटाछोटा बाक्य गठनले भाषालाई सरल बनाएको छ । चिटिक्क, लसक्क, क्वाँक्वाँ आदि अनुकरणात्मक शब्दको प्रयोग कुलेलम ठोक्नु, धतुरो झार्नु आदि उखानको प्रयोगले कथामा मिठास थपेको देखिन्छ । समख्यानात्मक शैलीले कथालाई रोचक, प्रभावकारी र मनोरञ्जनप्रधान युक्त बनाएको छ ।

समग्रमा सरल तथा स्वभाविक भाषाशैलीयविन्यासले कथालाई रोचक बनाएको छ ।

निष्कर्षमा भन्नुपर्दा संसारमा सबैको आआफ्नै अस्तित्व हुन्छ र सानाको अस्तित्वलाई पनि सबैले स्वीकार्नु पर्छ । ठूलो छु भन्दैमा र आफ्नो हातमा शक्ति छ भन्दैमा मनोमानी गर्नु हुँदैन भन्ने सन्देश सानोबाबुको त्रासदीय परिणामले देखाएको छ भन्न सकिन्छ ।

## ५.२.४ रमेश र सेतो परेवा कथाको विश्लेषण

### ५.२.४.१ कथावस्तु

*रमेश र सेतो परेवा* **रिसाहा थर्कमान** तथा संग्रहको चौथो कथा हो । यस कथामा रमेश र सेतो परेवा, टमी कुकुर तीन पात्रहरूको सहभागिता रहेको छ । रमेश साह्रै चकचके स्वभाव भएको केटा हो । आफ्नो घरमा पालेको सेतो परेवालाई कुममा राखेर स्कुल जान्छ । रमेशको पछि पछि आफ्नै घरको टमी नाम गरेको कुकुर लाग्छ, कुकुरलाई आफ्नो पछि आएको देखेर चिमोट् र हिकाउँछ । टमी उफ्रिन्छ भने रमेशले बोकेको झोला खस्छ । आफ्नो काधमा बोकेको परेवा उडेर बार्दलीमा गएर बसेको देखेपछि रमेशलाई रिस उठ्छ । एक्लै स्कुलतिर जान्छ तर बाटामा अनेकौं कल्पना गर्न थाल्छ । सेतो परेवा हुन पाए भुरुरै उडेर स्कुल पुगिसक्थे भन्छ । सोच्दै हिँड्दा बाटामा बिजुलीको लट्ठामा ठोकिन्छ र सबै किताब, कलम भुइँमा छरिन्छन् । बिस्तारै उठेर स्कुल जान्छ भने स्कुलमा पनि अरूलाई समेत पढाइमा बाधा पुऱ्याउँछ । कसैले पनि उसलाई स्कुलमा मन पराउँदैनन् । शिक्षकले पढाउँदा पनि अनेक विषयमा सोचेर बसिरहन्छ । स्कुलमा कसैले मन नपराउने उसलाई बिस्तारै आफ्नो घरतिर लाग्छ ।

रमेश स्कुलबाट बिस्तारै घरमा आउँछ र आफ्नो सेतो परेवालाई बार्दलीमा गएर चारो खुवाउँछ । चारो खाँदै गरेको परेवालाई हेर्दाहेर्दै रमेश आफू पनि पेरवा भएको अनुभव गर्न थाल्छ । परेवा भएपछि पढ्न नपर्ने, चारो खायो घुम्यो, होमवर्क पनि गर्न नपर्ने, स्कुलमा कुखुरा बन्न पनि नपर्ने आदि सोच्दै उडेको अनुभव गर्छ । धरहरामा पुगेर त्यहाँबाट काठमाडौंको दृश्य अवलोकन गर्छ । रानीवनमाथि उडेको अनुभव गर्ने परेवा रमेश, गलेर रुखमा बस्न पुग्छ । एउटा हातमा एयरगन बोकेको र अर्कोहातमा मरेको परेवा बोकेको एउटा केटालाई देख्छ । त्यो केटालाई उसले कक्षामा लडाएर आफू बेन्चमा बसेको थियो । केटाले उसलाई एयरगन हान्छ तर म परेवा हैन रमेश हुँ भन्दै रमेश कराउँछ । त्यस्तो आवाज केटाले बुझ्दैन र एयरगनबाट हानेको गोली रमेशलाई लागेको अनुभव हुन्छ । गोलीलागेपछि परेवा बनेको रमेश झसङ्ग भएर झस्कन्छ भने त्यतिखेर रमेश परेवालाई चारो खुवाउँदै गरिरहेको हुन्छ । रमेशको मुटु ढुकढुक गर्छ र अबदेखि कहिले परेवा नबन्ने भन्ने सोच्छ । परेवा बनेर मर्न चाहन्न र परेवा मानिसले पाल्ने र मार्ने गर्दो पनि रहेछ भन्ने सोच्छ । रमेश परेवा नबन्ने सोचेपछि चारो खाएको परेवालाई सुमसुम्याउन थाल्छ र टेबुलमा लगेर राख्दै आफू होमवर्क गर्न थाल्छ । चकचक कहिले नगर्ने, असल बानी मात्र गर्ने र सबैसँग

मिलनसार बन्ने अनि राम्रोसँग पढ्ने भन्छ । त्यही समयदेखि चकचके र खराबबानी छाडेर असल रमेश बन्छ ।

यस कथावस्तुले आदि मध्य र अन्त्यको स्थिति सिर्जना गरेको छ । रमेश परेवालाई काँधमा राखेर स्कुल जानुदेखि स्कुलबाट घरमा आउनु आदि भाग हो । घरमा चारो खुवाउँदै ठाउँहरूको अवलोकन गर्नु, केटाले उसलाई बन्दुकले हान्नु अनि झस्केर रमेश नै बन्नु मध्य भाग हो । झस्केर रमेश बनेपछि कहिले परेवा नबन्ने, असल मान्छे बन्ने भन्दै चारो खाँदै गरेको परेवालाई लगेर टेबलमा राख्नु र आफू होमवर्क गर्न थाल्नु अन्त्य भाग हो । कथावस्तुको सुरुमा घटेको घटना त्यसको परिस्थितिबाट सङ्कट अवस्था पारगर्दै समापन तर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ । सुखान्तको स्थितिमा कथावस्तुको अन्त्य भएको छ ।

समग्रमा यस कथावस्तुले के देखाउँछ भने मानिसहरूले आफ्नो सीमा बाहिर गएर कल्पना र आकांक्षा गर्नु हुँदैन र त्यसता मह□वकांक्षा राख्नाले मानिसलाई फाइदा पनि हुदैन भन्ने मुख्य भाव यस कथाबस्तुले दिन खोजेको छ । रमेश र सेतो परेवा कथामा मानिसले सीमाहीन मह□वकांक्षा राख्न नहुने कुरा कुशलता पूर्वक व्यक्त गरिएको छ ।[१८]

### ५.२.४.२. सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा मानव रमेश र मानवेत्तर प्राणीहरू, सेतो परेवा , टोमी रहेका छन् । रमेश सानै देखि खराब स्वभाव तथा चरित्र भएपनि अन्तिममा असल चरित्र बन्ने सोचाइमा रहेको छ । शुरुमा राम्रोसँग पढ्न पनि नचाहने स्कुलमा गएर अन्य साथीहरूलाई दुःख दिएर आनन्द लिने गर्दछ । अनेकौ हुन नसक्ने कल्पना गरेर हिड्छ । परेवा जस्तो बनेर हिड्ने, देशहरू घुम्ने र होमवर्क समेत गर्न नपर्ने किसिमका अनेकौ मह□वकांक्षा लिएर बस्ने गर्छ । हिड्दा पनि त्यस्तै कल्पना सोचिरहन्छ । आफू परेवा बनेर हिडीरहेको बेलामा आफ्नै कक्षाको केटाले एयर गनले गोली हान्छ । गोली लागेर झस्केपछि मात्र उसले परेवा बन्नु बेकार रहेछ भन्दै मानिसले परेवा पाल्ने र मार्ने दुवै गर्दो रहेछ बरु असल र लगनशील रमेश बन्ने चाहना राख्छ । परेवा मानवेत्तर प्राणी भएर उसले मानवीय क्रियाकलाप नगरेपनि रमेशको परेवा बन्ने चाहना परेवाको निश्चल क्रियाकलापले गर्दा नै देखिन्छ ।

---

[१८] ऐजन ।

मानवीय र मानवेत्तर पात्रहरूको प्रमुख सहभागीले कथा मनोरञ्जन र रोचक बनेको छ ।

### ५.२.४.३ परिवेश

प्रस्तुत कथामा रमेशको घर स्कुल त्यस्तै गरेर रानीबन, धरहरा, घण्टाघर आदि ठाँउहरू परिवेशका मुख्य स्थानका रूपमा आएका छन् । समयका रुममा कुनै समयलाई केन्द्रविन्दु नबनाए पनि बालकहरूका मनमा रहेको चञ्चल, चकचके, उच्छृङखल, सीमाहीन मह□वकाक्षा र मनोवैज्ञानिक स्थितिलाई परिवेश बनाइएको छ । सुःखद बातावरणमा नै कथाको अन्य भएको छ भने सम्पूर्ण बालकहरूका मनमा हुने अनेकौ उच्छृङखल मनोकांक्षा हुन्छन त्यस्ता मनोकांक्षालाई मुख्य परिवेश बनाइएको छ ।

### ५.२.४.४. उद्देश्य

प्रस्तुत कथामा मानवीय र मानवेत्तर पात्रहरूको सहभागी गराएर मानिसले सीमा भन्दा बाहिर गएर मह□वकांक्षा राख्नु हुँदैन भने त्यस्तो मह□वकांक्षा राख्नु निर्श्थक सावित हुन्छ भनेर देखाउन खोजिएको छ । परेवा पंक्षीलाई मानिसले चाहेको बेला पाल्न र नचाहिएको बेला मार्न सक्छ भने मान्छे नै सर्वश्रेष्ठ प्राणीका रूपमा सावित हुन्छ भने मुख्य भाव यस कथाले देखाएको छ । रमेश परेवा बन्ने चाहना गर्नु र परेवा बनेको् अनुभव गर्दै उड्नु र केटाले परेवालाई मार्नु अनि रमेशको परेवा बन्ने चाहना हटाउनुले पनि अनावश्यक चाहनाको मह□वकांक्षालाई त्याग्नु पर्छ भन्ने सन्देश दिएको छ ।

### ५.२.४.५. दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नआएर रमेश सेतो परेवा र टोमी पात्रहरूको समख्यानात्मक सहभागीका रूपमा कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । रमेशको सहभागी गराएर अनेकौ सीमाहीन मह□वकांक्षा मानिसले कहिले राख्नु हुँदैन भन्ने विचार प्रस्तुत गरिएको छ ।

### ५.२.४.६. भाषाशैलीयविन्यास

यस कथामा प्रयोग भएको भाषा सरल, सहज र स्वभाविक रहेको छ । सरल शब्द र छोटाछोटा वाक्यगठनले भाषाशैलीयविन्यासलाई सरल बनाएको छ । समख्यानात्मक शैलीले कथालाई रोचक, प्रभावकारी, मनोरञ्जनयुक्त बनाएको छ ।

डयाङ्ग, ढुकढुक, झसङ्ग, किटिक्क, अनेकौं अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ भने चकचक, चोरचार, माथि-माथि जस्ता द्वि□व शब्दहरूको प्रयोगले कथालाई उत्कृष्ट बनाएको छ ।

समग्रमा सरल तथा सहज भाषाशैलीयविन्यासले कथालाई मनोरञ्जनयुक्त बनाउन सफल भएको छ ।

यस कथामा मानवीय पात्र रमेश र मानवेत्तर पात्र सेतो परेवा, लोभीको प्रमुख सहभागी गराएर मानिसले अनावश्यक मह□वकांक्षा राख्नु हुदैन र त्यस्तो मह□वकांक्षा राखेर निरर्थक मात्र सावित हुन्छ भन्ने मुख्य उद्देश्य यस कथाले दिन खाजेको छ ।

### **५.२.५. गोपाल र गुलेली कथाको विश्लेषण**

#### **५.२.५.१ कथावस्तु**

*गोपाल र गुलेली* कथा **रिसाहा थर्कमान** संग्रहभित्रको पांचौ कथा हो । यस कथामा गोपाल र मदन मिल्ने साथीहरू हुन्छन् । उनीहरू कक्षा सातमा अध्ययन गर्ने गर्छन् । गोपाल जहिले पनि कक्षामा पहिला हुन्छ । पहिला भएकाले उसलाई विद्यालयले पुरस्कार दिन्छ । गोपालका जीवनमा दुईवटा सौखहरू देखिन्छन । कक्षामा पहिला हुने कि गुलेली हान्ने यी सौखहरूबाट गोपाल आनन्द लिन चाहन्छ । गोपाल र मदन स्कुलबाट घरमा आउँदा मदनले आँपको रूखमा सुगाँ रहेको देखाउँछ । गोपाल गुलेलीको सौखिन भएकाले सुँगालाई गुलेलीले हानेर मार्छ । एउटा हातमा मरेको सुँगा र पुरस्कार बोकेर घरमा आउँदा बुबालाई पुरस्कार देखाउन बिंसेर मरेको सुँगालाई देखाउँछ । सुँगा मारेको देखेर गोपालका बुबाले उसलाई गाली गर्छन । गोपाल बुबाले गाली गरुन्जेल गुलेली नचलाउने भन्छ तर बुबा हिँडेपछि गुलेलीले चरा मार्ने, अर्काको झ्यालको सिसा फुटाउने र कहिलेकाहीँ केहिनकेहि मारेर ल्याउने गरिरहन्छ ।

विद्यालयले विद्यार्थीलाई वनभोज लिएर जान्छ सबै विद्यार्थी बनभोजमा सामेल हुन्छन् । वनभोजमा मदनले रुखमा रहेको बाँदरलाई देखाउँछ । गोपाल बाँदरलाई जिस्काउँछ र केहिबेर पछि खल्तीबाट गुलेली झिकेर हिकाउँछ तर गुलेलीको मटयाङग्रोले अर्को ठाउँमा रहेको अरिङ्गलको गोलामा लाग्छ । सबै अरिङ्गलहरू उनीहरूमाथि खनिन्छन र दुवैको सातोपुत्लो जान्छ । दुवैजना अस्पतालमा भर्ना हुन पुग्छन र डाक्टरले उनीहरूलाई उपचार गर्न थाल्छन् । डाक्टरले उनीहरूलाई उपचार

गरेर गएपछि मदनका बुबाले राम्रो खालको प्याकेट निकालेर दिन्छन । मदन प्याकेट खोलेर हेर्छ र राम्रो गुलेली देखेर छक्क पर्छ बुबालाई यसो हेर्दै गुलेलीलाई खाट्मुनि फोहोरमा फ्याकिदिन्छ । छोराको यस्तो व्यवहार देखेर गोपालका बुबा दुवैलाई हेर्दै हास्न थाल्छन र सुमसुम्याउदै गर्छन । यही अवस्थामा नै कथावस्तुको अन्त्य हुन्छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको आधारमा आयोजना भएको छ । गोपालले स्कुलमा पुरस्कार लिएबाट सुरु भएदेखि गोपालले घरमा सुगा मारेर ल्याएसम्म नै आदि भाग हो । स्कुलबाट वनभोज जानु, वनभोजमा बाँदरलाई गुलेली हान्नु, गुलेलीले अरिङ्गललाई लाग्नु, अरिङ्गलको टोकाइबाट घाइते बन्नु र हस्पिटलमा भर्ना हुनु मध्य भाग हो । हस्पिटलमा भर्ना भएपछि उपचार गर्नु, बुबाले गुलेली किनेर ल्याइदिनु, गोपालले फ्याकिदिनु र गोपालका बुबाले उनीहरूलाई माया गर्नु नै अन्त्य मात्र हो । प्रमुख सहभागीबाट घट्ने घटना त्यसको समस्या र परिस्थितिबाट संकटावस्था पार गर्दै अन्तिममा समापनको बिन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ । सुखान्तको स्थितिमा कथावस्तुको अन्त्य भएको छ ।

समग्रमा यस कथावस्तुले के देखाउन खोजेको छ भने मानिस आफुलाई दुःख नपरुन्जेल चेत्न सक्दैन र जब समस्याबाट आफै पीडित बन्दछ अनि मात्र चेत्ने मान्छेको यस्तो प्रवृत्तिलाई कलात्मक तरिकाबाट देखाउन खोजिएको छ ।

### ५.२.५.२. सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा गोपाल, मदन र गोपालको बुबा रहेका छन् । गोपाल सात कक्षामा पढ्ने विद्यार्थी हुन र उनको कक्षामा पहिला हुने नत्र गुलेली चलाउने दुईवटा सौरब देखिन्छन् । गोपालको गुलेली चलाएर चराचुरुङ्गी मार्ने र अर्काको घरको सिसा फुटाएर हिड्ने बानी देखिन्छ । गोपाललाई आफ्नो बुबाले जति सम्झाए पनि एकछिन पछि फेरी तीनै प्रवृत्तिलाई दोऱ्याउँछ । जब अरिङ्गलले टोकेर घाइते तुल्याउँछ अनिमात्र चेतेको देखिन्छ । मदन पनि सधै गोपाललाई गुलेली चलाउन सहयोग गरिरहन्छ । हिंड्दा होस् वा वनभोजमा जहिले पनि गोपाललाई गुलेली हान्नमा सहयोग गरिदिन्छ । जब अरिङ्गलको टोकाई खानुपर्छ अनिमात्र उसले चेतेको देखिन्छ । गोपालको बुबा जहिले पनि सकरात्मक पक्षलाई आत्मसाथ गराउने व्यक्ति हो । आफ्नो छोरा र मदनलाई बारम्बार सम्झाउँछ तर नटेरेपछि गुलेली नै

किनेर दिन्छ । पछि आफ्ना छोराले गुलेली नखेल्ने निर्णय गरेपछि उनी सन्तुष्ट देखिन्छन् ।

समग्रमा यी पात्रहरूको सहभागिताले के देखाउँछ भने मानिस कसैले भनेको भरमा मात्र विश्वास गर्दैन । स्वंयम आफैले भोग्नु पर्दा मात्र चेत्ने प्रवृत्ति यी पात्रहरूमा देखिन्छ ।

### ५.२.५.३. परिवेश

प्रस्तुत कथामा गोपालको घर, स्कुल, वनभोज गएको जङ्गल, अस्पताल आदि ठाँउहरू स्थानका रूपमा आएका छन् । समयका रूपमा कुनै समयलाई केन्द्रविन्दु नबनाए पनि मानिसमा जिद्दी स्वभाव हुने र कसैले भन्दा पनि नमान्ने तर आफूलाई दुःख परेपछि मात्र टेर्ने मानिसहरूको प्रवृत्तिलाई परिवेश बनाएको छ । गोपाल र मदनले विभिन्न परिस्थितिबाट दुःखद अवस्था भोल्नुपरे पनि अन्तिममा कहिले गुलेली नखेल्ने, निर्णय गर्छन । यसले वातावरण सुखद बनेको देखिन्छ ।

### ५.२.५.४. उद्देश्य

यस कथामा आफूभन्दा ठूलावडा र जान्ने बुभ्नेले भनेको मान्नुपर्छ नत्र दुःख पाइन्छ भनेर देखाउन खोजिएको छ । गोपालका बुबाले बारम्बार गुलेली खेल्नु हुँदैन भन्दा पनि जिद्दी गरेर गुलेली चलाउने गोपाल र मदन अरिङ्गलको टोकाइबाट दुःख भोल्न पुगेका छन् जब अरिङ्गलले टोक्छ अनिमात्र चेतेर कहिले गुलेली नखेल्ने बाचा गर्छन् । यसबाट पनि के देखिन्छ भने आफ्ना बुबा र अभिभावकले दिएको शिक्षालाई बुभ्न सक्नुपर्छ नत्र दुःख पर्न सक्छ भन्ने सन्देश दिएको छ । आफूलाई परेपछि टेर्ने मानिसको प्रवृत्तिलाई यस कथाले छलङ्ग तुल्याएको छ । परेपछि मात्र चेत्ने मान्छेको प्रवृत्तिलाई गोपाल र गुलेली कथाद्वारा साङकेतिक रूपमा व्यक्त गरिएको छ ।[१९]

### ५.२.५.५. दृष्टिविन्दु

यस कथामा म पात्रका रूपमा नभएर गोपाल, मदन र गोपालको बुबा समख्यानात्मक पात्रहरूको सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । गोपाल र मदनको सहयागी गराएर मानिसले दुःख परेपछि मात्र चेत्छ भन्ने विचार व्यक्त गरिएको छ ।

[१९] ऐजन ।

#### ५.२.५.६. भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल, सहज र स्वभाविक रहेको छ । सरल शब्द, छोटाछोटा वाक्य गठनले भाषाशैलीयविन्यासलाई सरल बनाएको छ । गोपाल र मदनको संवादले भाषालाई उत्कृष्ट बनाएको छ । समख्यानात्मक शैलीमा कथालाई अगाडि बढाएकाले कथा रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । त, ए, कि, ल जस्ता निपातको प्रयोग र खुत्रुक्कै, फुरुक्क, खुसुक्क, जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथालाई उत्कृष्ट बनाएको छ ।

समग्रमा सरल तथा सहज भाषाशैलीयविन्यासले कथालाई मनोरञ्जनयुक्त बनाउन सफल भएको छ ।

यस कथामा गोपाल, गोपालका बुबा र मदनको प्रमुख सहभागी गराएर मानिसले आफूलाई समस्या परेपछि मात्र चेत्ने गर्छ त्यसलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

### ५.२.६ साहसी दीपक कथाको विश्लेषण

#### ५.२.६.१. कथावस्तु

*साहसी दीपक* **रिसाहा थर्कमान** कथासंग्रहभित्रको छेटौ कथा हो । यस कथामा दीपक र अन्य विधार्थीहरू एउटा विधालयमा कक्षा ६मा अध्ययन गर्छन् । विधालयमा घण्टी बजेपछि सबै विद्यार्थीहरू क्यारामबोर्ड खेल्न थाल्छन् । दीपक धारामा पानी खाएर साथीहरूसँग जान्छ । साथीहरूले क्यारामबोर्ड खेल्न दिदैनन् बरु उल्टै लङ्गडो भनेर जिस्काउँछन् । धीरज भन्ने केटाले त उसलाई केटीसँग गएर खेल भन्छ । सबै केटाहरू उसलाई खोरण्डा, डेढखुट्टे, लङ्गडा भनेर खिल्ली उडाउँछन । धीरजले उसलाई धकेलिदिन्छ र दीपक बेसरी लढ्छ भने उठ्न सक्दैन् । उसका खुट्टाबाट सहाराका रूपमा रहेको बैशाखी उछिट्टिएर परपर पुग्दछ सबै साथीहरू उसलाई जिस्काउँछन । दीपक उनीहरूको हेपाइ सहेर धुरु धुरु रुँदै खाडलबाट विस्तारै बाहिर निस्कन्छ । विद्यालयमा घण्टी बज्छ सबै पढ्न जान्छन तर दीपक बिस्तारो गरेर ढिलो कक्षामा पुग्छ । पछाडि गएर कक्षामा पढ्न बस्छ । त्यसैबेला कक्षामा एउटा सर्प आउँछ, सबै विद्यार्थी डराउँछन गुरु पनि टोपी भिकेर मुख छोप्छन । दीपक बिस्तारै आफ्नो बैशाखीले सर्पलाई हिर्काउछ र सर्प भागेर बाहिर जान्छ । दीपकको यस्तो साहस देखेर सबैजना अचम्म मान्छन । सर्प गएपछि सबै विद्यार्थी सास फेर्न थाल्छन भने दीपकका

छेउमा आएर माफ माग्छन् । गुरुले पनि उसलाई स्याबास दिँदै काँधमा धाप मार्छन दीपकले सबैलाई माफ दिन्छ । दीपकको माफीदेखि सबैजना खुसी हुन्छन् र साहसी दीपक जिन्दावाद भन्दै कक्षा कक्षामा डुलाउँछन । आफ्नो साहसले गर्दा दीपक सबैको प्यारो र हिरो बन्छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको स्थितिमा अगाडि वढेको छ । दीपक र उसका साथीहरू घन्टी लागेपछि विद्यालयमा खाजा खान जान्छन् र क्यारामवोर्ड खेलेका साथीसँग दीपक खेल्न जान्छ तर उसलाई खेल्न नदिई धकेलिदिन्छ। दीपक लड्न पुग्छ त्यो नै आदि भाग हो । भुइँको हिलोमा पछारिन्छ, बिस्तारो उठ्ने प्रयास गर्छ तर सक्दैन, उसका साथीहरू जिस्काउँन थाल्छन । घन्टी लाग्छ दीपकका साथीहरू कक्षामा पढ्न जान्छन । दीपक बिस्तारो उठ्छ र कक्षामा गएर पढ्न बस्छ । कक्षामा सर्प आउँछ तर सबै डराउछन भने दीपक सर्पलाई हिर्काएर भगाउँछ त्यो नै मध्य भाग हो । सर्प भागेपछि सबैजना दीपकसँग माफी माग्छन र दीपक माफ दिन्छ भने खुशीयालीमा बोकेर विद्यालय घुमाउँछन् त्यो नै अन्त्य भाग हो । प्रमुख सहभागीबाट घटेको घटना, त्यसको समस्या र परिस्थितिबाट संकटावस्था पार गर्दै अन्तिममा समापनको बिन्दुतर्फ उन्मूख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ ।

समग्रमा यस कथाको कथावस्तुले अपाङ्गजस्ता व्यक्तिलाई जहिले पनि माया, सद्भावका दृष्टिले हेर्नुपर्छ । अपाङ्गलाई घृणा र हेला होइन माया र आदर गर्नुपर्छ भन्ने सन्देश साहसी दीपक कथाले प्रस्तुत गरेको छ ।[२०] घृणा र हेला गर्दा उनीहरूमा नकरात्मक धारणा उत्पन्न हुन्छ भन्ने मुख्य भाव साहसी दीपक कथाको कथावस्तुले दिएको छ ।

### ५.२.६.२. सहभागी

प्रस्तुत कथामा प्रमुख सहयागीका रूपमा दीपक, धीरज र अन्य साथीहरू रहेका छन् । दीपक लगडो भएरपनि विद्यालयमा कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थी हो । धीरज र अन्य साथीहरू पनि दीपकसँगै एउटै कक्षामा अध्ययन गर्छन । दीपक मिलनसार स्वभाव भएको विद्यार्थी हो तर उसका साथीहरू बदमास खालका छन् । दीपक लगडो भैकन पनि सबै साथीभाइसँग घुलमिल हुन चाहन्छ तर पाउँदैन । उसका

[२०] ऐजन ।

साथीहरूले हिलोमा पछारदिए पनि आफूलाई सहनशील व्यक्तिहरूको कोटीमा उभ्याउँछ । कक्षामा सर्प पसेको बेलामा त्यसलाई लखेट्न सफल बनेको छ । धीरज र उसका साथीहरू दुष्ट प्रवृत्तिका देखिन्छन । अर्कोलाई चोट पुऱ्याएर आनन्द लिने प्रवृत्ति उनीहरूको रहेको छ । जब एउटा सर्पलाई लखेट्न सक्दैनन र त्यही लगडो दीपकको सहारा लिन्छन । दीपकको सहाराबाट सर्प लखेटेपछि मात्र दीपकसँग मिल्न पुग्छन । लगडो भएपनि दीपकको साहस देखेर उनीहरूलाई पछुताउ लाग्छ र दीपकसँग माफी माग्छन । दीपकले माफी दिएपछि उनीहरू पनि असल बाटोतर्फ उन्मुख हुन्छन ।

समग्रमा यस कथामा असल तथा खराव आचरण भएका पात्रहरूको प्रमुख सहभागी देखिन्छ भने लङ्गडो जस्तामा असल प्रवृत्ति तर स्वस्थ शरीर भएका धीरज जस्तामा खराव प्रवृत्तिलाइ यस कथाको प्रमुख सहभागी पात्रहरूको उपस्थितिले जनाएको छ ।

### ५.२.६.३. परिवेश

प्रस्तुत कथामा दीपक, धीरज र अन्य साथीहरूले पढ्ने गरेको विद्यालय, कक्षाकोठा, चौर, धारा आदि ठाँउहरू स्थानका रूपमा आएका छन् । समयले विद्यालयमा पढाउँदाको १० देखि ४ बजे सम्मको अवधिलाई लिइएको छ । लङ्गडा भए पनि उसमा साहस र हिम्मत छ भने जस्तै दुष्ट भनाउँदाहरूले पनि प्रशंसा गर्छन भन्ने परिवेशको चित्रण गरिएको छ । लङ्गडाको दयनीय अवस्थालाई देखाइएको हुनाले दुखद वातावरण निमार्ण भए पनि अन्तिममा लङ्गडालाई सबैले गरेको माया र ममताले गर्दा कथावस्तु सुखद अवस्थामा टुङ्गिएको छ त्यसैले सुखद वातावरणको निर्माण भएको छ ।

### ५.२.६.४ उद्देश्य

प्रस्तुत कथामा एउटा लङ्गडा भन्दै हेला र घृणा गर्नु हुँदैन बरु तिनीहरूलाई सदभाव र मायाका आँखाले हेर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । दीपकजस्तो अपाङ्ग व्यक्तिलाई उसका साथीहरूले गरेको घृणा अपहेलनाले अन्य लङ्गडा व्यक्तिको मनमा पनि नराम्रो प्रभाव पर्न सक्छ भन्ने अवस्थालाई देखाउन खोजिएको छ । लङ्गडा भए पनि साहसका साथ कुनै पनि काम गर्न सक्यो भने जस्तोसुकै दुष्ट प्रवृत्ति भएकाहरूले पनि प्रशंसा र माया गर्न बाध्य हुन्छ भनेर देखाउन खोजिएको छ । लङ्गडा व्यक्तिलाई जहिले पनि माया र सदभाव गर्नुपर्छ भन्ने मुख्य उद्देश्य दिइएको छ ।

### ५.२.६.५. दृष्टिबिन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर दीपक र धीरज आदि समख्यानात्मक पात्रहरूको सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । दीपक र धीरज आदिको सहभागी गराएर लङ्गडाजस्ता व्यक्तिलाई माया ममता दिनुपर्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ ।

**५.२.६.६ भाषाशैलीयविन्यास**

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल, सहज, स्वभाविक रहेको छ । सरल शब्द, छोटाछोटा वाक्यगठनले भाषशैलीय विन्यासलाई सरल बनाएको छ । समख्यानात्मक शैलीमा कथा अगाडि बढेकोले रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । जुरक्क, धुरुँधुरुँ, हुँरुरु जस्ता अनुकरणातमक शब्द ए, रे, र जस्ता निपात आदिको प्रयोगले र साहसी दीपक जीन्दाबाद जस्तो नाराको प्रयोग भएको छ । यस प्रकारको भाषाशैलीयविन्यासले कथालाई उत्कृष्ट बनाएको छ ।

समग्रमा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ भने यसले कथालाई मनोरञ्जनयुक्त बनाएको छ ।

**निष्कर्ष**

निष्कर्षमा यस कथाले लङ्गडा तथा अपाङ्ग जस्ता व्यक्तिलाई माया र सदभावको दृष्टिले हेर्नुपर्छ भन्ने मुख्य सन्देश दिएको छ । सहभागी तथा परिवेश तथा सरल भाषाशैलीयविन्यासले कथालाई मनोरञ्जनयुक्त तथा रोचक बनाएको छ ।

**५.२.७. चाहनाका पखेटा कथाको विश्लेषण**

**५.२.७.१. कथावस्तु**

*चाहनाका पखेटा* **रिसाहा थर्कमान** कथासंग्रहभित्रका कथाहरू मध्ये अन्तिम कथा हो । रिसाहा थर्कमान कथासंग्रहमा नै सर्वप्रथम प्रकाशित भएको छ । यस कथामा अनन्त नाम गरेको केटा कक्षा ६ मा अध्ययन गर्दै गरेको हुन्छ तर जाँच आउँदा पनि मन लगाएर पढ्दैन । आफ्नो बुबासँग ठूलो भएर इन्जिनियर बन्छु देशमा ठूलाठूला घर, पुल, सडक निमार्ण गर्छु भन्छ । बुबाले उसलाई जाँचको तयारी गर, पछि ठूलो मान्छे बनौला भन्छन् । उसको बुबा दाह्री काटिरहेको अवस्थामा अनन्त फेरि आउँछ र बुबालाई डाक्टर बनेर देशका रोगीहरूको सेवा गर्छु भन्छ । बुबाले उसलाई अहिले जाँचको तयारी गर पछि डाक्टर बनौला भन्छन् । उसको बुबा अफिस जान लागिरहेका हुन्छन् र उसको छेउमा आएर बुबालाई बैज्ञानिक बनेर नयाँ नयाँ खोजी गर्छु अनि

देशलाई नयाँ उपहार दिन्छु भन्छ । बुबाले उसलाई फेरि अहिले जाँचको तयारी गर पछि बैज्ञानिक, कहिले प्रोफेसर, कहिले पाइलोट कहिले वकिल र कहिले नेता अभिनेता बन्छु भन्दै वार्षिक परीक्षा सकिन्छ तर दुर्भाग्य अनन्त कुनै पनि श्रेणीमा उतीर्ण हुदैन । अनन्त निक्कै दुःखी बन्छ । बगैंचामा पानी हालिरहेका बुबाको छेउमा गएर आफू फेल भएको गुनासो गर्छ । अब कहिले डाक्टर, इन्जिनियर, बन्न नसक्ने महसुस गर्छ ।

अनन्तका बुबाले ठीक समयमा ठीक काम नगरेको र परीक्षाको समयमा लगनशील नबनी अनेक सोचेर बसेको हुनाले फेल भएका हौ भन्छन् । यो बन्ने र त्यो बन्ने भनेर मन डुलाएर नै फेल होइन्छ । म के बन्छु भनेर सोच्नु बेठीक होइन तर त्यो सोच्ने समय हुन्छ । परीक्षाका बेलामा सोच्नु भन्दा परीक्षा सकेर नै सोच्नुपर्छ अनि मात्र आफूले सोचेको बन्न सकिन्छ । बुबाका यस्ता कुराले अनन्त आफूले गल्ती गरेको भन्दै गल्ती स्वीकार्छ । चाहनाका रङ्गीचङ्गी पखेटा चालेर दशतिर मन डुलाउनु भन्दा स्कुलका किताबतिर ध्यान दिएर पढ्नु नै उचित सम्झन्छ । अनन्तका यस्ता कुरा सुनेपछि उसका बुबाले स्यावास दिन्छन र अँगालोमा लिन्छन । कथावस्तु यही अन्त्य हुन्छ ।

कथावस्तु आदि, मध्य र अन्त्यको स्थितिमा अगाडि बढेको छ । अनन्त अखबार पढ्दै गरेका बुबासँग इन्जिनियर बन्छ भन्ने संवादबाट कथा अगाडि बढेको छ । जब अनन्त परीक्षामा फेल बन्छ, त्यहाँ सम्मको भाग नै आदि भाग हो । अनन्तलाई उसका बुबाले सम्झाउनु, अनन्त परीक्षाको बेलामा ध्यान दिएर अनेक सोचेको हुनाले फेल भएको थाहा पाउनु मध्य भाग हो । जब बुबालाई परीक्षाको बेलामा मेहनत लगाएर पढ्छु भन्छ र बुबाले स्याबास दिँदै अगाँलोमा लिन्छन त्यो नै अन्त्य भाग हो । कथावस्तु शृङखलित रूपमा अगाडि बढेको र प्रमुख सहभागीबाट घट्ने, घटना, त्यसको समस्या र परिस्थितिबाट संकटावस्था र पार गर्दै अन्तिममा समापन तर्फ उन्मुख भएकाले आदि मध्य र अन्त्यको व्यवस्थापनमा कमिकता देखिन्छ ।

प्रस्तुत कथावस्तुले सही समयको सदुपयोग गर्न सक्नुपर्छ र सही समयको सदुपयोग नगरेमा पछाडि परिन्छ भन्ने सन्देश दिएको छ ।

### ५.२.७.२. सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा अनन्त र उसको बुबा रहेका छन् । अनन्त स्कुलमा पढ्ने विद्यार्थी हो । पढ्नलई छाडेर बारम्वार कहिले इन्जिनियर,

डाक्टर, वैज्ञानिक आदि बन्ने चाहना राख्छ । यस्ता किसिमका चाहना राख्नु त ठिकै हो तर समयलाई बेवास्ता गरेर चाहना राख्नु हुँदैन । परीक्षाका बेलामा राम्रोसँग ध्यान दिएर पढ्नु पर्छ तर अनन्त परीक्षाको समयमा नपढी कहिले के बन्ने कहिले के बन्ने चाहना राख्छ आखिर परीक्षामा फेल हुन्छ । परीक्षामा फेल भएपछि अब केही बन्न नसक्ने महसुस गर्छ । बुबाको सल्लाहलाई सधैँ लत्याएको हुनाले त्यस्तो दुर्गति भोग्नु परेको हो । फेल भएर चेत खाए पछि अब सही समयलाई सदुपयोग गर्न चाहन्छ र मिहेनत लगाएर पढ्छु भन्छ । अनन्तका बुबा अनन्तलाई सधैँ लगातार पढ्नलाई प्रोत्साहन दिन्छन तर पनि अनन्त वास्ता गदैनन् । फेल भएपछि बुबासँग गुनासो गर्छ र बुबाले परीक्षामा लगनशील बनेर पढ्नु पर्छ परीक्षाको समय पछि सोच्नु पर्छ भन्ने सल्लाह दिन्छन् ।

समग्रमा यस कथाका प्रमुख सहभागी पात्रहरूमा समयलाई सदुपयोग गर्न नजान्ने र समयलाई सही सदुपयोग गनुपर्छ भन्ने सल्लाह दिने पात्रहरूको चयन गरिएको छ ।

**५.२.७.३. परिवेश**

प्रस्तुत कथामा सम्पूर्ण बालबालिकाहरूको चञ्चले स्वभाव र विभिन्न किसिमको सोचाई गर्ने प्रवृत्तिलाई परिवेश बनाइएको छ । अनन्त र उसको घर। बगैंचा, स्कुल, र अफिस आदि ठाँउहरूलाई स्थानका रूपमा लिइएको छ । निश्चित समयलाई केन्द्रविन्दु नबनाए पनि बालबालिकाहरू पढ्ने बेलामा अन्यन्त्र सोच्ने र सही समयको सदुपयोग गर्न नसक्ने अवस्थालाई परिवेश बनाइएका छ । अनन्तले कहिले के बन्ने र कहिले के बन्ने भन्दै चन्चले प्रवृत्ति झल्काएको र समयको सदुपयोग गर्न नसकेर फेल बनेको अवस्ताले वातावरण दु:खद बनेको देखिन्छ ।

**५.२.७.४. उद्देश्य**

प्रस्तुत कथामा अनन्त र उसको बुबाको उपस्थिति गराएर समयलाई नबुझ्ने मानिस सधैँ पछाडि पर्ने र मानिसले सही समयको सदुपयोग गर्न जान्नु पर्छ भन्ने उद्देश्य दिन खोजेको छ । अनन्त आफ्नो परीक्षाको समयमा कहिले डाक्टर, कहिले इन्जिनियर, कहिले बैज्ञानिक बन्ने सोचेर परीक्षामा फेल हुन्छ । परीक्षामा फेल बनेपछि केही बन्न नसक्ने महसुस गर्छ । यसबाट के देखिन्छ भने समयले मानिसलाई पर्खदैन, समय आउँछ जान्छ, समयको मह□व बुझ्न सक्नु नै उपलब्धि हो र अन्यथा

असफलता बाहेक केही हातमा पर्दैन भन्ने उद्देश्य यहाँ प्रस्तुत गरिएको छ । समय अत्यन्त बलवान र यसको मह□वलाई बुझेर काम गर्ने मानिस जीवनमा सफल हुन्छ अन्यथा असफलताको खाडलमा नराम्रोसँग जाकिनु पर्ने परिणतिलाई चाहनाको पखेटा कथामा अनन्तको माध्यमबाट प्रस्तुत गरिएको छ ।[२१]

### ५.२.७.५. दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नआएर अनन्त उसको बुबा समख्यानात्मक रूपमा सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । मानिसले सही समयको सदुपयोग गर्न सक्नुपर्छ भन्ने विचार यहाँ व्यक्त गरिएको छ ।

### ५.२.७.६. भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल, सहज, र स्वभाविक छ । सरल भाषा र छोटाछोटा वाक्यगठनले कथालाई उत्कृष्ट बनाएको छ । समख्यानात्मक शैलीमा कथा अगाडि बढेको हुनाले कथा रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । जुरुक्क, पुल्क्क, सक्कँसक्कँ, जस्ता अनुकरणात्मक शब्दहरूको उचित प्रयोग भएको छ । कि, रे, नि, जस्ता निपातको प्रयोगले र इन्जिनियर, डाक्टर, प्रोफेसर आदि, आगन्तुक शब्दहरूको पनि प्रयोग देखिन्छ । यस्तो किसिमको भाषाशैलीयविन्यासले कथा रोचक बनेको छ ।

निष्कर्षमा भन्नुपर्दा यस कथाले अनन्त र उसको बुबाको प्रमुख सहभागी गराएर सही समयको सदुपयोग गर्न जान्नु पर्छ र समयको सदुपयोग गर्न नजान्नेले असफलता मात्र हातमा पर्छ भन्ने मुख्य भाव व्यक्त भएको छ ।

### निष्कर्ष

प्रस्तुत संग्रह मनिकम शर्माका सातवटा बालकथाहरूको उत्कृष्ट सँगालो हो । अनेक शताब्दी पुरानो नीतिकथाको ढाँचालाई अँगालेर मौलिक ढङ्गमा रचिएका कथाहरू यस संग्रहमा समेटिएका छन् । *माछाको निसाफ, रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू,* जस्ता कथामा पूर्वीय पश्चिमी नीतिकथाको परम्परा र ढाँचालाई शर्माले आफ्नै शैलीमा प्रस्तुत गरेका छन् । *रमेश र सेतो परेवा चाहनाका पखेटा, साहसी*

[२१] ऐजन ।

*दीपक* तथा *गोपाल र गुलेली* शर्माको प्रचलित बालकथा ढाँचाकै प्रयोग गरेर लेखिएका छन् । मानवीय र मानवेत्तर पात्रहरूको सहभागी गराएर कथाहरू रचना गरिएका छन् । मानवीय र मानवेत्तर पात्रको प्रयोगका आधारमा यी कथाहरूलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । माछाको निसाफ, रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू, मा जनावर र चराचुरुङ्गीलाई पात्र बनाइएको छ । बाँकी चारकथामा मानवीय पात्रको प्रयोग गरिएको छ ।[२२] मावेत्तर पात्रका माध्यमवाट कथाकारले मानवीय क्रिया र प्रवृत्तिलाई सहजतापूर्वक प्रस्तुत गरेका छन् ।

बालबालिका लागि लेखिने साहित्य मनोञ्जन प्रदान गर्ने हुनुपर्छ भने अर्कोतर्फ बुद्धिको विकास गर्ने र उनीहरूलाई नैतिक सन्देश दिने हुनुपर्छ । बालकका लागि लेखिएका भए पनि *माछाको निसाफ रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू, चाहनाका पखेटा* जस्ता कथामा वर्तमान नेपाली समाजको परिस्थिति र परिवेशको चित्रण गरिएको छ । पशुपंक्षीलाई पात्र बनाएर तिनकै संवादका माध्यमबाट नीतिशिक्षा र उपदेश दिने परिकथाको प्रवृत्तिलाई अबलम्बन गरेर लेखिएका कथाहरू शर्माका आफ्नै मौलिक र काल्पनिक सिर्जना हुन । बालबालिका मात्र नभएर प्रौढ र युवावर्गहरूलाई पनि त्यत्तिकै प्रभावित तुल्याउने खालका छन । "बालकथाकार मनिकमले यस संग्रहका कथाहरूमा कुशलतापूर्वक यी सबै कुराहरूको सन्तुलत गर्न ठूलो सफलता प्राप्त गरेका छन् । *सत्य मेव जयते* अर्थात् सत्यको सधैं जीत हुन्छ भन्ने सन्देशलाई यस भन्दा अघिका बाल साहित्यमा प्रचलित परिपाटिमा जस्तो प्रत्यक्ष रूपमा व्यक्त नगरेर साङकेतिक रूपमा प्रस्तुत गर्न सक्नु कथाकारको खुवी हो । युगीन परिस्थितिको छाप बोकेका यी कथाहरू सार्वजनीन र शास्वत बन्न पुगेका छन । यस संग्रहका कथाहरू कोमल बाल मस्तिष्कलाई सहजै प्रभाव पार्ने खालका छन् । बालबालिकाका अतिरिक्त युवा र प्रौढ पुस्ताका लागि पनि यी कथाहरू त्यतिकै रुचिकर र पठनीय छन । बाल साहित्यको अभाव खड्किरहेको वर्तमान सन्र्दभमा यस कृतिको प्रकाशनले नेपाली बाल साहित्यका क्षेत्रमा नँया मोड ल्याएको छ ।"[२३]

## ५.३ फुटकर लघुकथाहरूको विश्लेषण

[२२] ऐजन ।

[२३] ऐजन ।

मनिकम शर्माका फुटकर रूपमा लघुकथाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् । प्रकाशित लघुकथाहरूको कालकमिक विवरण र तीनका प्रकाशनका स्रोतहरू निम्न प्रकार रहेका छन् ।

| क.स. | लघुकथाशीर्षक | प्रकाशनस्रोत |
|---|---|---|
| १ | जवाफ | **तन्नेरी** वर्ष १५, २०४९, पृष्ठ ६४ |
| २ | गुफा | **दायित्व** वर्ष २, अङ्क १२, २०५० बैशाख १९ |
| ३ | पानी | **बगर** वर्ष १२, अङ्क ४०, २०५० भदौ पृ.६३ |
| ४ | लडडू | **सम्प्रेषण** वर्ष ९, २०५३ अषाढ पृ १६ |
| ५ | तीन लघुकथा | **साथी** वर्ष १३, अङ्क ३, २०५४ अषाढ पृ. ३४ |
| ६ | म हत्यारा होइन | **सम्प्रेषण** वर्ष ११, २०५५ भदौ पृ.५३ |

### ५.३.१ जवाफ लघुकथाको विश्लेषण

#### ५.३.१.१. कथावस्तु

*जवाफ* लघुकथा रामवतार नाम गरेका एकजना व्यक्तिले साप्तहिक पत्रिकामा आफ्नो प्रश्नहरूको जवाफ पठाउन आग्रह गरेका छन् । रामवतार चार छोराछोरीका बाबु हो । चार छोरछोरीको बाबु रामवतार महँगीका चपेटामा परेको छ । उसले साप्ताहिकलाई तीन प्रश्न पठाएको छ । महँगी झनझन बढ्नको कारण, महसुल बढेपनि पानीको रितो भाडा लिएर धाउनु पर्ने अवस्था र मानिसहरूले आफ्नो मात्र दुनो सोझ्याउने प्रवृत्ति के कारणले भएको हो भनेर साप्ताहिकलाई प्रश्न पठाउँछ । साप्ताहिकले एक सातापछि त्यसको जवाफ पठाउँछ । यहाँ जस्ता युवा पिताहरूले बेलैमा परिवार नियोजन नगरेर यस्तो अवस्था आएको हो भन्ने जवाफ आउँछ । साप्ताहिकको यस्तो जवाफ देखेर रामवतार आफैँलाई थाप्लामा हिर्काउँछ र भुइँमा बस्छ भने यसको कथावस्तु यही अन्त्य हुन्छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा नै अगाडि बढेको छ । धेरैबेर सोचेर रामवतारले कलम टिप्नु, लेख्न थाल्नु र साप्ताहिकलाई पत्र पठाउन प्रश्न लेख्नु आदि भाग हो । प्रश्न लेखेपछि साप्ताहिकलाई पठाँउनु र एक सातापछि मात्र त्यसको उत्तर आउनु मध्य भाग हो । प्रश्नको जवाफ आफैप्रति व्याङग्य भएर आएपछि थाप्लामा हिर्काउनु र भुइँमा बस्नु अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ ।

### ५.३.१.२. सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा रामवतार रहेको छ । रामवतार चार छोराछोरीको बाबु हो । देशमा बढेको महँगी, महसुल बढे पनि पानीको समस्या र सबैले आ-आफ्नो दुनो सोभ्म्याउने प्रवृत्ति देखेर रामवतार पीडित भएको छ । यस्तो पीडित बनेपछि साप्ताहिकलाई त्यसको उपाए सोच्दा आफैँप्रति त्यसको उत्तर आउँछ । धेरै सन्तान जन्माउनु परेर यस्तो भएको हो भन्ने जवाफले उसलाई आघात पर्छ । जनसंख्या जनमाउन आफ्नो पनि मुख्य भूमिका देखेर आफैँ छक्क पर्छ र थुचुक्क बस्न पुग्छ । धेरै छोराछोरी जन्माएर जनसंख्या बृद्धि भएकोमा पश्चताप गर्छ ।

समग्रमा रामवतार पात्रको प्रमुख सहभागीले जनसंख्या र महँगीको वृद्धि हुनुमा मानिसहरूको लार्पवाही र परिवार नियोजन गर्ने कमी हो भन्दै त्यस्ता मानिसहरूको प्रतिनिधित्व रामवतारले गरेको छ ।

### ५.३.१.३. परिवेश

प्रस्तुत कथामा अहिलेको जनसंख्यामा भएको वृद्धि र त्यसको चपेटामा परेका व्यक्तिहरूले भोग्नुपरेको महँगीलाई मुख्य परिवेश बनाइएको छ । निश्चित स्थानलाई किटान नगरिए पनि सम्पूर्ण विश्व र वर्तमान अवस्तामा नेपालमा भएको जनसंख्या वृद्धि अनि त्यसले पारेको प्रभावलाई महँगीको चपेटामा पर्नु र सबैले आफ्नो स्वार्थको लागि मात्र काम गर्नु आदि नेपालका जल्दाबल्दा समस्याहरू हुन ।

समग्रमा समसामयिक विषयलाई परिवेशका रूपमा यस कथामा प्रस्तुत गरिएको छ ।

### ५.३.१.४. उद्देश्य

प्रस्तुत कथामा अहिलेका युवावर्गहरूले परिवार नियोजन प्रति व्यवस्था गरेको र त्यसले जनतामा पारेको प्रभाव अनि सबै व्यक्तिहरूले आ-आफ्नो स्वार्थमात्र गरेको प्रवृत्तिलाई प्रमुख उद्देश्य बनाइएको छ । परिवार नियोजनजस्तो विषयलाई युवावर्गले व्यवस्था गरेर जनसंख्या वृद्धि भएको त्यसले महँगी बढाएको पानीको त्यस्तै समस्या र आफ्नो मात्र दुनो सोऱ्याउने प्रवृत्ति आदि सबै जनसंख्या बढ्नुको मूल कारण हो भन्ने उद्देश्य देखिन्छ ।

**५.३.१.५ दृष्टिविन्दु**

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर रामवतारलाई प्रमुख सहभागी बनाएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । युवावर्गले जनसंख्या बढाउन सहयोग गरेको तर परिवार नियोजन गर्नमा अग्रसरता नदेखाएको विचार प्रस्तुत गरिएको छ ।

**५.३.१.६ भाषाशैलीयविन्यास**

प्रस्तुत कथामा सरल, सहज, स्वभाविक भाषाशैलीयविन्यासको प्रयोग गरिएको छ । सरल शब्द र छोटाछोटा वाक्यपठनले कथालाई सहज बनाएको छ । विभिन्न प्रश्नहरूको प्रयोग गरी प्रश्नात्मक शैलीलाई प्रस्तुत गरिएको छ । समग्रमा सरल भाषाशैलीको प्रयोग छ भन्न सकिन्छ ।

निष्कर्षमा जवाफ लघुकथाले के देखाउन खोजेको छ भने महँगी बढ्नु धारामा पानीको समस्या हुनु आदि विभिन्न समस्याको कारण जनसंख्यामा भएको वृद्धिले हो र त्यसको लागि जनसंख्यामा रोकथाम गर्नुपर्छ भन्ने मुख्य सन्देश दिएको छ ।

**५.३.२ गुफा लघुकथाको विश्लेषण**

**५.३.२.१ कथावस्तु**

प्रस्तुत कथामा एउटा गुफाले सहरलाई निल्ने र ओकल्ने गरेको हुन्छ । सम्पूर्ण मानिसहरू गुफाको मुखमा थुप्रने गर्छन् । उनीहरू गुफाभित्र के भइरहेछ भनेर सुनिरहन्छन् ! गुफाभित्र ठूलो आवाज र सानो आवाज सुनिन्छ । ठूलो आवाजले त गधा, चोर, तँ देशघाती भनेको सुनिन्छ भने दरो आवाज पनि तैँ चोर, तैँ गद्या, तैँ देशघाती भनेको सुनिन्छ । गुफाभित्र गोली पड्कन्छ । एउटा घाइते युवक रगतको धारा बगाउँदै बाहिर आउँछ । बाहिर रहेका सबैलाई छुरी भएर, आगो भएर, गुफा भित्र जाओ भन्छ । सबैजना रगतको टिका लगाएर भित्र जान्छन् । उनीहरू मर्न हैन मार्न आएका हुन्छन् । फेरि गोली चल्छ र अन्तिममा गोलीको आवाज बन्द हुन्छ उनीहरू हाँस्दै बाहिर आउँछन् । विजयको नारा लगाउँछन् । गुफाको मुखले भारी आवाज हुने हात खुट्टा भाँचिएको बन्दुक भाचिएको आवाजलाई ओकल्छ । गुफाले मुख बन्द गर्छ सबै नारा लगाउँदै जान्छन् भने कथाको यही अन्त्य हुन्छ ।

यस कथामा कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । गुफाले सहर निलेको र ओकलेकोबाट सुरु भएर, गुफा अगाडि मानिस थुप्रिनु र

गुफाभित्र विभिन्न आवाज सुनिनु आदि भाग हो । गुफामा गोली पड्किनु, घाइते युवक बाहिर आउनु, सबै गुफा भित्र जानु गोली चल्नु मध्य भाग हो । गोली बन्द भएर सबै बाहिर आउनु गुफाले भारी आवाज ओकल्नु, सबै विजयको नारा लगाउँदै जानु अन्त्य भाग हो । कथावस्तुमा आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ ।

समग्रमा यस कथावस्तुले निरङ्कुश शासन चलाउँदै, बसेका निरङ्कुशवादीहरू जति बन्दुकको शासन चलाए पनि अन्तिममा जनताकै जीत हुन्छ भन्ने सन्देश दिएको छ ।

### **५.३.२.२ सहभागी**

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा घाइते युवक र अन्य मानिसहरू रहेका छन् । अप्रत्यक्ष रूपमा ठूलो आवाज र दरो आवाज पनि रहेका छन् । गुफाभित्र ठूलो आवाज र दरो आवाज बीच द्वन्द्व चल्छ । उनीहरूबीचको द्वन्द्वले ठूलो रूप लिन्छ भने घाइते युवक रगत बगाउँदै बाहिर आउँछ । सम्पूर्ण मानिसहरूभित्र गएर लड्छन् र भारी आवाजलाई पराष्त गर्छन् । ठूलो आवाजले निरङ्कुशतावादी शासन चलाएको छ भने दरो आवाजले प्रजातन्त्रलाई प्रतिनिधित्व गरेको छ । निरङ्कुशतावादी ठूलो आवाज बन्दुकले सुरक्षित बनेको छ तर प्रजातन्त्रवादी बन्दुक विना पनि विजय गर्न सफल देखिन्छन् । प्रजातन्त्र ल्याउन एकभन्दा बढी व्यक्तिहरू सहभागी भएर बन्दुकलाई पनि पराजीत तुल्याएका छन् ।

समग्रमा निरङकुशतावादी र प्रजातन्त्रवादी पात्रहरूको प्रतिनिधित्व गर्दै कथावस्तु रोचक बनेको छ ।

### **५.३.२.३ परिवेश**

प्रस्तुत कथामा तत्कालीन निरङ्कुशतावादीहरूले चलाएको शासन र निरङ्कुशताका विरुद्ध जनताले उठाएको आवाज अनि निरङ्कुशताको समाप्तिलाई मुख्य परिवेश बनाइएको छ । स्थानका रूपमा सहर र गुफालाई लिइए पनि यसले नेपालको निरङ्कुशतालाई झल्काएको छ । तत्कालीन समयमा चलाइएको निरङ्कुशताको शासन र त्यसका विरुद्ध जनताले गरेको आन्दोलनलाई प्रमुख समय बनाइएको छ । निरङ्कुशता र प्रजातन्त्रको लडाइ र निरङ्कुशताको पराजयले वातावरण सुखान्त बनेको छ ।

समग्रमा परिवेशले नेपालको निरङ्कुशतावादी शासन र त्यसका विरुद्ध जनताले गरेको संघर्ष नै मुख्य रूपमा आएका छन् ।

### ५.३.२.४ उद्देश्य

प्रस्तुत कथाले निरङ्कुशतावादीहरूले बन्दुकको शासन चलाए पनि धेरै जनताहरू एकजुट भएमा त्यसलाई पराष्त गर्न सकिन्छ भन्ने उद्देश्य दिएको छ । एकले मात्र केही नहुने तर सयौं जनताहरू मिले भने कुनै पनि शक्तिले त्यसलाई छेक्न सक्दैन भन्न खाजिएको छ । निरङ्कुश शासन चलाउनेहरू जहिले पनि बन्दुकको आड लिन्छन् तर प्रजातन्त्र चाहने जनतालाई बन्दुकको कुनै आवश्यकता पर्दैन । निरङ्कुशता चलाउने बन्दुकहरू निरर्थक सावित भएका देखिन्छन् ।

### ५.३.२.५ दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूको सहभागी भएर कथा अगाडि बढेको हुनाले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जनता एकजुट भएमा निरङ्कुशतालाई सजिलै पराजित गर्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ५.३.२.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथा वस्तुमा सरल, सहज, स्वभाविक भाषाशैलीयविन्यासको प्रयोग भएको छ । सरल शब्द र छोटाछोटा वाक्यगठनले कथालाई सहज बनाएको छ । समख्यानात्मक शैलीमा कथा अगाडि बढेको हुनाले कथा रोचक प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । ठूलो आवाज र दरो आवाजको संवाद अत्यन्तै छोटो रहेको छ ।

समग्रमा सरल तथा सहज भाषाशैलीयविन्यासको प्रयोग गरिएको छ । निष्कर्षमा यस लघुकथामा निरङ्कुशता र प्रजातन्त्रबीचको द्वन्द्व देखाएर प्रजातन्त्रको विजय र निरङ्कुशताको पराजय देखाइएको छ । निरङ्कुश शासनले गरेको अन्याय र अत्याचारबाट दिक्क बनेर जनताहरूले गरेको संघर्षले विजय प्राप्त गर्न सक्छ भन्ने मुख्य उद्देश्य देखिन्छ ।

### ५.३.३ पानी

#### ५.३.३.१ कथावस्तु

एउटा बिरामी छोराले आमासँग आमा पानी भन्दै बर्बराईरहेको हुन्छ । आफ्नो बिरामी छोराले पानी मागेको देखेर बाटुली काँचको गिलास लिएर पानीको घैलामा पानी सार्न खोज्छे । घैलामा पानी नभए पछि बाटुली धारातिर लाग्छे । धारामा पनि पानी हुँदैन भने त्यहाँ रित्ता गाग्रा र बाल्टिनहरूको लामो लाम हुन्छ । धारामा पानी नभेटेपछि बाटुली बाह्रै महिना भरिरहने कुवातर्फ लाग्छे । कुवा पनि खङ्ग्रङ्ग सुकेको हुन्छ । त्यहाँ पनि वरिपरि मानिसहरू रित्तो गाग्री र बाल्टिन लिएर उभिएका हुन्छन् । बाटुली घर फर्कन खोज्छे तर बिरामी छोराको *आमा पानी* भन्ने शब्दले उसलाई फर्कन दिन्न फेरि बाटुली स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै खोलातिर लाग्छे । खोलामा दिसापिसाब, फोहोरले भरिएको हुन्छ । दुर्गन्धले भरिए पनि काँचको गिलास डुबाउँछे र सन्तोषको सास फेर्छे । पानी लिएर आउँदै गर्दा बाटुली ढुङ्गामा ठोकिन्छे र पानी पोखिन्छ, गिलास फुट्छ भने छोराको पानी खाने सपना सपना नै रहन्छ र कथावस्तुको अन्त्य हुन्छ ।

यस कथामा रहेको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । बिरामी छोराले बाटुलीसँग आमा पानी भन्दै पानी खान खोज्नु र बाटुली पानी सार्न घैलामा जानु तर पानी नहुनु आदि भाग हो । घैलामा पानी नभएपछि धारामा जानु त्यहाँ पनि पानी नहुनु । कुवातिर जानु, कुवामा पनि नभएपछि खोलामा जानु र खोलाबाट गिलासमा पानी ल्याउनु मध्य भाग हो । खोलाबाट गिलासमा पानी लिएर आउँदा बीच बाटैमा लड्नु र पानी पोखिनु, गिलास फुट्नु अन्त्य भाग हो । आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ ।

समग्रमा अहिलेको पानीको समस्याको यथार्थलाई कलात्मक तरिकाले व्यङ्ग्य गरिएको छ ।

#### ५.३.३.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागिताका रूपमा बाटुली र उसको छोरा रहेका छन् । बाटुलीको छोरा बिरामी अवस्थामा हुन्छ र पानीले साह्रै तिर्खाएको छ । आमासँग पानी पानी भनेर चिच्याउँछ । बाटुली आफ्नो तिर्खाएको छोरालाई पानी खुवाउन विभिन्न ठाउँमा जान्छे तर पानी पाउँदिन । खोलाबाट पानी ल्याए पनि बीचैबाटामा लडेर पानी पोखिन्छ । बाटुली र उसको छोराको सहभागिताले अहिलेको पानीमा

देखिएको समस्या र पानी खानसम्म पनि नपाएका नेपाली वर्गको प्रतिनिधित्व गरेका छन् ।

समग्रमा यस कथाका सहभागीले सम्पूर्ण नेपाली वर्गले भोग्नु परेको पानीको समस्यालाई प्रतिनिधित्व गरेका छन् ।

**५.३.३.३ परिवेश**

प्रस्तुत कथाले अहिलेको पानीको समस्या र आम नेपाली जनताले उपभोग गर्नबाट बञ्चित हुनुपरेको अवस्थालाई मुख्य परिवेश बनाइएको छ । बाटुलीको घर, धारा, कुवा र खोला आदि ठाउँहरू मुख्य स्थानका रूपमा आएका छन् । समयले जल्दोबल्दो अवस्थामा रहेको पानीको समस्यालाई मुख्य केन्द्रविन्दु बनाइएको छ । सम्पूर्ण नेपाली वर्ग पानी खानको लागि पनि तड्पिनु पर्ने अवस्थालाई चित्रण गरेर दुःखद वातावरणको सिर्जना गरिएको छ ।

**५.३.३.४ उद्देश्य**

प्रस्तुत कथावस्तुले पानीजस्तो अति संवेदनशील वस्तुमा पनि खासै केही गर्न नसकेको र आम नागरिक पानी विना तड्पिँदै मरेको नाजुक अवस्थालाई प्रस्तुत गरिएको छ । जलस्रोतको धनी देश तर एक गिलास पानी खान नेपालीहरूले अहिलेसम्म पनि पाएका छैनन् भन्ने यथार्थलाई यस कथाले छर्लङ्ग देखाउन सफल भएको छ । वास्तविक यथार्थलाई कथावस्तुले कलात्मक तरिकामा प्रस्तुत गरेको छ । जतातति पानी आउने धाराहरू पनि अचानक सुकेका छन् र खोलानालामा पनि फोहोर थुप्रिएको छ । यस्तो कहाली लाग्दो नेपालको यथार्थ परिवेश यहाँ प्रस्तुत भएको छ ।

**५.३.३.५ दृष्टिविन्दु**

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रको समख्यानात्मक सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जलस्रोतको धनी भएर पनि नेपालमा पानीको समस्या कति रहेछ भन्ने विचार व्यक्त भएको छ ।

**५.३.३.६ भाषाशैलीयविन्यास**

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल, सहज र स्वभाविक छ । सरल, भाषा र छोटाछोटा वाक्य गठनले कथालाई उत्कृष्ट बनाएको छ । समख्यानात्मक शैलीमा

कथा अगाडि बढेको हुनाले कथा रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । *आमा पानी* भन्ने छोराको वाक्यांशले कथालाई संवेदनशील बनाउन सफल बनेको छ ।

समग्रमा भाषाशैलीयविन्यास सरल, सहज र मनोरञ्जनयुक्त रहेको छ ।

निष्कर्षमा *पानी* लघुकथाले समसामयिक यथार्थलाई देखाउन खोजेको छ । जलस्रोतको धनी देशमा पानी खान पनि जनताले धेरै समस्या झेल्नुपर्दो रहेछ र पानीजस्तो संवेदनशील वस्तुमा सरकारको लार्पवाहीले गर्दा बनेको हो भन्ने यथार्थ कथाले दिन खोजेको छ

### ५.३.४ लड्डू

#### ५.३.४.१ कथावस्तु

एउटा अफिसमा सेक्रेटरीले हाकिमलाई आँ गर्न लगाएर चाँदीको लड्डू खुवाउँछ । चाँदीको लड्डू खाएपछि हाकिम क्या मिठो भन्छ । सेक्रेटरी फेरी अर्को सुनको लड्डू खुवाउँछ भने हाकिम यो त झनै मिठो भन्छ । अरू पनि मिठा लड्डू छन् सर भनेर सेक्रेटरी सोध्छ भने हाकिम के हेरेर बसेको लाटा भन्दै अरू लड्डू पनि मुखमा हाल्न लगाउँछ । सेक्रेटरी पालैपालो कागजको लड्डू, इँटाको लड्डू, सिमेन्टको लड्डू, काठको लड्डू मुखमा हालिदिन्छ । हाकिम आनन्द मान्दै मज्जाले खान्छ । धेरै लड्डू खाएपछि हाकिम बमन गर्न थाल्छ । झ्यालबाट लड्डू बमन गर्न थालेपछि अफिसका कर्मचारी छक्क पर्छन । हाकिमले धाराबाहिक रूपमा लड्डू बमन गरेपछि कर्मचारीहरू लड्डूतिर रमाउँदै जान्छन् । लड्डूतिर दौडिदै गरेका कर्मचारी देखेर हाकिम अनुहार बिगार्छ भने उसको अनुहार घृणाले भरिन्छ । उसको मुखबाट प्याच्च निस्कन्छ स्वार्थी कर्मचारी कोही गतिला छैनन् । यसको कथावस्तु यहीँ अन्त्य हुन्छ ।

यस कथामा आदि, मध्य र अन्त्यको क्रममा कथावस्तु सिर्जना भएको छ । पर्सनल सेक्रेटरीले हाकिमलाई आँ गर्न लगाएबाट कथा आरम्भ हुन्छ र सुन र चाँदीको लड्डू खाएसम्म आदि भाग हो । जब ती लड्डू मिठो हुन थालेपछि क्रमैसँग विभिन्न लड्डू खानु र बढि भएर बमन गर्न थाल्नु मध्य भाग हो । हाकिमले लड्डू बमन गरेपछि सम्पूर्ण कर्मचारी त्यतै कुद्नु र हाकिम कर्मचारीलाई स्वार्थी र कुनै गतिला छैनन् भन्नु अन्त्य भाग हो । आदि, मध्य र अन्त्यको व्यवस्थापमा क्रमिकता देखिन्छ ।

समग्रमा लड्डू लघुकथाले सम्पूर्ण भ्रष्ट कर्मचारी तथा हाकिमको पर्दाफास गरेको छ । लड्डूका कुरा विभिन्न तरिकाले खाएको घूसलाई सङ्केत गरेको छ भने हाकिमले बढी घूस खाने र हाकिम तलका कर्मचारी पनि त्यत्तिकै रूपमा घूस खान तल्लीन देखिन्छ । यस्तो भ्रष्ट प्रशासनप्रति यस कथाले व्यङ्ग्य गरेको छ ।

### ५.३.४.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा अफिसको हाकिम, उसको सेक्रेटरी र अन्य कर्मचारी रहेका छन् । अफिसको हाकिमलाई लड्डू खुवाउन पर्सनल सेक्रेटरीले सहयोग गरिरहेको छ । हाकिम जति लड्डू खाए पनि अघाउँदैन भने बढी खाएर बमन गर्दा अरू कर्मचारी पनि टिप्न पुग्दछन् । सम्पूर्ण कर्मचारी तथा हाकिमले एउटा अफिसमा भ्रष्टाचार गर्ने व्यक्तिहरूको प्रतिनिधित्व गरेका छन् । भ्रष्टचारको स्रोत सेक्रेटरीहरूले देखाउने अफिसका हाकिम जति खाए पनि खानेमात्र र बढी भएर उकालेको कर्मचारीले पाउने अहिलेको भ्रष्ट प्रशासनप्रति लक्षित देखिन्छन् । लड्डूका नाममा अफिसका यी सहभागी पात्रहरूले अनेकौँ घुस खाएको देखिन्छ । आफूलाई अपच हुनेगरी खाएपछि अरूलाई दिने प्रवृत्ति यी कर्मचारीहरूमा रहेको छ ।

समग्रमा यी पात्रहरूले भ्रष्ट प्रशासनका कर्मचारीहरूको प्रतिनिधित्व गरेका छन् ।

### ५.३.४.३ परिवेश

प्रस्तुत कथाले नेपालमा जरा गाडेको अहिलेको भ्रष्टचार संयन्त्रलाई पमुख परिवेश बनाएको छ । सम्पूर्ण नेपाली समाज र सम्पूर्ण प्रशासन क्षेत्रमा भएको भ्रष्टाचार नै कथाको मूल परिवेश हो । स्थानका रूपमा अफिस र त्यहाँ भएका गतिविधिलाई लिन सकिन्छ भने समयले परम्परादेखि चल्दै आएको भ्रष्टचारको प्रवृत्तिले जनाएको छ ।

समग्रमा परिवेशले नेपालको आर्थिक तथा प्रशासनिक क्षेत्रमा भएका भ्रष्टचारका प्रवृत्तिलाई प्रमुख रूपमा उठाइएको छ ।

### ५.३.४.४ उद्देश्य

प्रस्तुत कथाले अफिसका हाकिमहरू भ्रष्टचार गर्न तल्लीन देखिँदा रहेछन् भन्ने सन्दर्भलाई प्रस्तुत गरेको छ । अफिसमा काम गर्ने हाकिम आफू न अघाउन्जेल भ्रष्टचार गर्ने र पछिमात्र अन्य कर्मचारीलाई दिने जुन अहिलेको यथार्थलाई यस कथाले

कलात्मक तरिकाले देखाउन सफल भएको छ । ठूला वा साना जोसुकै कर्मचारी भ्रष्टचारमा तल्लीन देखिन्छ र तिनले समाजलाई नै भ्रष्ट बनाएको यथार्थ यहाँ प्रस्तुत छ । आफूले अघाउन्जेल खाने अनि अरूले थोरै खाए पनि स्वार्थी मान्ने हाकिमहरूको जुन प्रवृत्ति छ त्यसलाई यस कथाले छर्लङ्ग देखाउन सफल भएको छ ।

#### ५.३.४.५ दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूले समख्यानात्मक सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । अफिसमा जुन कर्मचारी पनि भ्रष्टाचारमा संलग्न भएका तर त्यसमा पनि हाकिमहरू बढी भ्रष्टाचार गर्नमा अग्रसर रहेका भन्ने विचार व्यक्त भएको छ ।

#### ५.३.४.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा सरल सहज र स्वभाविक छ । छोटाछोटा वाक्य गठन र सरल भाषाले कथालाई उत्कृष्ट बनाएको छ । समख्यानात्मक शैलीमा कथा अगाडि बढेको हुनाले कथा रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । कागज, सुन, चाँदी, काठ आदिका लड्डूको प्रयोगले भाषालाई व्यङ्ग्यात्मक बनाएको छ । पर्सनल सेक्रेटरी, अफिस जस्ता आगन्तुक शब्दहरूको प्रयोगले भाषाशैलीयविन्यास उत्कृष्ट बनेको छ ।

समग्रमा भाषाशैलीयविन्यास सरल, सहज र मनोरञ्जनयुक्त बनेको छ ।

निष्कर्षमा लड्डू लघुकथाले भ्रष्ट प्रशासन र भ्रष्ट कर्मचारीप्रति व्यङ्ग्य गरिएको छ । अफिसमा बस्ने हाकिम, कर्मचारी र सेक्रेटरी आदि सबै भ्रष्टाचार गर्न पछि पर्दैनन् भन्ने यथार्थलाई यस कथाले प्रष्ट रूपमा देखाएको छ ।

### ५.३.५ तीन लघुकथाको विश्लेषण

#### ५.३.५.१ कथावस्तु

यस कथामा तीनवटा उपशीर्षकका कथाहरू रहेका छन् । प्रश्न एक, प्रश्न दुई र प्रश्न तीन गरेर कथाका शीर्षकहरू दिएका छन् ।

**प्रश्न एक :** प्रश्न एक उपशीर्षक कथामा कुट्नैतिक बिरालो हजारौं सोझा मुसा चपाएर मन्दिर धाउने जान्दा जान्दै उसलाई सधैँ सुनको कचौरामा केशरयुक्त दूध

खुवाइन्छ । यो देखेर सोझासोझा, भोकानाङ्गा र मुसा नखाने अहिंस्रक बिरालोको कमी भइसकेको छ भनेर प्रश्न सोधिएको छ ।

**प्रश्न दुई :** प्रश्न दुईमा गधा, सुँगुर, लाटोकोसेरो, बङ्गुर जान्दाजान्दै पनि उसलाई ठाउँठाउँ महान् घोषित गरिन्छ । अनेक नाटक गरेर ठूलो कुर्सी सुम्पिइन्छ । यस्तो देखे पनि यो देशका अब कुर्सीहरू यति सस्ता भइसकेछन् र योग्य मानिस होइन भैंसी आसनमा बस्छन् भनेर प्रश्न सोधिएको छ ।

**प्रश्न तीन :** विष नभएको, दाँतहरू फुक्लिसकेका डोरीजस्तो सर्पलाई मानिसहरू मट्याङ्ग्रा र लौराले बूढो सर्पमाथि प्रहार गर्छन् । सर्प भाग्न खोज्छ तर सक्दैन । शरीर रगतैरगतले लत्पतिन्छ र आखिर मानिसहरूको संयुक्त हमलाबाट मारिन्छ । यस्तो देखेपछि मार्नुपर्ने विषयुक्त काला मोटा स्वार्थी र विश्वासघाती सर्पहरूको कमी भइसक्यो र ! भनेर प्रश्न सोधिन्छ । यी वस्तुहरूको उत्तर खोज्नेक्रममा नै कथावस्तुको अन्त्य भएको छ ।

प्रस्तुत कथामा प्रश्न एक शीर्षकमा बिरालोको रूपमा कुटनैतिक नियोगमा बसेका व्यक्तिहरू रहेका छन् । उनीहरूले हजारौँ सोझा मुसारूपी जनताहरूलाई चपाएर मन्दिर धाउने गर्छन् । यस्तो जानेर पनि उनीहरूलाई नै किन सुनौलो कचौरामा दूध खुवाइन्छ भने के अब सोझासिधा भोकानाङ्गा व्यक्तिहरूको कमी भएको छ भनेर प्रश्न सोधिएको छ । सोझासिधा व्यक्तिहरूलाई पन्छाएर तिनै बदमास कुटनैतिकहरूलाई नै पाल्नु व्यर्थ देखिन्छ । आफ्नो मर्यादाभन्दा बाहिर गएर बोल्ने र अनेकौँ विषयमा नराम्रा निर्णय गर्ने कुटनैतिक व्यक्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै प्रश्न दुईमा पनि गधा, सुँगुर, लाटकोसेरो बङ्गुरजस्ता व्यक्तिलाई कुर्सीमा राख्नु व्यर्थ छ भन्न खोजिएको छ । योग्य मानिसलाई वास्ता नगरिकन तिनै भैंसीजस्तालाई आसन गराउनु कुर्सीको दुरूपयोग देखिन्छ । त्यस्तै प्रश्न तीनमा एउटा सीधा केही गर्न नसक्ने बूढो मानिसजस्तालाई नै कुटेर मार्ने तर मोटाएका, स्वार्थी विश्वासघाती मानिसहरूलाई केही नगरिएको अवस्थाको चित्रण गरिएको छ ।

समग्रमा यस कथामा छोटाछोटा तीनवटा उपशीर्षकमा रहेका छन् । छोटो रूपमा रचिएका यी कथाहरू मूल तीन लघुकथा शीर्षक भए पनि प्रश्न एक, प्रश्न दुई, प्रश्न तीन गरी छुट्टाछुट्टै रूपमा प्रस्तुत भएका छन् ।

**५.३.५.२ सहभागी**

प्रस्तुत प्रश्न एक उपशीर्षक कथामा कुटनैतिक रूपमा बिरालोलाई प्रस्तुत गरिएको छ । कुटनैतिक बिरालोले एउटा विदेशीबाट आएको कर्मचारीलाई जनाएको छ । उसले आफ्नो मर्यादाविपरीत कार्य गरेको देखिन्छ ।

प्रस्तुत प्रश्न दुई उपशीर्षक कथामा गधा, सुँगुर, बङ्गुर, लाटकोसेरो आदिको प्रयोगले कुर्सीमा बस्ने व्यक्तिहरूलाई प्रतिनिधित्व गरेका छन् । कुर्सीमा बस्न योग्य मान्छे हुँदाहुँदै पनि भैँसी जस्ता व्यक्तिहरूलाई कुर्सीमा बसाउनु व्यर्थ सावित भएको छ ।

प्रस्तुत प्रश्न तीन उपशीर्षक कथामा विष नभएको, दाँत फुक्लिसकेको डोरीजस्तो सर्पको सहभागीले सोझासिधा, राष्ट्रवादी व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ । यस्ता व्यक्तिहरूलाई नै उल्टै कुटेर देशघाती, स्वार्थी व्यक्तिको बचाउ भएको छ ।

समग्रमा योग्य, इमान्दार, राष्ट्रवादी व्यक्तिहरूको उपस्थिति देशमा भए पनि यी सहभागी पात्रहरूले राष्ट्रघाती, अयोग्य व्यक्तिहरूको प्रतिनिधित्व गरेका छन् ।

**५.३.५.३ परिवेश**

प्रस्तुत कथामा कुटनैतिक, राजनैतिक, कुर्सीको दुरूपयोग र सोझा सिधा माथि गरिएको हमला र स्वार्थी विश्वासघातीलाई दिएको छुटलाई प्रमुख परिवेश बनाइएको छ । निश्चित स्थान किटान नगरिए पनि नेपालमा भएको कुट्नैतिक हस्तक्षेप र कुटनैतिकहरूले हस्तक्षेप गरेको अहिलेको अवस्थालाई देखाइएको छ । कुर्सीमा भएको लुछाचुँडी र कुर्सीप्रतिको अहिलेको मोह पनि परिवेशका रूपमा आएका छन् ।

समग्रमा यस कथामा परिवेशले सम्पूर्ण नेपालको यथार्थलाई मुख्य परिवेश बनाएको छ ।

**५.३.५.४ उद्देश्य**

प्रस्तुत कथामा आफ्नो देशमाथि भएको कुटनैतिक हस्तक्षेप देशमा कुर्सीको दुरूपयोग र सोझासिधा जनतालाई हेप्ने प्रवृत्ति तथा विश्वासघातीलाई छुट दिइएको अवस्थालाई देखाउनु मुख्य उद्देश्य देखिन्छ । कुटनैतिक नियोगका व्यक्तिहरू मर्यादा विपरीत कार्य गर्ने, देशमा सही व्यक्तिले कुर्सी नपाएका तर देशलाई अनैतिक खाडलमा लैजानेहरूले मात्र कुर्सी पाउनु र सोझासिधा जनतालाई मात्रै थिचोमिचो गर्ने जुन अहिलेको मानिसहरूमा भएको प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

#### ५.३.५.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा म पात्रका रूपमा नभएर अन्य पात्रहरूको समख्यानात्मक सहभागी भएर कथा अगाडि बढेको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ। कुर्सीको सदुपयोग नगर्नु, साना सोझासिधालाई हेप्नु जुन प्रवृत्ति छ त्यो गर्नु नै अनैतिक कार्य हो भन्ने विचार व्यक्त भएको छ।

#### ५.३.५.६ भाषाशैलीयविन्यास

प्रस्तुत कथामा प्रयोग भएको भाषा, सरल, सहज र स्वभाविक छ। छोटाछोटावाक्य गठनले भाषालाई रोचक र उत्कृष्ट बनाएको छ। कवितात्मक शैलीको प्रयोग भएको छ, जस्तै :

*ऊ कुटनैतिक बिरोलो हो,*

*हजारौँ सोझा मुसा*

*चपाएर मन्दिर घाउने* (पृ.३४)

त्यस्तै अर्को पनि कवितात्मक भाषाको प्रयोग भएको छ, जस्तै :-

*ऊ विष नभएको*

*दाँतहरू फुक्लिसकेको*

*डोरी हो कि भन्ने भ्रम हुने*

*एउटा बुढो सर्प* (पृ. ३४)

यस्तो कवितात्मक भाषाशैलीय विन्यासले कथालाई रोचक बनाउन सफल भएको छ भन्न सकिन्छ।

निष्कर्षमा यस कथामा सोझासिधा, राष्ट्रवादी व्यक्तिहरूले कहिले पनि सही ठाउँमा पुग्न सकेका देखिदैनन् भने अयोग्य, राष्ट्रघाती व्यक्तिहरू जहिले पनि कुर्सीमा बसेर त्यसको दुरूपयोग गरेका छन् भन्ने मुख्य भाव यहाँ व्यक्त भएको छ।

### ५.३.६ म हत्यारा होइन लघुकथाको विश्लेषण

#### ५.३.६.१ कथावस्तु

प्रस्तुत कथामा म पात्रको प्रमुख सहभागी रहेको छ। म पात्र आफ्नो ढोका थुनेर बत्ती निभाउँछ र निद्राले बोझिला आँखा लिएर ओछ्यानमा बस्छ। त्यसैबेला कतै नजिकै ड्याङ् ड्याङ् बन्दुक पड्केको आवाज मेरा कानमा पर्दछ। झ्यालबाट तल

चोकतिर हेर्न पुग्छ । तल चोकमा जनताका नेता पोषणकुमार गोली लागेर ठहर्‍यै भएक हुन्छन् । उनका छातीमा रगतका धाराहरू बगिरहेका हुन्छन् । पोषणकुमारको हत्याले मलाई स्तब्ध तुल्याउँछ । म पात्र चारैतिर यताउति हेर्न थाल्छ र चोकतिरका घरहरूका झ्यालढोकाहरू एक्कासी पटापट बन्द हुन्छन् । हत्या वा झ्याउलामा फसिन्छ भनेर पुरै चोक डरमा कापेको देखिन्छ । चारैतिर चकमन्नको स्थिति देखापर्छ । सधै सत्यका पक्षमा कुर्लने प्यारो नेताको हत्या हुँदा लुकेर बस्ने चोकका मानिसहरूको लाछीपन देखर मलाई आघात लाग्छ । बहुचर्चित नेता भएर पनि आफूलाई तुच्छ सेवक ठान्नेले गरेको यस्तो व्यवहारले मलाई मुटुमा के के रोपिए जस्तो लाग्छ । राष्ट्रका ठूला र सच्चा व्यक्तिहरूको यस्तो स्थिति देखेर मेरो शिर श्रद्धाले निहुरिन्छ । उनी एउटा अडिग, चट्टान र कुनै स्थितिमा पछाडि नपर्ने व्यक्ति थिए ।

म पात्र सम्झन पुग्छ, उनी सत्य र मिठो बोलेर जनताको मन जित्न सफल थिए । देशको खराब हालतमा आँशु बगाउँथे भने ओहदामा बसेर देश भलाईको विरुद्ध आगो ओकल्थे । सत्य र इमान्दारीका पछि नलागेर बेइमानीका पछि लागेका भए यस्तो हालत हुने थिएन ।

प्रस्तुत कथा आदि, मध्य र अन्त्यको स्थितिमा अगाडि बढेको छ । म पात्र आफ्नो कोठामा ढोका थुन्छ, बत्ती निभाउँछ, ओछ्यानमा गएर बस्छ, त्यसैबेला ड्याङ्डयाङ्ग बन्दुक पड्कन्छ र ओछ्यानबाट आँखा खोलेर त्यतैतिर लाग्नु आदि भाग हो । चोकमा जनताका नेता पोषणकुमार गोली लागेर ढल्नु तर गोली हिर्काउने नचिनिनु सम्पूर्ण घरका झ्यालढोका बन्द हुनु देशभक्त माथि गोली लागेर ढलेको देख्दा स्तब्ध बन्नु मध्य भाग हो । सत्य र मिठो बोल्ने र राष्ट्रवादी व्यक्तिको इमान्दारी माथि गरिएको यस्तो हत्या, बेइमानका पछि लागेको भए यस्तो कदापि हुँदैन थियो भन्ने सोच्नु अन्त्य भाग हो । आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता देखिन्छ ।

समग्रमा यस कथाले इमान्दार र सत्यका पक्षमा लाग्नेको कहिले भलो नहुने स्थितिलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

### ५.३.६.२ सहभागी

प्रस्तुत कथामा प्रमुख सहभागीका रूपमा म पात्र रहेको देखिन्छ । म पात्रलाई प्रमुख सहभागी गराएर गौण सहभागीका रूपमा पोषणकुमार राखिएको छ । म पात्र अर्न्तमुखी चरित्र हो । ऊ घरमा एक्लै बसेको छ र राती सुत्ने तरखर गर्छ ।

ओछ्यानमा सुत्न जाँदा गोलीको आवाज सुनिन्छ । म पात्र हेर्न दौडन्छ र पोषणकुमारको हत्याले उसलाई स्तब्ध बनाउँछ । सुनसान बनेको चोकमा एक्लै अनेक सोचिरहन्छ । सत्य र इमान्दारी व्यक्तिमाथि गरिएको यस्तो प्रहारले गर्दा उसलाई स्तब्ध बनाउँछ । सत्य र इमान्दार नबनेको भए कदापि यस्तो हुने थिएन भन्ने सोच्न थाल्छ । पोषणकुमार इमान्दार र देशभक्त नेता हो तर उसलाई तुच्छ सेवक ठान्ने व्यक्तिले उसको हत्या गरेको छ ।

समग्रमा यस कथामा पात्रहरूले इमान्दार व्यक्तिको कुभलो र बेइमान व्यक्तिहरूको जहिले पनि हालीमुहाली हुने स्थितिको प्रतिनिधित्व गरेका छन् ।

### ५.३.६.३ परिवेश

यस कथाको परिवेशका रूपमा म पात्रको घर, कोठा र पोषणकुमारको हत्या भएको चोक स्थानका रूपमा रहेका छन् । त्यस्तै यस कथाको परिवेशमा एक रातको समय रहेको देखिन्छ । राजनैतिक परिवेशलाई मुख्य समय बनाइएको छ । एउटा समय र इमान्दारी व्यक्ति पोषणकमारको हत्याले वातावरण दुःखद बनेको छ ।

समग्रमा यस कथाको परिवेश राजनैतिक र प्रशासनिक क्षेत्रलाई मुख्य रूपमा जनाएको देखिन्छ ।

### ५.३.६.४ उद्देश्य

प्रस्तुत कथामा एउटा सत्य र इमान्दारी व्यक्तिमाथि गरिएको हत्या तथा देशले आवश्यक मानेका व्यक्तिमाथि गरिएको हत्याले जहिले पनि इमान्दारी र त्यसको पराजय भएको अवस्थालाई चित्रण गरेको छ । बेइमान, असत्य र देशघाती व्यक्तिहरूको मात्र बोलबाल रहेको र जहिले पनि उनीहरूकै स्थान माथिल्लो ठाउँमा रहेको अवस्थालाई कलात्मक रूपमा देखाईको छ । सधैं इमान्दार र देशको भलो चाहनेलाई कतै न कतैबाट पछाडि पारिने र जहिले पनि तुच्छ ठान्नेहरूको बोलबाल हुन्छ भन्ने अवस्थालाई यहाँ देखाएको छ ।

### ५.३.६.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा समख्यातामा 'म' पात्र हो र 'म' पात्रको सहभागितामा कथा अगाडि बढेको हुनाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । 'म' पात्रका माध्यमबाट सत्य र इमान्दारी व्यक्तिको जहिले पनि पराजय हुन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ५.३.६.६ भाषाशैलीयविन्यास

यस कथामा सरल, सहज, स्वभाविक भाषाको प्रयोग गरिएको छ । कथामा बोलचालको भाषामा निकट रहेको हुँदा क्लिष्टता र दुर्बोध्यता पाइँदैन । यसमा कथानक सरल ढाँचाको पाइन्छ भने छोटोछोटा वाक्यगठनले कथा रोचक, प्रभावकारी र मनोरञ्जनयुक्त बनेको छ । वर्णनात्मक शैलीमा कथा अगाडि बढेको छ ।

समग्रमा सरल, सहज भाषाशैलीयविन्यासको प्रयोगले कथालाई रोचक बनाएको छ ।

निष्कर्षमा म हत्यारा होइन लघुकथाले सधैं सत्य र न्यायको पक्षमा पर्ने व्यक्तिहरूलाई असत्य र बेइमानहरूले पराजय गराएको यथार्थलाई मूल विषय बनाइएको छ । म पात्रको प्रमुख सहभागी गरिएको यस कथामा भाषाशैली, सरल र सहज छ भन्न सकिन्छ ।

मनिक्रम शर्माका सम्पूर्ण लघुकथाहरूले वर्तमान सन्दर्भमा भएका विकृति विसङ्गतिलाई कलात्मक रूपमा प्रस्तुत गर्न सफल बनेका छन् । समाजमा भएका घटनाहरूको यथार्थलाई शर्माले आफ्ना लघुकथाहरूमा प्रस्तुत गरेका छन् । *जवाफ* कथामा जनसङ्ख्याको वृद्धिको कारण र आ-आफ्नो स्वार्थपूर्ति गर्ने काम मात्र गरेको यथार्थ प्रस्तुत गरिएको छ । *गुफा* लघुकथामा निरङ्कुशतावादीहरूले बन्दुकको शासनमा मात्र सत्ता चलाउन सक्छन तर त्यसका विरुद्धमा जनता एकजुट बनेमा उनीहरूका बन्दुक निरर्थक बन्छन् भन्ने विषयलाई साङ्केतिक रूपमा देखाइको छ । *पानी* लघुकथाले अहिलेको स्थितिमा पानीको समस्याले दिएको विकराल रूपको यथार्थलाई प्रस्तुत गरिएको छ । *लड्डू* लघुकथाले विभिन्न कार्यालयमा भएका भ्रष्टचार, अत्याचारको प्रवृत्तिलाई देखाइएको छ । बढ्दो रूपमा मौलाएको भ्रष्टाचार, अत्याचारको प्रवृत्तिलाई देखाएको छ । बढ्दो रूपमा मौलाएको भ्रष्टचारले अहिलेको प्रशासन यन्त्रमा देखिएको कमजोरीलाई लड्डू लघुकथाले प्रष्टरूपमा देखाउन सफल भएको छ । *तीन* लघुकथाले प्रशासन र देश चलाउने कुर्सीमा सोझासिधा असल व्यक्तिहरू बस्न नसक्नु तर फटाहा, भ्रष्ट भनाउँदा व्यक्तिहरूको हावी देखिएको यथार्थलाई देखाएको छ । *म हत्यारा हैन* कथामा सोझासिधा सत्य र इमान्दारी तथा देशले आवश्यकता मानेका व्यक्तिहरू माथि गरिएका हत्या र सत्यको पराजय भएको अवस्थाको चित्रण गरिएको छ ।

समग्रमा समाजमा देखिएका विकृत-विसङ्गतिलाई लघुकथाका माध्यमबाट समेट्न सक्नु नै कथाकार मनिक्रम शर्माको सफल पक्ष हो ।

## ५.४ अँध्यारासँग जुध्नेहरू एकाङ्की संग्रहको विश्लेषण

नेपाली सहित्यिमा एकाङ्की लेखनका क्षेत्रमा आफ्नो नाम स्थापित गर्न सक्षम मनिक्रम शर्माको **अँध्यारासँग जुध्नेहरू** (२०५७) एकाङ्कीसंग्रह प्रकाशित छ । यस संग्रहमा सातवटा एकाङ्कीहरूको समावेश गरिएको छ । सम्पूर्ण एकाङ्कीहरू **गरिमा** पत्रिकामा प्रकाशित भएका छन् भने एउटा मात्र एकाङ्की *हामी एउटै हौँ* **समकालीन साहित्य**मा प्रकाशित भएको छ । सम्पूर्ण एकाङ्कीहरूलाई समेटेर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठाले संग्रहको रूप दिएको हो भने तिनीहरूको स्रोत विवरण यस प्रकार रहेको छ ।

| क.सं. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १. | जाल | **गरिमा**, वर्ष ११, अङ्क १, २०४९ पौष, पृ. ४०-४५ |
| २. | आवरण | **गरिमा**, वर्ष ११, अङ्क ९, २०५० भदौ, पृ. ९०-९५ |
| ३. | एउटा अन्त्य | **गरिमा**, वर्ष १२, अङ्क ७, २०५१ असार, पृ. ८१-८९ |
| ४. | घोडा, कुर्सी र नाटक | **गरिमा**, वर्ष १३, अङ्क ५, २०५२ वैशाख, पृ. ९०-९५ |
| ५. | अनन्त | **गरिमा**, वर्ष १४, अङ्क ६, २०५३ पौष, पृ. ७३-७६ |
| ६. | अँध्यारासँग जुध्नेहरू | **गरिमा**, वर्ष १५, अङ्क ७, २०५४ असार, पृ. ९३-९९ |
| ७. | हामी एउटै हौ | **समकालीन साहित्य**, वर्ष ८, अङ्क २, २०५५ पौष, पृ.८०-८२ |

मनिक्रम शर्माका एकाङ्कीहरूको विश्लेषण तल क्रमशः गरिएको छ ।

### ५.४.१ हामी एउटै हौ एकाङ्कीको विश्लेषण

#### ५.४.१.१ कथावस्तु

*हामी एउटै हौ* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रहभित्रको पहिलो एकाङ्की हो । यस एकाङ्कीको कथावस्तु जनकको घरमा आयोजित छ । सम्पूर्ण कथावस्तु पारिवारिक धरातलमा आयोजना गरिएको छ । यसका सम्पूर्ण पात्रहरू एउटै परिवारका रहेका छन् । जनक र शान्ति, श्रीमान-श्रीमती हुन भने कमल र विजया उनीहरूका छोराछोरी हुन् । चारै जना टि.भी.मा नृत्य हेरिरहेका हुन्छन् । कमल नृत्य हेर्न मन नलागेपछि टि.भी बन्द गर्छ । कमलले टि.भी बन्द गरेपछि विजया टि.भी. खोल्न खोज्छे

तर कमल खोल्न दिँदैन । विजया बुबालाई खोल्न आग्रह गर्छे तर जनकले भन्दा पनि कमल टि.भी खोल्न मान्दैन र बरु विद्यालयमा खेलेको परिचय खेल खेल्ने भन्छ । कमलको कुरा सुनेपछि सबैजना परिचय खेल खेल्न सहमति जनाउँछन् । जनक सबैलाई परिचय खेल खेल्न तयारी गराउँछन् । सबै आ-आफ्नो परिचय दिन तयार हुन्छन् । सर्वप्रथम जनक कमललाई आफ्नो परिचय दिन लगाउँछन् र क्रमशः शान्ति, विजया र जनकले पनि परिचय दिन्छन् । टि.भी. खोल्ने र बन्द गर्ने विषयबाट एकाङ्कीको सुरुवात भएको छ । महिला, पुरुष, केटा, केटी हुँ भन्ने भावना उनीहरूमा रहेको देखिन्छन् । छोटो परिचय दिएपछि जनकले गम्भीर भएर महिला, पुरुष, जोजो, जेजे भए पनि सबै यस भूमण्डलका प्राणी हौं भन्दै आफ्नो परिचय दिन्छन् । जनकमा महिला पुरुष भेदभाव गर्न हुँदैन हामी भनेका पृथ्वीका प्राणी मात्र हौँ भन्ने भावना रहेको देखिन्छ । जनकका यस्ता कुरा सुनेपछि शान्ति पनि यो विश्व हामीजस्ता मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो भन्छिन् । क्रमशः कमल र विजयाले हामी नेपाली पहाड तराईमा बस्ने गर्छौं भन्दै आफ्नो परिचय दिन्छन् र पहिलो चक्र सकिन्छ । पहिलो परिचय खेलमा उनीहरूमा महिला पुरुष, केटा केटी भए पनि हामी मानव जाति पृथ्वीका प्राणी हौँ भन्ने भावनामा रहेका देखिन्छन् ।

परिचय खेलको दोस्रो चक्रमा पनि उनीहरूले छोटो परिचय दिन्छन् । जनक उनीहरूलाई हामीले जेजस्ता लुगा लगाए पनि मानिस जातिका कलकलाउँदा सन्तति हौँ; हाम्रो जन्मजात छालाको प्राकृतिक पोसाक रहेको छ त्यसलाई कसैले लुगा फेरेझैँ फेर्न पाउँदैन भन्छन् । जनकको परिचय सकिए पछि शान्ति पनि हामी सुखदु:खमा सहभागी हुन सक्ने प्राणी हौँ भन्ने भावना पोख्छिन् । कमल रातो र तातो रगत बोकेका हामी चोटपटक लाग्दा एउटै रातो रङ्ग आउँछ भन्छन् । विजया चाहिँ हामी सबैको शरीरमा एउटै त□व हुन्छ भन्छिन् । जनकले पुनः राष्ट्रका जिउँदा र स्वतन्त्र नागरिक हौँ भन्छन् । उनीहरूको आफ्नो परिचय दिने क्रम सकिन्छ र आफ्नो परिचय दिने क्रम सकिएपछि उनीहरू नेपाल आमाका सन्तान पहिला, पुरुष, केटा, केटी भए पनि हामी एउटै हौँ भन्न भावना पोख्छन् र एकाङ्कीको कथावस्तुको अन्त्य हुन्छ ।

यसरी यस एकाङ्कीको कथावस्तु छोटा भए पनि यसले मह□वपूर्ण भाव व्यक्त गरेको देखिन्छ । यस एकाङ्कीको कथावस्तु आदि, मध्य र अन्त्यको आधारमा अगाडि बढेको छ । जनकको घरमा आयोजना गरिएको कथावस्तु सबैजना टि.भी. हेरिरहेका

हुन्छन् । टि.भी. खोल्ने र बन्द गर्ने क्रममा कथावस्तुको आरम्भ हुन्छ । सबैले परिचय खेल खेल्ने विषयमा सहमति गर्छन् त्यो नै आदि भाग हो । सबैपात्रले छोटो परिचय दिन्छन् र छोटो परिचय पछि आफूलाई विभिन्न तरिकाले प्रस्तुत गर्छन् । उनीहरूमा एउटै हौँ भन्ने भावना व्यक्त नगरुन्जेलको क्रम मध्य भाग हो । पात्रपात्रबीचको परिचय पछि सबको चाहना एउटै विन्दुमा पुगेको देखिन्छ । हामी एउटै हौँ भन्ने भावना व्यक्त गर्छन त्यो यस एकाङ्कीको अन्त्य भाग हो । यस एकाङ्कीको कथावस्तु सुखान्त रहेको छ । यसको कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ । पात्रहरूको आफ्नो परिचय दिनेक्रमबाट सुरु भएको कथावस्तु उनीहरूको परिचय पछि एउटै विन्दुमा केन्द्रित भएका देखिन्छन् । विभिन्न जात जाति धर्म संस्कृति भएपनि 'हामी एउटै हौँ' भन्ने भावना यस एकाङ्कीको कथावस्तुले देखाउँछ । कथावस्तु छोटो भए पनि सन्देशमुलक देखिन्छ ।

### ५.४.१.२ सहभागी

प्रस्तुत एकाङ्कीमा चारजना पात्रहरूको सहभागी रहेको पाइन्छ । सम्पूर्ण पात्रहरू एउटै परिवारका सदस्यहरू रहेका छन् भने उनीहरूको प्रयोगले सम्पूर्ण नेपाली र अझ सिङ्गो मानव जातिकै प्रतिनिधित्व गरेका छन् ।[२४]

बाबु जनक, आमा शान्ति, छोरा कमल र छोरी विजया गरी चार सहभागीको उपस्थिति पाइन्छ ।

जनक : जनक यस एकाङ्कीको प्रमुख सहभागी प्रमुख पात्र हो । ऊ मानवतावादी पात्र हो भने महिला पुरुष भेदभाव नगर्ने एक मानिस र अर्को मानिसबीच भेदभाव नगर्ने दृष्टिकोण भएको गतिशील सहभागी पात्र हो । सकारात्मक दृष्टिकोण राख्ने अनुकूल चरित्र भएको पात्र हो । अहिलेको विश्वमा भेदभाव र छुवाछुत प्रथालाई हटाएर समतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने भावना भएको र सम्पूर्ण मानवको नेतृत्व गर्ने वर्गीय पात्र हो । एकाङ्कीको सुरुदेखि अन्तिमसम्म उपस्थित हुने मञ्चीय सहभागी पात्र हो ।

शान्ति : शान्ति यस एकाङ्कीको प्रमुख सहभागी नारी पात्र हो । शान्ति जनककी श्रीमती हो भने एकाङ्कीभरी देखिने मञ्चीय पात्र हो । उनमा हामी विश्वका मानव हौँ विश्व हामीजस्ता मानवको संग्रहालय र भण्डार हो भन्ने भावना देखिन्छ ।

[२४] लीला लुइटेल, *मनिक्रमको एकाङ्की कौशल,* **गरिमा** २०६०, असार, पृ. ५८ ।

समयअनुसार परिवर्तन हुन सक्ने गतिशील पात्र हो । सम्पूर्ण महिलावर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । राष्ट्र र देशप्रति प्रतिनिधित्व गर्ने महिला सहभागी पात्र हो ।

कमल : कमल यस एकाङ्कीको सहायक सहभागी पुरुष हो । उसको उपस्थिति सहायकका रूपमा देखिन्छ । कमल, जनक र शान्तिको छोरा पनि हो । सुरुदेखि अन्तिमसम्म उसको उपस्थिति देखिएको मञ्चीय सहभागी पात्र हो । बुद्ध र भृकुटी जन्मेको देश रातो र तातो रगत भएका हामी नेपाल आमाका सन्तान हौँ भन्ने भावना उसमा देखिन्छ ।

विजया : विजया यस एकाङ्कीकी सहायक सहभागी नारी पात्र हो । जनक र शान्तिकी छोरी पनि हो । सुरुदेखि अन्तिमसम्म देखिएकी मञ्चीय पात्र हो । परिस्थिति बमोजिम आफूलाई परिवर्तन गर्न सक्ने गतिशील पात्र हो । विजया पनि राष्ट्र र देशप्रति बफादार बेनकी र मानिस मानिसबीच भेदभाव नगर्ने सहभागी पात्र हो ।

यसरी यस एकाङ्कीमा प्रयोग गरिएका सम्पूर्ण सहभागी पात्रहरू देश तथा विश्व भातृत्वको भावना भएका छन् । मानिस मानिसबीचको विभेद गर्नु हुँदैन, काटे रगत सबैको एउटै आउँछ भन्ने उद्देश्य उनीहरूको रहेको छ । सीमित पात्रहरूको सहभागी भएपनि सम्पूर्ण नेपाली र सिङ्गो मानवजातिकै प्रतिनिधित्व गरेका छन् ।

### ५.४.१.३ परिवेश

प्रस्तुत एकाङ्की जनकको घरमा आयोजना गरिएको छ । स्थानका रूपमा जनकको घर आएको छ भने देशका रूपमा नेपाल देश नै देखिन्छ । सम्पूर्ण पात्रहरू नेपाली नै देखिन्छन् । घटना एक दिनको छ भने समयका रूपमा बेलुका देखिन्छ । सोफा, टेबल, घडी, ग्लोब, टि.भी. आदिको प्रयोगले परिवेशलाई सहरिया बनाएको छ । नाटक आयोजना गरिएको समयले अहिलेको भेदभावपूर्ण स्थितिलाई पनि झल्काएको छ भने वातावरण शान्त र सुखद नै देखिन्छ । सामाजिक, सांस्कृतिक, भौगोलिक वातावरण मूल रूपमा देखिन्छ । समाजमा भएका महिला पुरुष एकजात अर्कोजात, एकभाषा अर्को ठाउँको विभेदलाई त्यहाँ प्रस्तुत गरिएको छ । यस्तो किसिमको विभेदलाई अन्त्य गर्नुपर्छ र हामी एउटै हौ भन्ने भावना जगाउनु पर्छ भन्ने परिवेश सिर्जना गरिएको छ । स्थान, समय, वातावरण कालसापेक्ष नै देखिन्छ । कथा र पात्रअनुकूल नै परिवेश सिर्जना गरिएको छ । मूलतः मध्यमवर्गीय परिवेशमा एकाङ्कीको सिर्जना गरिएको छ ।[२५]

---

[२५] ऐजन ।

### ५.४.१.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा द्वन्द्व आन्तरिक र बाह्य दुवै रहेको छ । विजया र कलम टि.भी. खोल्ने र बन्द गर्ने विषयमा द्वन्द्वको स्थिति सृजना हुन्छ । कमल टि.भी. नराख्ने भन्दै बन्द गर्छ भने त्यतिबेला कमल प्रतिकूल स्वभावको देखिन्छ । विजया टि.भी. खोल्ने भन्छे, विजया चाहिँ अनुकूल स्वभावकी देखिन्छे । पात्रपात्रबीच आन्तरिक द्वन्द्व पनि देखिएको छ । पहिला उनीहरू कोही महिला, पुरुष, केटा, केटी हुँ भन्छन् तर अन्तिममा उनीहरूको भावनामा परिवर्तन भएर एक हौ भनेको पनि पाइन्छ । सबैको एउटै उद्देश्य देखिए पछि आन्तरिक द्वन्द्व पनि समाप्त भएको छ ।

### ५.४.१.५ उद्देश्य

यस एकाङ्कीमा मानिस, धर्म, जाति, वर्ण, रहनसहन आदिका आधारमा पृथक भए पनि समग्रमा ऊ मानिस हो भन्ने भावना जागृत भएको देखिन्छ । सबैको रगत एउटै हुन्छ । यसको भेषभूषा, जातजाति, रहनसहनमा फरक देखिए पनि हामी मानव हौँ र सच्चा नेपाली हौँ भन्ने उद्देश्य देखिन्छ । स्वल्प तर प्रतिनिधिमूलक वर्गीय पात्रका माध्यमबाट हामी बाह्य रूपमा जे जस्ता फरक विशेषता बोकेर हिँडे पनि मूल रूपमा मानव हौ भन्ने भावनालाई अभियक्त गर्नु यस एकाङ्कीको अभीष्ट रहेको देखिन्छ ।[२६] यस एकाङ्कीमा प्रयुक्त पात्रहरूले सम्पूर्ण नेपाली र सिङ्गो मानव जातिकै प्रतिनिधित्व गरेका छन् । मूलरूपमा मानवतावादी भाव व्यक्त गर्ने उद्देश्य रहेको देखिन्छ ।

### ५.४.१.६ संवाद

प्रस्तुत एकाङ्कीको संवाद संक्षिप्त रहेको छ । छोटो मिठो र ठेट शब्दको प्रयोग भएको संवादले एकाङ्कीलाई रोचक बनाएको छ । संवाद एक वाक्यदेखि बढी वाक्यसम्मका पनि रहेका छन् । जस्तै :

कमल - (आत्तिदै) रेलगाडि रोक्नुस, बुबा त्यता पुल भत्केको छ ।

विजया - नरोक्नुस् बुबा, त्यस पुलको मरम्मत भइसकेको छ । (पृ. ५)

त्यस्तै गरेर छोटो किसिमको संवाद पनि यहाँ प्रयोग गरिएको छ ।

विजया - दाइ अब टि.भी. खोल्नुस् न !

कमल - हुन्छ (पृ. ८)

यसरी संवाद सरल, सहज र संक्षिप्त एवं पात्रहरूको स्तरअनुकूल रहेको छ ।

---

[२६] ऐजन ।

### ५.४.१.७ भाषाशैली विन्यास

प्रस्तुत एकाङ्की साधारण बोलीचालीको गद्यभाषाको प्रयोग गरिएको छ । सहज रूपमा बोलिने भाषालाई नै नाटककारले नाटकमा प्रयोग गरेका छन् । अङ्कमा विभाजन नभए पनि दृश्य प्रायः छोटो भएकोले नाटकमा कुतुहलता, चरित्र, कथानक आदिको उचित समायोजन गरिएको छ । शिर, वंशज, विजया, शान्तिजस्ता तत्सम भण्डार, माथि, राजधानी, कलकलाउँदा जस्ता तत्भव र पेन्ट, कमेज, रेलगाडी आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । बुबा, करुवा, सारीचोलो, दौरासुरवाल जस्तो ठेट नेपाली शब्दहरूको प्रयोगले एकाङ्कीलाई उत्कृष्ट बनाएको छ । समग्रमा सरल, सहज र बोलाचालीको भाषाले एकाङ्की उत्कष्ट बनेको देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा *हामी एउटै हौ* एकाङ्कीले सम्पूर्ण नेपाली र सिङ्गो विश्वि मानव जातिकै प्रतिनिधित्व गरेको पाइन्छ । सरल नेपाली भाषाको प्रयोग गरिएको यस एकाङ्कीमा विभिन्न जातजाति, भाषाभाषी रहनसहन, महिला पुरुष आदि भए पनि समग्रमा हामी एउटै हौ भन्ने भावना व्यक्त गरिएको छ । यस धर्तीको सर्वश्रेष्ठ प्राणी मानिस धर्म, जाति, वर्ण, रहनसहन आदिका आधारमा पृथक भए पनि ऊ समग्रमा मानिस हो । सबैको रङ्गको रगत रातो र हाडको भन्ने भाव अभिव्यक्त भएको यस एकाङ्कीमा भाषा, भेषभूषा, जातजाति रहनसहन पृथक भएका र भिन्न भौगोलिक अवस्थितिमा बसोबास गरेपनि हामी मूल रूपमा नेपाली हौ र हामी शान्तिप्रिय र राष्ट्रभक्त हौ भन्ने दृष्टिकोणलाई अघि सारिएको छ ।[२७] भाषाशैली, संवाद, परिवेश, चित्रण द्वन्द्व आदिको उचित समायोजनले प्रस्तुत एकाङ्की मञ्चनयोग्य देखापर्छ भन्ने शीर्षक सार्थकताका दृष्टिले पनि सफल रहेको छ ,।

## ५.४.२ घोडा-कुर्सी र नाटक एकाङ्कीको विश्लेषण

### ५.४.२.१ कथावस्तु

*घोडा, कुर्सी र नाटक* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रह भित्रको दोस्रो एकाङ्की हो । यस एकाङ्कीमा निर्देशकका रूपमा सूत्रधार आएको छ । नायक विजय, नायिका निर्मला र खलनायक खड्गे रहेका छन् । यिनीहरू सबै कुर्सीका लोभी रहेका छन् । सूत्रधारले खलनायकको भूमिका निर्वाह गरेको छ । सुरुमा सूत्रधार प्रवेश गरी दर्शकहरूलाई आफू नाटकको निर्देशक हुँ र दर्शकहरूलाई नाटक देखाउँछु भन्छ ।

---

[२७] ऐजन ।

निर्देशक नायक र नायिकालाई मञ्चमा उपस्थित गराउँछ र शौचालयतिर जान्छ । मञ्चमा नायक र नायिकाबीच संवाद सुरु हुन्छ । नायक, नायिकालाई नचिनेको जस्तो अभिनय गर्छ भने नायिका सम्झाउन खोज्छे । नायक नायिकाबीच प्रेमसम्बन्ध पनि रहेको देखिन्छ । नायक र नायिकासँग गरेको संवाद क्रमश अगाडि बढिरहेको हुन्छ । नायिका लण्डनमा पढ्न जाँदा नायकले चिट्ठी नपाएकोमा दुःख प्रकट गर्छे । नायिक पानीको अभावले नुहाउन नपाएर गनाएको छ । नायकको गनाएको शरीर देखेर नायिका भाग्न चाहन्छे तर नायक गन्हाएको शरीरमा पनि आफ्नी प्रेमिकालाई अँगालोमा राख्न चाहन्छ । परम्परादेखि चल्दै आएको गनाउने फोहोरी संस्कृतिलाई झल्काउन चाहन्छ । धारामा पानी नआउने तर महसुल भने तिरिरहनु पर्ने फोहोरी प्रवृत्ति झल्केको देखिन्छ । नायिका पनि नायकको यस्तो व्यवहारबाट खुशी बनेर अँगालोमा बाधिन चाहन्छे ।

यसै क्रममा निर्देशकको आगमन हुन्छ । निर्देशक खलनायक खड्केको भूमिका निर्वाह गर्दछ । खलनायक उनीहरूको प्रेमलीला देखेर थपडी बजाउँछ । नायिकालाई खलनायक खड्गे पनि मन पराउँछ तर नायिका निर्मला मान्दिन । खलनायक विभिन्न प्रलोभन देखाउँछ भने आफूसँग कार, बङ्गला, धेरै सम्पत्ति छ तर नायकसँग छैन भन्छ । नायक त एउटा क्याम्पस पढाउने टिचर मात्र हो र उसले नायिकाको इच्छा पूरा गर्न सक्दैन भन्छ । नायक र नायिकाबीच द्वन्द्व चल्छ । नायिका पनि नायककै पक्षमा लाग्छे र तीनैजना पात्रबीचको द्वन्द्वले संवाद सशक्त बनेको छ । नायक र नायिका धनसम्पत्ति भन्दा मायाप्रेमलाई संसारको ठूलो वा मूल्यवान वस्तु ठान्छन् । यसै क्रममा नेपथ्यमा आवाज सुनिन्छ । अलौकिक घोडा छोडिएको छ त्यो घोडाको पुच्छरमा डोरी बाँधी घुम्नेकुर्सी पनि झुण्डाइएको छ । त्यो गौरवशाली कुर्सीमा एक से एक व्यक्तिहरू पछि लागेका छन् । तर अहिलेसम्म कोही बस्न सकेका छैनन् । त्यसमा बस्ने मान्छे सधै शक्तिमान हुन्छ भनिन्छ । यस्तो आवाज सुनेपछि उनीहरूबीच कुर्सी पाउने विषयमा विवाद चल्छ । नायक, नायिका र खलनायक तीनैजना कुर्सीको दाबी गर्छन् । नायिका कुर्सीमा बस्न नदिए पनि नायिकासँगको प्रेमलाई पनि त्याग्न सक्ने विचार राख्छ । नायिका पनि त्यस्तै विचार राख्छे । नायक कुर्सी पाएमा देश चलाउने दाउमा देखिन्छ । नायिका पनि कुर्सी पाएमा अन्तर्राष्ट्रियस्तरको केटासँग विवाह गर्ने विचार गर्छे । खलनायक यस्ता पनि प्रेमीप्रेमिका भन्दै आफू कुर्सी पाएमा देशमा

हिट्लरी शासन चलाउने र विश्वसुन्दरीको ताँती नै लगाउने छु भन्छ । यतिबेला नाटकमा चरम द्वन्द्वको स्थिति देखिन्छ । यसैक्रममा घोडा उनीहरूतिर आइरहेको हुन्छ र तीनैजना घोडाको पछिपछि कुर्सी समाउन जान्छन् । घोडा रोकिँदैन अगाडि बढिरहन्छ भने उनीहरू कुर्सीमा समाउन पुग्छन् तर घोडा नरोकिएपछि उनीहरू घस्रिन पुग्छन् । घोडा अगाडि बढि रहन्छ र यसबेला एकाङ्कीको द्वन्द्व उत्कर्षमा पुगेको देखिन्छ । तीनैजना कुर्सीमा लुछाचुँडी गरेको अवस्थालाई रोचक तुल्याएको छ । यस एकाङ्कीको कथावस्तुको अन्त्य हुन्छ ।

यसरी यस एकाङ्की कथावस्तुको मानिसहरूमा कुर्सीको मोह कति हुँदोरहेछ भनेर देखाउन खोजिएको छ । यसको कथावस्तुले अदि मध्य र अन्त्यको स्थितिको सिर्जना गरेको छ । सूत्रधारको प्रवेशसँगै एकाङ्कीको कथावस्तुको आरम्भ हुन्छ र नायक नायिकाको संवादसँगै अँगालोमा बाँधिन खोज्नेसम्मको भाग नै आदि भाग हो । जब निर्देशकको रूपमा खलनायक आउँछ, द्वन्द्वको स्थितिको सिर्जना हुन्छ । नायक, खलनायकबीच नायिका विषयमा द्वन्द्व चल्छ । खलनायक नायिकालाई मन पराउँछ तर नायिका मान्दिन त्यस्तै नायक पनि मान्दैन भने यहाँ नायक र नायिका एक पक्षमा र खलनायक अर्को पक्षमा देखिन्छन् । त्यस्तै कुर्सी पाउने विषयमा पनि यिनीहरूको द्वन्द्व देखिन्छ । तीनैजना कुर्सीका लागि संघर्ष गर्न चाहन्छन् जब घोडाको पुच्छरमा कुर्सी झुण्डिएर आउँछ त्यहाँसम्मको भाग नै मध्य भाग हो । कुर्सीका लागि उनीहरू दौडन्छन् र लुछाँचुडी गर्छन, घोडा रोकिँदैन, घोडाको पुच्छरमा घस्रिदै जान्छन् त्यो नै कथावस्तुको अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको देखिन्छ र अन्वित्तित्रयको राम्रो पालना गरिएको छ ।

समग्रमा कथावस्तुले मानिसहरू कुर्सी पाउनेका लागि जस्तोसुकै कुकृत्य गर्न पनि पछि पर्दा रहनेछन् भन्ने मूलभाव व्यक्त गरेको देखिन्छ ।

### ५.४.२.२ सहभागी

प्रस्तुत एकाङ्कीमा चारजना पात्रहरूको सहभागी रहेको छ । सीमित पात्रहरूको सहभागी हुनुपर्छ भन्ने मान्यताबमोजिम नै पात्रहरूको चयन गरिएको छ । यसमा पात्रहरूलाई कुनै नाम नदिएर निर्देशक, नायिक, नायिका र खलनायक भनेर गरिएको छ । निर्देशक सूत्रधारका रूपमा आएको छ भने नायक, नायिका र खलनायक पनि रहेका छन् । तीनैजना स्वार्थी प्रवृत्तिका देखिन्छन् । उनीहरू कुर्सीका भोका र

कुर्सी पाएपछि सम्पूर्ण मूल्य मान्यता बिर्सन सक्ने प्रवृत्ति उनीहरूको रहेको छ ।

**नायक**

नायक यस एकाङ्कीको प्रमुख सहभागी पुरुष पात्र हो । एकाङ्कीमा उसको नाम विजय रहेको छ । नायिकासँग उसको प्रेम सम्वन्ध रहेको हुन्छ । नायकसँग अनुकूल र प्रतिकूल दुईवटै स्वभाव देखिन्छ । सुरुका नायिकालाई मन पराउने नायक विजय पछि नायिकालाई त्याग्न खोज्छ । सच्चा प्रेम गर्नुपर्छ र सच्चा प्रेम नै मूल्यवान बस्तु हो भन्ने विचार भएको विजय अनुकूल प्रवृत्ति देखिन्छ तर जब कुर्सीको लोभमा परेपछि आफ्नो सच्चाप्रेम त्याग्न खोज्दै प्रतिकूल स्वभाव पनि देखाउँछ । सुरु देखि अन्तिम सम्मको उपस्थिति भएको मञ्चीय पात्र हो र परिवर्तनशील भइरहने गतिशील स्वभाव भएको पात्र पनि हो ।

**नायिका**

नायिका पनि त्यस्तै चरित्र भएकी प्रमुख जारी पात्र हो । अनुकूल प्रतिकूल स्वभाव उसमा पनि देखिन्छ । नायकसँग प्रेम गर्ने नायिका कुर्सी पाएमा आफ्नो प्रेम त्याग्न सक्ने विचार राख्छे र अन्तराष्ट्रिय स्तरको केटासँग विवाह गर्न चाहन्छे । नायिका सुरुदेखि मञ्चमा उपस्थिति भएकी मञ्चीय पात्र पनि हो । परिस्थितिअनुसार परिवर्तन गर्न सक्ने गतिशील चरित्र भएकी सहभागी पात्र हो ।

**निर्देशक**

निर्देशक नाटकमा सूत्रधारको रूपमा देखिएको सहायक सहभागी पुरुष पात्र हो । नायक र नायिकालाई मञ्चमा परिचय गराएर हराउँछ भने केही समय पछि उसको उपस्थिति खलनायकका रूपमा देखिन्छ । निर्देशकका रूपमा सुरुमा, बीचमा र अन्त्यमा सामान्य उपस्थिति देखिन्छ ।

**खलनायक**

खलनायक खड्गे नाम गरेको सहायक सहभागी भएको पुरुष पात्र हो । आर्थिक रूपमा साह्रै मजबुद देखिने सम्पन्न वर्गको नेतृत्व गर्ने वर्गीय पात्र हो । घर, कार, बङगला, आदि भौतिक साधनले सम्पन्न देखिन्छ । पुरै खलपात्रको रूपमा देखिएको प्रतिकूल प्रवृति भएको सहभागी पात्र हो । मञ्चमा उपस्थिति भएको मञ्चीय पात्र पनि

हो भने कुर्सी पाएमा विश्वसुन्दरीको ताँती नै लगाउँछु भन्ने स्वार्थी पात्र हो भन्न सकिन्छ ।

समग्रमा यी पात्रहरूलाई नाम नदिएर निर्देशक, नायक, नायिका खलनायक आदिको नाम दिइएको छ । वर्तमान परिस्थितिमा आदर्शको खोल ओढेर अनैतिक कार्य गर्ने स्वभाव भएका स्वार्थी पात्रहरू हुन ।

**५.४.२.३ परिवेश**

प्रस्तुत एकाङ्कीको आयोजना नाट्यशालामा आयोजना गरिएको छ । सम्पुर्ण कार्यव्यापार मञ्चमा नै निमार्ण गरिएकोले मञ्चको साजसज्जा पनि रोमाञ्चक नै देखिन्छ । स्थानका रूपमा नेपाल देश नै रहेको छ भने पात्रहरू नेपाली नै देखिन्छन् । एकाङ्कीमा निर्देशकले पात्रको परिचय गराउने काम गरेका छन । धारामा पानी नआउने तर महसुल भने तिरिरहनु मर्ने तत्कालीन तथा वर्तमान अवस्थाको समयप्रति व्यङ्ग्य गरिएको छ । मानिसहरूको कुर्सीप्रतिको मोहलाई झल्काइएको छ । वातावरण दुःखद किसिमको नै रहेको छ । समय, स्थान काल सापेक्ष परिवेशको निमार्ण गरिएको छ । सम्पूर्ण नेपालको राजनैतिक परिवेशलाई प्रमुख रूपमा समेट्न एकाङ्की सफल देखिन्छ ।

समग्रमा तत्कालीन प्रजातन्त्र प्राप्ति पछिको परिवेशलाई समेटिए पनि वर्तमान समयमा मानिसहरूको कुर्सी प्रतिको मोहलाई परिवेश बनाइएको छ ।

**५.४.२.४. द्वन्द्व**

प्रस्तुत एकाङ्कीमा आन्तरिक तथा बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको छ । नायक, नायिका, खलनायकका वीच बाह्रय द्वन्द्व देखाइएको छ । नायिकालाई खलनायकले पनि मन पराउने तथा नायक र खलनायकका वीचमा द्वन्द्व चलेको छ । कुर्सी पाउनको लागि पनि तीनैजनाका वीचमा द्वन्द्व चलेको देखिन्छ । सुरुमा यस एकाङ्कीमा प्रेम पाउनका लागि द्वन्द्व चलेको छ भने पछि गएर कुर्सी पाउनको लागि द्वन्द्व चलेको देखिन्छ । तीनै जना पात्रहरू कुर्सी पाउनका लागि लुछाचुँडी गर्छन र कुर्सीसँगै घस्रिँदै जान्छन् । त्यसवेला द्वन्द्वले उत्कर्षता प्राप्त गरेको देखिन्छ । आन्तरिक द्वन्द्व पनि सशक्त रूपमा आएको छ । नायक नायिका प्रेम गर्छन तर कुर्सी पाएमा प्रेमलाई त्याग्न पनि सक्ने विचार उनीहरू पोख्छन् । यहाँ पात्रपात्रवीच आन्तरिक द्वन्द्व सशक्त रूपमा अगाडि वढेको देखिन्छ ।

समग्रमा भन्नुपर्दा पवित्र प्रेम र स्वार्थी प्रेमका वीचमा भएमो द्वन्द्व र कुर्सीका लागि गरिएको बाह्य द्वन्द्वले गर्दा एकाङ्कीमा द्वन्द्व सशक्त बनेको छ भन्न सकिन्छ ।

### ५.४.२.५. उद्देश्य

प्रस्तुत एकाङ्कीले देशमा देखिएको विकृति र विसङगतिलाई उजागर गरेको छ । धन, सम्पति तथा पदका लागि मानिसले कतिसम्म निच काम गर्न सक्छ भन्ने उद्देश्य यहाँ देखाइएको छ । पद तथा कुर्सी पाउनको लागि मानिस आफ्नो र अर्काको कोही चिन्दैन भन्ने उद्देश्य यस एकाङ्कीले यहाँ देखाउन खोजेको छ । पदको लुछाचुँडीले मानिसको नैतिकतालाई गुमाएको देखिन्छ । वर्तमान सन्र्दमा कुर्सी नै सर्वोपरि ठानेर त्यसैका लागि मरिमेट्ने मानवीय प्रवृत्ति प्रति व्यङ्ग्य गरिएको छ । वर्तमान अराजक स्थितिको पर्दाफास गरिएको यस एकाङ्कीमा आर्दशका आवरणद्वारा ढाकिएको मान्छेले मौका पर्दा कसरी आफ्नो स्वार्थी स्वभावलाई अभिव्यक्त गर्छन् भन्ने कुरालाई कुशलताका साथ प्रस्तुत गरिएको छ । वर्तमान सन्दर्भमा कुर्सी नै सर्वोपरि ठानेर त्यसैका लागि मरिमेट्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । वर्तमान अराजक स्थितिको पर्दाफास गरिएको यस एकाङ्कीमा आदर्शको आवरणद्वारा ढाकिएको मान्छेले मौका पर्दा कसरी आफ्नो स्वार्थ स्वभावलाई अभिव्यक्त गर्छ भन्ने कुरालाई कुशलताका साथ प्रस्तुत गरिएको छ ।[२८] मानिस आफ्नो आर्दश भित्र पनि विभिन्न कुटिल चाल चाल्न सक्छ भन्ने आशय यहाँ प्रस्तुत गरिएको छ ।

### ५.४.२.६. संवाद

प्रस्तुत एकाङ्कीमा संवाद, सरल, तथा छोटो नै देखिन्छ । मिठो तथा सरल संवादले एकाङ्कीलाई रोचक बनाएको छ । एक पंक्तिदेखि सात पंक्तिसम्मको संवादले एकाङ्की उत्कृष्ट बनेको देखिन्छ । प्रश्नात्मक शैलीको संवाद पनि प्रयोग गरिएको छ । जस्तैः

नायिकाः (प्रश्न गर्दै) यो तिमी के भन्दैछौ ?

नायकः म जे भन्दैछु, एकदमै ठीक भन्दैछु (पृ.१३)

त्यस्तै एकाङ्कीमा प्रणय भावनाको संवादहरू पनि प्रशस्त प्रयोग भएको देखिन्छ जस्तै ।

---

[२८] ऐजन ।

नायिकाः म आउँदैछु तिम्रो अगालोमा, विजय (पृ.१६)

नायकः आउ निर्मला, छिटो आउ, तिमीलाई अङकमाल गर्न मेरा दुबै हातहरू स्वागतका लागि फिंजिएका छन् । (पृ.१७)

समग्रमा संवाद सरल, सहज, हास्यमय र संक्षिप्तता एवं पात्रहरूको स्तर अनुकूल रहेको छ ।

**५.४.२.७ भाषाशैलीयविन्यास**

प्रस्तुत एकाङ्कीमा गद्य भाषाको राम्रो प्रयोग गरिएको छ । छोटाछोटा संवाद तथा सहज बोलिने भाषा र वोलीचालीको भाषिक प्रयोगले एकाङ्की उत्कृष्ट देखिन्छ । नायक नायिकाको संवादमा प्रणयमूलक भावहरू रोचक छन भने खलनायकको संवादमा द्वन्द्वात्मक तथा कौतुहलपूर्ण देखिन्छन । कन्या, पोसाक, सुन्दर, घृणा जस्ता तत्सम, दूध, बेकार, सरासर, जस्ता तत्भव र लण्डन, टेपरेकर्डर, सिकार, डाइरेक्टर जस्ता, आगन्तुक शब्दको प्रयोग गरिएको छ । ल, त, रे आदि निपातको प्रयोग मामाको घोडा, मेरो हटहट ! जस्ता उखान र ऐया बाबा घैया पाक्यो च्यूरी कुटाइदेऊ । चयूरी खादाँ दाँत दुख्यो दूधमा भिजाइदेऊ जस्ता लोकगीतको प्रयोगले भाषाशैलीयविन्यास उत्कृष्ठ बनेको छ । छोटा सरल संवाद तथा बोलीचालीको भाषिक प्रयोग पाइने यस एकाङ्कीलाई लोकगीत, उखान, टुक्का, र अनुकरणात्मक शब्दको समावेशले रोचक र आर्कषक बनाएको छ ।[२९]

सहज, सरल र स्वभाषिक भाषाशैलीयविन्यासले एकाङ्कीलाई रोचक बनाएको छ । निष्कर्षमा भन्नुपर्दा यस एकाङ्कीले वर्तमान समसामयिक अवस्थालाई व्यङग्य गरेको छ । कुर्सी नै सर्वोपरि ठानिएको अवस्थालाई जस्ताको तस्तै देखाउन खोजिएको छ । जतिसुकै आर्दशका कुरा गरे पनि मौका पाउनसाथ मान्छेले आफ्नो स्वार्थ पुरा गर्छ भन्ने अभिव्यक्ति यस एकाङ्कीले दिएको छ ।

**५.४.३ जाल एकाङ्कीको विश्लेषण**

**५.४.३.१ कथावस्तु**

*जाल* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रहभित्रको तेस्रो एकाङकी हो । यस एकाङ्कीको कथावस्तु कुनै एउटा पार्कमा आयोजना गरिएको छ । ६ जना पात्रहरूको

[२९] ऐजन ।

चयन यहाँ गरिएको छ युवक, युवती, जँडयाँहा, तन्नेरी, बूढो र साधू यहाँ आएका पात्रहरू हुन । युवकको नाम रमेश र युवतीको नाम सिर्जना रहेको हुन्छ । एकाङ्कीमा मञ्चको साजसज्जा गरिएको छैन । चौतारामा युवकको प्रवेश हुन्छ भने उसले कसैलाई पर्खिरहेको जस्तो देखिन्छ । युवकलाई भेट्न युवती त्यहाँ आउँछे र उनीहरूबीच प्रेमसम्वन्ध चल्न थाल्छ । युवक र युवतीबीच पहिलादेखि नै प्रेमसम्वन्ध रहेको हुन्छ तर केटीको बाबुलाई दामोदर भन्ने नेताले धम्की दिएर आफ्नो छोरसँग विवाह गर्न खोजिरहेको हुन्छ । दामोदरवाट बारम्बार यस्तो धम्की आएपछि केटीले आफ्नो प्रेमी मान्दै प्रेममा खेलवाड गर्न हुदैन भन्छ । खेलवाड नगरेपनि २४ घण्टा भित्र निर्णय नदिए जिउँदै खाडलमा पुर्छ भन्छे । दामोदरको धम्कीसँग उनीहरू लड्न चाहन्छन र दुवैजना संघर्ष गर्न तयार बन्छन् ।

यसपछि जँड्याहा जथाभावी फलाक्दै आउँछ भने सम्पत्ति नभएर आफ्नो छोराछोरी र स्वास्नीलाई बचाउन नसकेको दुःख प्रकट गर्छ । यत्तिकैमा अर्को तन्नेरी पनि जागिर खोसिएर भौँतारिदै हिडेको हुन्छ । त्यस्तै अर्को पीडा भएको व्यक्ति पनि त्यहाँ आइपुग्छ । उनीहरूवीच संवाद चल्न थाल्छ । बूढो र तन्नेरीलाई दामोदर भन्ने नेताले आफ्नो कम्पनीबाट निकालेको हुन्छ । उनीहरू इमान्दार र देशभक्त कर्मचारी थिए तर त्यो दामोदरलाई उचित लाग्दैन । दामोदरवाट निकालिएपछि अव के गर्ने भन्ने विषयमा उनीहरू सोचिरहेका हुन्छन् ।

यसै क्रममा केही समयपछि साधुको प्रवेश हुन्छ र साधु पाँचैजना बसेको ठाउँमा आएर बस्छ । सबैजनाले साधुसँग आफ्नो दुःखकष्ट बताउँछन् । साधुलाई दामोदरले त्यहाँ पठाएको हुन्छ तर त्यो सब कसैले पनि थाहा पाउँदैनन् । सबैको समस्या दामोदरले बताएको हुन्छ र साधुले उनीहरूको समस्याबारे पहिला नै थाहापाइ सकेको हुन्छ । सबैलाई साधुले दुःख कष्ट, समस्याबाट, बच्न अन्याय, अत्याचार र महंगीको बिरोधमा आवाज घन्काओ र हिमाल हल्लाओ भन्छ । तिमीहरूका आवाज सुनेर अरू मौन आवाजहरू आफैँ घन्कून, दुनियाँलाई जगाऔँ त्यसैमा तिमीहरूको कल्याण हुन्छ भन्छ । यति भनेर त्यहाँबाट साधु अलाप हुन्छ भने सबैजना अन्यायका विरुद्ध नारा लगाउन थाल्छन् । जड्याहा त्यसको नेतृत्व गर्छ भने अरू सबै जना त्यसको पक्षमा लाग्छन् । दामोदर मुर्दाबाद, दृष्ट दमोदर माछौं माछौं, हाम्रो एकता जिन्दाबाद भन्ने नारा लगाउँछन् । सबैले नारा लगाएपछि साधु कुटिल पाराले हाँस्छ र

आफ्नो झोलाबाट जाल झिकेर सबैलाई त्यसमा पार्छ । अन्याय, अत्याचार महङ्गीको नाममा महान् नेता दामोदरको बद्नाम गरेको भन्दै सबैजनालाई गिरफ्तार गर्छ भने त्यो बेला साधु पुलिसको भेषमा देखिन्छ । सबै जना जालभित्र नारा लगाउँछन्, साधु सकिनसकि तानिरहन्छ । यसैक्रममा एकाङ्कीको कथावस्तुको अन्त्य हुन्छ ।

जसरी *जाल* एकाङ्कीको कथावस्तु आदि, मध्य र अन्त्यको स्थितिमा अगाडि बढेको देखिन्छ । एकाङ्की युवक र युवतीबीचको संवादबाट सुरुभएको कथावस्तु उनीहरूबीच संघर्ष गर्ने सहमति भएको भाग नै आदि भाग हो । जड्याँहा, तन्नेरी र बूढो पीडित रूपमा देखिन्छ । उनीहरूबीचमा पनि दामोदरसँग कसरी बदला लिने भन्ने सोचाइ देखिन्छ । बूढो र तन्नेरीबीच विभिन्न संवाद चल्छ, त्यसमा साधुको प्रवेश नहुञ्जेलसम्म नै मध्य भाग हो । जब साधुको प्रवेश हुन्छ र सबलाई संघर्ष गर्न सिकाउँछ भने सबैजना संघर्षको आवाज उठाउँछन् र साधु उनीहरूलाई जालमा पार्छ त्यो नै अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ । युवक र युवतीको संवादबाट सुरु भएर बीचमा अनेकौं पात्रहरूको संवाद तथा अन्तिममा जाली फटाहाबाट जेलमा जानु नै कथावस्तुको क्रमिकता देखिन्छ । असल र सोझा पात्रहरू जालमा परेकोले कथावस्तुले दुःखद स्थितिको सिर्जना गरेको देखिन्छ ।

समग्रमा कथावस्तुले प्रशासन, पुलिस, समाज र अनेकौं ठूला भनाउँदाहरूले सोझासिधा तथा चरित्रवान व्यक्तिहरूलाई अनेकौं षड्यन्त्र गरेर भए पनि फसाउन सक्छन् भन्ने भाव व्यक्त गरिएको छ ।

### ५.४.३.२ सहभागी

प्रस्तुत एकाङ्कीमा ६ जना पात्रहरूको प्रमुख सहभागी रहेको छ । सबै पात्रहरूलाई नाम नदिएर युवक, युवती, तन्नेरी, बूढो र साधु भनेर चिनाइएको छ । युवक, युवती, बूढाले अन्याय, अत्याचार र महँगीको चपेटामा पिल्सिएका वर्गहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्रका छन् । साधुले सम्पत्ति र पदको भरमा अरू माथि अन्याय गर्ने हुने खाने वर्गको प्रतिनिधित्व गरेको देखिन्छ ।

युवक : युवक यस एकाङ्कीको प्रमुख सहभागी पुरुष पात्र हो । उसले युवती सिर्जनालाई मन पराउँछ । ऊ सिधा सोझो छ तब सिर्जनासँगको प्रेम सफल हुन पाउँदैन । सोझो सिधा सरल खालको र सत् चरित्रको अनुकूल पात्र हो । मञ्चमा प्रत्यक्ष रूपमा उपस्थिति जनाउने मञ्चीय पात्र हो । परिस्थितिअनुसार परिवर्तन

भइरहने गतिशील स्वभाव भएको सहभागी पात्र हो । सम्पूर्ण युवा वर्गहरूको प्रतिनिधित्व गर्ने वर्गीय सहभागी पात्र हो ।

युवती : युवती यस एकाङ्कीकी एकमात्र प्रमुख सहभागी स्त्री पात्र हो । उसले युवकसँग प्रेम गरेकी छे भने उसको बुबालाई नेता दामोदरले आफ्नो छोरासँग विवाह गर्न बाध्य बनाएको छ त्यसैले ऊ पीडित महिलाहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । एकाङ्कीमा उसको प्रत्यक्ष संलग्नता देखिन्छ त्यसैले मञ्चीय पात्र पनि हो भने परिस्थितिअनुसार परिवर्तन गर्नसक्ने गतिशील स्वभाव भएकी सहभागी पात्र हो ।

जड्याहा : जड्याहा यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । उसको उपस्थिति मध्यभागमा र अन्तिम भागमा देखिन्छ । जड्याहा मञ्चीय पात्र हो भने गरिब र पैसाको अभावमा आफ्नो छोरा र स्वास्नी गुमाएको पीडित वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ।

तन्नेरी : तन्नेरी जागिर खोजिएको पीडित सहायक सहभागी पुरुष पात्र हो । दामोदरको उपहार कम्पनीमा काम गर्‍यो र दामोदरले उसलाई आफ्नी पी.ए.लाई हात पात गरेको भन्दै निकाली दिएको हुन्छ । गरिब तथा जागिरबाट निकालिएको पीडित वर्गको नेतृत्व गर्ने वर्गीय पात्र हो । एकाङ्कीमा उसको उपस्थिति सहजै रूपमा भएको हुनाले गतिशील तथा मञ्चीय पात्र हो ।

बूढो : बूढो पनि यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । उसले पनि यस्तै पीडित वर्गहरूको प्रतिनिधित्व गरेको छ । मञ्चीय पात्र हो भने उसले गतिशील स्वभाव पनि रहेको देखिन्छ । अन्यायमा विरुद्ध लड्नु पर्छ भन्ने भावना उसमा देखिन्छ ।

साधु : साधु पनि यस एकाङ्कीको सहायक, सहभागी, पुरुष पात्र हो । पैसाको भरमा जे पनि गर्न सक्ने स्वार्थी व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ । दामोदरजस्ता फटाहा नेताले किनिसकेका यस्ता चरित्रहिन व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ । साधु पनि मञ्चीय पात्र हो ।

समग्रमा यी पात्रहरूलाई नाम नदिएर युवक, युवती, जँड्याहा, तन्नेरी, बूढो, साधु आदिको नाम दिइएको छ । वर्तमान संकटपूर्ण अवस्थामा सोझासीधा व्यक्तिहरूलाई जीवन गुजारा गर्न पनि कठिन परिरहेको हुन्छ भन्ने अवस्था यहाँका वर्गीय पात्रहरूको सहभागीले व्यक्त गरेको देखिन्छ ।

### ५.४.३.३ परिवेश

*जाल* एकाङ्कीको परिवेश कुनै एउटा पार्कमा आयोजना गरिएको छ । मञ्चको खासै साजसज्जा गरिएको देखिँदैन । पीपलको बोट, चौतारो, केही बेञ्जको प्रयोग गरिएको छ । स्थानमा रूपमा त्यही पार्क रहेको छ भने सम्पूर्ण घटनाहरू त्यही पार्कमा घटेका छन् । समयका रूपमा सम्पूर्ण कार्यव्यापार दिउँसोको समयमा अगाडि बढेका छन् भने समयले वर्तमान अवस्थालाई पनि व्यङ्ग्य गरेको छ । अहिलेको अवस्थामा पुलिस, प्रशासन समाजका ठूला भनाउँदाहरूलाई भ्रष्ट व्यक्तिहरूले सजिलै किनेको अवस्थाप्रति यस एकाङ्कीको परिवेशले व्यङ्ग्य गरेको छ । एकाङ्कीको वातावरण दुःखद देखिन्छ किनभने सच्चरित्र व्यक्तिलाई जेलमा हाल्न भ्रष्टहरू सफल बनेका छन् । समय, स्थान र परिवेश समयसापेक्ष नै देखिन्छ ।

यस एकाङ्कीको परिवेशले समग्रमा नेपालको भ्रष्ट प्रशासन, स्वार्थी व्यक्तिहरूको हालीमुहालीको चित्रण देखाउनुका साथै सोझासिधालाई बाँच्न परेको संकटको अवस्थालाई परिवेशले समेटेको देखिन्छ ।

### ५.४.३.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा आन्तरिक तथा बाह्य द्वन्द्वको सिर्जना भएको छ । युवायुवतीबीच प्रेम सम्बन्ध रहेको हुन्छ भने उनीहरूबीचको प्रेमसम्बन्ध सफल नहुने भएपछि त्यसका विरुद्ध संघर्ष गर्ने कि नगर्ने भन्ने विषयमा आन्तरिक द्वन्द्व चलेको देखिन्छ । सबै पात्रहरू जागिरबाट निकलिए पछि दामोदरका विरुद्ध संघर्ष गर्ने र नगर्ने विषयमा आन्तरिक द्वन्द्व चलेको छ । एकाङ्कीको अन्तिम अवस्थामा बाह्य द्वन्द्व सिर्जना भएको छ । साधुले सबैलाई जालमा हाल्छ र गिरफ्तार गर्छ त्यसका विरुद्ध उनीहरू नाराबाजी गरिरहन्छन् । साधु उनीहरूलाई मरिमरि तानिरहन्छ । यस्तो अवस्थामा बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

समग्रमा सच्चरित्र व्यक्ति र भ्रष्ट व्यक्तिहरूबीचको द्वन्द्वले एकाङ्कीलाई उत्कृष्ट बनाएको छ ।

### ५.४.३.५ उद्देश्य

प्रस्तुत एकाङ्कीमा विभिन्न विकृति र विसङ्गतिलाई उजागर गरिरहेको छ । पैसा, धन, सम्पत्तिका भरमा समाजलाई दुर्गन्धित तुल्याउने ठूलाबडा भनाउँदाहरूको पर्दाफास गर्नु यसको मुख्य उद्देश्य देखिन्छ । सम्पूर्ण प्रशासन, पुलिस, समाजलाई भ्रष्ट

नेताहरूले सोझा, सिधा, गरिब जनतालाई दुःख कष्ट दिइएरहेको अहिलेको अवस्थालाई देखाइएको छ । न्याय भन्ने कुरा साना तथा निम्न वर्गलाई मात्र हुने र ठूलाले चाहिँ जे गरे पनि हुने यथार्थलाई यहाँ देखाइएको छ । सत्ता र पैसावालले जे पनि गर्न सक्ने र यी दुवै नहुनेले निरीह भएर अन्याय, अत्याचारमा पिल्सिएर बाँच्नुपर्ने युगीन यथार्थलाई देखाउनु यस एकाङ्कीको उद्देश्य रहेको देखिन्छ ।[३०]

### ५.४.३.६ संवाद

प्रस्तुत एकाङ्कीमा सरल संवाद तथा बोलाचालीको भाषा प्रयोग गरिएको छ । कुनै पनि संवाद, अस्पष्ट किसिमका छैनन् भने युवक र युवतीबीचको संवादले प्रणयमूलक भाव व्यक्त गरेको देखिन्छ । जस्तै :

युवक : यो के भनेकी सिर्जना, म तिमीलाई बिर्सनै कहाँ सक्छु र ?

युवती : सके पनि नसके पनि तिमीले मलाई बिर्सनै पर्छ, रमेश बिर्सनै पर्छ । (पृ. २ ६)

यस एकाङ्कीमा छोटाछोटा संवादको पनि प्रयोग गरिएको छ । जस्तै :

जँड्याहा : अन्याय, अत्याचार !

सबै : बन्द गर ।

जँड्याहा : पक्षपात

सबै : मुर्दाबाद (पृ. ३१)

समग्रमा संवाद, सरल, सहज, हास्यमय र संक्षिप्त एवं पात्रको स्तर अनुकूल नै देखिन्छ ।

### ५.४.३.७ भाषाशैलीयविन्यास

बोलीचालीको सरल भाषाशैलीको प्रयोग गरिएको छ । सरल तथा सहज बोलीचालीको भाषाले एकाङ्की उत्कृष्ट बनेको छ । क्षण, सीमा, एकता, जस्ता तत्सम शब्द, बच्चा, बूढो, अब, तत्भव शब्दको र ओभर टाइम, पी.ए., कुर्सी, पुलिसजस्ता आगन्तुक शब्दको प्रयोगले भाषाशैलीयविन्यास उत्कृष्ट बनेको देखिन्छ । हातखुट्टा छाड्नु, बुद्धि भिडाउनु, बाटो निकाल्नुजस्ता उखान टुक्का, चाइन्जो जस्तो थेगोले भाषालाई रोचक बनाएको छ । खिसिक्क, खङग्रङ्ग जस्ता अनुकरणात्मक शब्दको प्रयोगले एकाङ्की उत्कृष्ट बनेको छ ।

---

[३०] ऐजन, पृष्ठ ५९ ।

यसरी समग्रमा पैसाले पुलिस, प्रशासन, समाज सबैलाई किन्न सक्ने विकृत र विसङ्गत यथार्थलाई कलात्मक पानाले प्रस्तुत गरिएको छ । चाकडी चाप्लुसीको बोलाबाला रहेको वर्तमान सन्दर्भमा इमान्दार र देशभक्तहरूलाई निकै सकस र सङ्कटपूर्ण स्थितिमा जीवन गुज्रानुपरिरहेको कटु यथार्थलाई मार्मिक अभिव्यक्तिका साथ प्रस्तुत गरिएको छ ।[३१] विभिन्न वर्गीय पात्रहरूको प्रयोग गरिएको छ भने इमान्दार देशभक्त, व्यक्तिलाई बाच्न पनि मुस्किल परेको यथार्थलाई मार्मिक अभिव्यक्तिका साथ प्रस्तुत गरिएको छ । अन्याय, अत्याचारमा पिल्सिएर बाँच्नुपर्ने र युगीन यथार्थलाई देखाउनु यस एकाङ्कीको उद्देय रहेको देखिन्छ ।

### ५.४.४ एउटा अन्त्यय एकाङ्कीको विश्लेषण

#### ५.४.४.१ कथावस्तु

*एउटा अन्त्य* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रहको चौथो एकाङ्की हो । यस एकाङ्कीको कथावस्तु पाँचजना पात्रहरूको सहभागी गरेर नाट्यशालामा आयोजना गरिएको छ । लेखक केन्द्रीय पात्रका रूपमा देखिन्छ । अरू पात्रहरू सहायक रूपमा र खलनायक जस्तो पात्रको पनि प्रयोग गरिएको छ । नाट्यशालामा तीनवटा कुर्सी राखिएका छन् । कुर्सी १ तन्नेरी केटी, कुर्सी नं. २ मा बूढो, कुर्सी नं. ३ मा पीडित व्यक्ति बसिरहेको हुन्छन् । लेखक उनीहरूलाई पालैपालो सोधिरहेको हुन्छ । ती व्यक्तिहरू विभिन्न कारणले पीडित भएर आत्महत्या गर्न खोजिरहेका हुन्छन् । सर्वप्रथमक केटी पीडित भएर बसकी छे, उसलाई बदमास तथा अपराधीले काम मिलाई दिन्छु भनेर बलात्कार गरेका छन् । त्यसको पीडा सहन नसकेर आत्महत्या गर्न चाहिरहेकी हुन्छे । लेखक उसलाई आत्महत्या गर्न दिँदैन बरु अपराधीलाई नङ्ग्याउन र दुनियाँका अगाडि उभ्याउनु पर्छ भन्ने सल्लाह दिन्छ । लेखकको यस्तो सल्ला सुनेपछि केटी बाँच्न चाहन्छे र बदला लिन्छु भन्छे ।

अर्को बूढो व्यक्ति पनि नचाहेर आत्महत्या गर्न खोजिरहेको हुन्छ । उसलाई पनि ठूलाबडाहरूले विभिन्न व्यक्तिलाई जागिर लगाइ दिए बापत आठ आठ महिनाको तलब खाइदिएको हुन्छन् । निर्धा निमुखाहरूले बर्षौं नपाएको नागरिकता विदेशीलाई तुरुन्तै दिलाई दिएको, वनजङ्गल काटेर अकूत सम्पत्ति कमाएको, विदेश भ्रमण जाँदा विभिन्न केटीलाई साथसाथै लिएर गएको देखिन्छ । यस्तो घृणित काम देखेर आत्महत्या गर्न

[३१] ऐजन ।

चाहन्छ तर लेखकले उसलाई पनि भ्रष्टचार गर्ने लाउकेहरूलाई चारपाटे मुड्न र मोसो दलेर घुमाउन सल्लाह दिन्छ । लेखकको यस्तो सल्लाह पाएपछि बदला लिनको लागि पनि बाँच्न चाहन्छ ।

अर्को पीडित व्यक्ति पनि त्यस्तै समस्याले सताएर मर्न खोजिरहेको हुन्छ । अदालतले पैसाको भरमा निर्दोषलाई जेल हालेको अस्पतालमा बिरामी परेकी महिलालाई उपचार नभएको, प्रोफेसर भनाउँदाले शिक्षा क्षेत्रमा खेलवाड गरेर हजारौ विद्यार्थीको भविष्य अन्धकार गरेको देखेर आत्महत्या गर्न खोजिरहेको हुन्छ । लेखकले उसलाई पनि बदला लिनको लागि वाँच्न आश्वासन दिन्छ ।

अर्को पीडित व्यक्ति पनि त्यस्तै समस्याले सताएर मर्न खोजिरहेको हुन्छ । अदालतले पैसाको भरमा निर्दोषलाई जेल हालेको अस्पतालमा बिरामी परेकी महिलालाई उपचार नभएको, प्रोफेसर भनाउँदाले शिक्षा क्षेत्रमा खेलवाड गरेर हजारौँ विद्यार्थीको भविष्य अन्धकार गरेको देखेर आत्महत्या गर्न खोजिरहेको हुन्छ । लेखकले उसलाई पनि बदला लिनको लागि आश्वासन दिन्छ भने बदला लिनको लागि पनि बाँच्न चाहन्छ । अर्को मुकुन्डोधारी व्यक्तिको प्रवेश हुन्छ । तीनैजना पात्रहरूलाई एउटै व्यक्तिले सताइरहेको हुन्छ । मुकुन्डोधारीको प्रवेश भएपछि तीनैजना उसप्रति हेर्न थाल्छन् र केटीलाई अनैतिक कार्य गर्न मुकुन्डोधारी तम्सन्छ तर केटीले त्यसको प्रतिकार गर्न थाल्छे । मुकुन्डोधारी र केटीबीचमा कुटाकुट हुन्छ र दुवै जना भुइँमा लड्न पुग्छन् । मुकुन्डोधारीलाई देखेपछि बूढो र पीडित व्यक्ति पनि उसलाई कुट्न जान्छन् । तीनैजना त्यसमाथि खनिन्छन् भने मुकुन्डोधारी डराउँदैन र तिमीहिरूजस्ताले केही गर्न सक्दैनौँ भन्ने अट्टहास गर्छ । तीनै जना एकजुट भएपछि उसको केही चल्दैन र भाग्न खोज्छ । तीनैजनाले उसलाई घेर्छन भने मुकुन्डोधारी पेस्तोल झिकेर हान्छ तर सबैजना जोगिन्छन् । पहिला उनीहरू त्यही एउटै व्यक्ति मुकुन्डोधारीबाट पीडित बनेका हुन्छन् । तीनैजनाले पालैपाले हिर्काउँछन् भने लेखक पेस्तोल खोस्छ र मुकुन्डोधारीलाई दर्शतिर फ्याकिदिन्छ । यसैबेला एकाङ्कीको कथावस्तुको अन्त्य हुन्छ ।

यसरी यस एकाङ्कीमा शिक्षा, स्वास्थ्य, प्रशासन आदि सबैक्षेत्रमा भ्रष्टाचार तथा दूराचार गर्नेहरूलाई उदाङ्गो पारिएको छ ।[३२] यस एकाङ्कीको कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ । आदि, मध्य र अन्त्यको स्थितिको सिर्जना भएको छ । केटी

[३२] ऐजन ।

र लेखकबीचको संवादबाट सुरुभएको कथावस्तु तीनैजना पात्रको मर्नको कारण र बाँच्नलाई आश्वासन दिएपछि उनीहरू मर्न चाहँदैन त्यो नै आदि भाग हो । तीनै जना पात्रबीच मुकुन्डोधारीसँग बदला लिने भावना जाग्छ र केटी सर्वप्रथम मुकुन्डोधारीसाग संघर्ष गर्छे । केटी र मुकुन्डोधारीबीचको संघर्ष पछि बूढो र व्यक्तिले पनि उसलाई घेर्छन । बलात्कार गर्ने, पैसा खाने, अर्काको जीवन बर्बाद गर्ने यही हो भन्दै उसलाई कुट्न थाल्छन् त्यो नै मध्यभाग हो । मुकुन्डोधारी पेस्तोलले हिकाउँछ तर लाग्दैन लेखक पेस्तोल खोस्छ र उसलाई दर्शकतिर फ्याक्छ त्यो नै अन्त्य भाग हो । यो कथावस्तु सुरुमा दुःखद भएपनि अन्तिममा सुखद नै रहेको छ । पीडित वर्गले बदला लिन सफल भएको सुखदको स्थिति झल्काएको छ ।

समग्रमा यस कथावस्तुले भ्रष्टचार, बलात्कार, दूराचार तथा चेलीबेटी बेचबिखन आदि सम्पूर्ण क्षेत्रमा ठूलाबडाहरूको नै पहुँच हुन्छ भन्ने यथार्थलाई उदाङ्गो बनाएको छ । देश र समाजका ठूलो भनाउँदा नै यस्ता कुकृत्य कार्यहरूमा संलग्न हुँदा रहेछन् र विश्वासघात गर्न सफल देखिदा रहेछन् भन्दै अब त्यसका विरुद्ध सोझासिधाले लड्नपर्छ अनि सजाए दिलाउनु पर्छ भन्ने मुख्य भाव यस कथावस्तुमा देखिन्छ ।

### ५.४.४.२ सहभागी

प्रस्तुत एकाङ्कीमा पाँचजना पात्रहरूको प्रमुख सहभागी रहेको छ । एकाङ्कीमा लेखक, केटी, बूढो, व्यक्ति, मुकुन्डोधारी नाम दिएर उनीहरूको सहभागी गराइएको छ । केटी, व्यक्ति, बूढोले शोषित र पीडित वर्गको प्रतिनिधित्व गरेका छन् । मुकुन्डोधारी व्यक्तिले शोषकको भूमिका निर्वाह गरेको छ । लेखक केन्द्रीय पात्र हो भने उसले शोषक पीडित वर्गलाई आस्वासन दिएर मर्नबाट बचाउँछ र संघर्ष गर्न सिकाउँछ ।

लेखक : लेखक यस एकाङ्कीको प्रमुख सहभागी प्रमुख पात्र हो । मर्न चाहेका पात्रहरूलाई संघर्ष गर्न सिकाउँछ । लेखक सुरुदेखि अन्तिमसम्म उपस्थिति जनाउने मञ्चीय पात्र हो । सत्यको पक्षमा लाग्ने र असत्यको विरुद्ध सधैँ लड्नुपर्छ भन्ने सोचाइ भएको अनुकूल प्रवृत्तिको पात्र हो । उसको स्वभाव गतिशील देखिन्छ । पलायनवादी बनेका पात्रहरूलाई आशावादीमा ल्याउन उसको ठूलो सहयोग देखिन्छ ।

केटी : केटी यस एकाङ्कीको प्रमुख सहभागी स्त्री पात्र हो । सुरुमा पलायनवादी देखिने तर आफूले पाएको दुःखको विरुद्ध बदला लिन आशावादी देखिन्छे । गतिशील स्वभाव

जहिले पनि सत्यका पक्षमा रहने अरूबाट शोषित बनेकी अनुकूल प्रवृत्ति भएको सहभागी पात्र हो । पहिला गर्न चाहेकी जस्ती देखिन्छे तर लेखकले बदला लिनुपर्छ भन्ने भावना जगाउँदा फेरी बाँच्न चाहन्छे । शोषित पीडित महिलाको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । उसको उपस्थिति सहज रूपमा भएकोले मञ्चीय पात्र हो ।

बूढो : बूढो पनि यस एकाङ्कीको पीडित सहायक सहभागी पुरुष पात्र हो । उसलाई पनि अन्याय, अत्याचार आदिले पलायन बनाएको देखिन्छ । पीडित वर्गको नेतृत्व गर्ने वर्गीय पात्र हो । सुरुमा ऊ पनि पलायनवादी देखिन्छ भने अन्याय र अत्याचारका विरुद्ध लड्नुपर्छ भन्ने भावना लेखकले जगाइदिन्छ त्यसपछि ऊ पनि आशावादी देखिन्छ । सत्यको पक्षमा रहने र शोषकले पीडित बनाएको अनुकूल पात्र हो । उसको उपस्थिति देखिएकोले ऊ मञ्चीय पात्र हो ।

व्यक्ति : व्यक्ति पनि यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । अन्याय पाएका व्यक्तिहरूले अदालतको ढोका ढक्ढकाउँदा सार्स फोर्स र पैसाले अदालत किनिएको देख्छ । पैसा, सोर्स, फोर्सले सोझासिधा व्यक्ति अन्यायमा परेको देखेपछि जीवनबाट पलायन हुन चाहन्छ । सुरुमा ऊ पलायनवादी देखिन्छ भने लेखकले बदला लिनुपर्छ भन्ने आवश्वासन दिएपछि, आशावादी देखिन्छ । अनुकूल प्रवृत्ति उसमा देखिन्छ भने आफूलाई परिवर्तन गर्न सक्ने गतिशील स्वभाव पनि देखिन्छ । शोषक पीडित वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ।

मुकुन्डोधारी : मुकुन्डोधारी यस एकाङ्कीको सहायक सहभागी खलपात्र हो । यसले यो देशमा भएका भ्रष्टाचार, अन्याय, अत्याचार, बदमास भनाउँदा ठूलाबडा भनाउँदाहरूको प्रनिनिधित्व गर्ने पात्र हो । देशको शासन सत्तामा बसेर सबैलाई पिल्साएको छ । सबै पात्रहरूलाई शोषक गर्ने र सहजै उपस्थिति देखिएको मञ्चीय पात्र हो । प्रतिकूल प्रवृत्ति भएको सहभागी पात्र हो ।

समग्रमा एउटा अन्त्य एकाङ्कीका पात्रहरूले शोषक र शोषित वर्गको नेतृत्व गरेका छन् ।

### ५.४.४.३ परिवेश

प्रस्तुत एकाङ्कीको आयोजना नाट्यशालामा आयोजित गरिएको छ । स्थानका रूपमा मञ्चलाई नै प्रयोग गरिएको छ भने मञ्चको साजसज्जा गरिएको छ । नेपाल देश नै स्थानका रूपमा आएको छ । मञ्चमा तीनवटा कुर्सी, खाट, ओछ्यानको प्रयोग

गरिएको छ । समयले नाटक मञ्चन गरिएको बेलालाई बुझाएको छ । वर्तमान समसामयिक अवस्थामा शोषकहरूले गरेको हालीमुहाली र सिधासाधा जनताहरू शोषिनु परेको यथार्थको समयलाई प्रमुख परिवेश बनाइएको छ । सम्पूर्ण कार्यव्यापारले एक समय, एक स्थान र एकै परिवेशलाई समेटेको देखिन्छ ।

यस एकाङ्कीको परिवशेले नेपालको समसामयिक अवस्थालाई जनाएको छ ।

### ५.४.४.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा द्वन्द्व सशक्त रूपमा आएको छ । पात्रहरूबीच पलायनवादी र आशावादी देखिन्छन् । पहिला तीनैपात्रहरू मर्न चाहन्छन् भने पछि बाँच्न पनि चाहन्छन् । सत् र असत् पात्रबीचका पनि वाह्य द्वन्द्व देखिन्छ । केटी, बूढो, व्यक्ति, तीनै जना सत् पात्रको पक्षमा देखिन्छन् भने मुकुन्डोधारी असत् पात्रको पक्षमा देखिन्छ । उनीहरूबीच कुटाकुट पनि हुन्छ । त्यहाँ बाह्य द्वन्द्व सशक्त रूपमा आएको छ । लेखक मुकुन्डोधारीबीच पेस्तोल खोसाखोस चल्छ त्यहाँ पनि द्वन्द्व सशक्त बनेको छ ।

### ५.४.४.५ उद्देश्य

प्रस्तुत एकाङ्कीमा ठूलाबडा भनाउँदाहरूले नै देशलाई तहसनहस पारिरहेको अवस्थाको चित्रण गरिएको छ । समाज र देशले चमत्कार मानेका मान्छे नै देशलाई खोक्रो पार्न तल्लिन रहेका हुन्छन् भन्ने यथार्थलाई देखाइएको छ । वनविनाश चेलीबेटी बेचबिखन, हत्या, बलात्कारजस्ता अनैतिक क्रियाकलापहरू ठूलाबडा भनाउँदा र पहुँच पुगेकाहरूले मात्र गर्न सक्ने युगीन यथार्थलाई अभिव्यक्त गरिएको छ ।[३३] शिक्षा, स्वास्थ्य, प्रशासन, आदिमा भएका भ्रष्टाचार, ठूलाबडाहरूले नै गरेको देखिन्छ । शोषक पीडित जनताहरूलाई तिनीहरूले नै चुसिरहेको देखिन्छ भने त्यसका विरुद्ध सहेर बस्नु हुदैन संघर्षको मैदानमा उत्रनु पर्छ भन्ने मुख्य उद्देश्य देखिन्छ ।

### ५.४.४.६ संवाद

प्रस्तुत एकाङ्कीको संवाद छोटो छरितो नै देखिन्छ । छोटो छरितो संवादले एकाङ्कीलाई रोचक बनाएको छ । त्यसका प्रयुक्त संवादहरूले नाटकहरूको

---

[३३] ऐजन ।

मूलभावलाई बहन गर्न सकेको देखिन्छ । पात्रहरूको स्तर बमोजिम संवाद रहेको छ । एक पंक्तिदेखि ६ पंक्तिसम्मका संवादहरू रहेका छन् । जस्तै :

लेखक : डा. प्रोफेसरले त्यस्तो तल्लो स्तरको के काम गऱ्यो र ?

व्यक्ति : हेर्नुस्, त्यो डा. प्रोसेसरले .... विषयको वरिष्ठ र सफल ज्ञाता हो, यो कुरा म पनि मान्छु तर उसले माथिल्ला गजुरेहरूका कृपाले गर्दा आफ्नो विषयलगायत अरू जुनसुकै विषयको पनि परिक्षकमा भएर वर्षौंदेखि कपी जाँचेको जाचै छ । के गर्नु उसलाई आफ्नो विषय बाहेक अरू विषयको क, ख, ग समेत आउँदैन । (पृ.४३)

### ५.४.४.७ भाषाशैलीयविन्यास

प्रस्तुत एकाङ्कीमा स्थानीय स्तरको भाषाशैलीयविन्यासको प्रयोग गरिएको छ । सरल तथा सरस किसिमको भाषाशैलीको प्रयोगले एकाङ्कीलाई रोचक बनाएको छ । अत्याचार, घृणा, परीक्षक, औषधी तत्सम शब्द बूढो, बलियो, बच्चा आदि तत्भव र बङ्गला, गाडी, क्याम्पस आीद आगन्तुक शब्दको प्रयोगले भाषालाई यथार्थपरक बनाउन मह□वपूर्ण भूमिका खेलेको छ । यु अन्डरस्टेण्ड, हाय स्वीट गर्ल, हाउ आर यु, जस्ता अंग्रेजी शब्दको प्रयोग गरिएको छ । नि, त, है जस्ता निपात खुरुक्क जस्तो अनुकरणात्मक शब्दको प्रयोगले भाषाशैली उत्कृष्ट बनेको देखिन्छ ।

सरल, सहज, स्वभाविक भाषाशैलीयविन्यासले एकाङ्की उत्कृष्ट बनेको देखिन्छ भने ठाउँठाउँमा अंग्रेजी शब्द र पदावली, वाक्यले भाषालाई यथार्थपरक बनाउन मह□वपूर्ण भूमिका खेलेको छ ।

यसरी समग्रमा *एउटा अन्त्य* एकाङ्कीमा सत्ता र शक्तिको आडमा मान्छेले पर्दाभित्र रहेर गरिने घृणित र निकृष्ट कार्य गरेर देशप्रति विश्वासघात गर्छ भन्ने भावलाई देखाइएको छ । पीडित पक्षले अब सहेर वस्ने बेला छैन र त्यस्ता आडम्बरिहरूको पर्दाफास गर्नुपर्छ भन्ने प्रमुख भाव अभिव्यक्त भएको छ ।

### ५.४.५ अनन्त एकाङ्कीको विश्लेषण

### ५.४.५.१ कथावस्तु

*अनन्त* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रहभित्रको पाचौं एकाङ्की हो । यसको कथावस्तु एउटा चोकमा आयोजना गरिएको छ । अनन्त प्रमुख पात्र हो । अनन्तका साथीहरू चोकमा बसेर अनन्तका विषयमा कुराकानी गरिरहेका हुन्छन् । अनन्तका

साथीहरूको यहाँ युवक १, युवक २, युवक ३, युवक ४ गरी परिचय गराइएको छ । अनन्तलाई के भएको होला, उसलाई मानसिक रोग लागेको हो कि, विदेशमा पढ्दा ठिकै थियो, बुबा तथा भिनाजु जत्तिकै इमान्दार र कर्तव्य निष्ठ बनेर देश सेवा गर्छु भन्थ्यो तर त्यसो हुन सकेन भन्दै गर्छन् । युवक ४, अनन्तलाई हामीले केही गर्नु पर्दैन उसका बुबा डाक्टर हुनुहुन्छ उसैले उपचार गर्नुहुन्छ भन्छ । अनन्तका साथीहरू अनन्तलाई मानसिक रोग लागेको देखेर चिन्तित बन्छन् र अब देशले एउटा इमान्दार, चरित्रवान, परिश्रमी राष्ट्रसेवक गुमाएको छ भन्दै चिन्ता गरिरहन्छन् ।

अनन्तका साथीहरू अनन्तका विषयमा चिन्ता गरिरहँदा मानिस १ देखि १४ सम्मका व्यक्तिहरूले अनन्तलाई कुट्दै ल्याउँछन् । कालो मोसो दलेर कुट्दै चौकीमा बुझाउँन लागिरहेको देखेर सोध्न थाल्छन् । मानिसहरू अनन्तले बच्चाबच्चीलाई पालैपालो प्राणै जाने गरी कुट्यो र सम्झाउँदा पनि सम्झदैन अनि यसलाई कुटेको भन्दै प्रहरी कहाँ लगेर बुझाउन खोज्छिन् । अनन्तका साथीहरू अर्थात् युवकहरू अनन्त भएको ठाउँमा गएर अनन्तलाई सोध्न थाल्छन् । अनन्तले आफ्ना बुबा र भिनाजुले देश र देशबासीको लागि प्राणको वास्ता नगरी संघर्ष गरेको देखेको थियो । इमान्दार, कर्तव्य निष्ठा, इज्जतदार बन्न सिकाएका थिए भने बुबा र भिनाजुलाई महान सोचेको थियो । अहिले आएर बुबाले बिरामीलाई झारा टार्ने काम गरेको, आफ्नो क्लिनिकमा आउन बाध्य बनाएको, बाढीपीडित र भूकम्प पीडितहरूको सहयोगार्थ आएको औषधी पनि बजारमा बेचेर पैसा खल्तीमा हालेको देख्छ । भिनाजुबाट पनि चुनावमा जनतालाई झुटा आश्वासन दिने र गाउँमा महामारी फैलाई आगो लगाउने र त्यसका नाममा आफ्नो गोजी भर्ने गरेको देख्छ त्यसपछि अनन्त विक्षिप्त बन्न पुग्छ र साँच्चै बौलाहा जस्तो बनी बच्चाहरूलाई कुट्दै हिँडेको भन्छ । बुबा र भिनाजुको कारणले विक्षिप्त बनेको अनन्त साथीहरूलाई पनि छोडेर जान्छ । अनन्त गएपछि उसका साथीहरू अनन्तकै विषयमा सोच्न थाल्छन् । मानिसको कुनै भर छैन, कुनै बेला पनि पैसाका लागि जात फाल्न सक्छ भन्दै हिँड्छन् । अनन्तलाई खोज्दै १ देखि १४ सम्मका मानिसहरू आउँछन् र भेट्दैनन् भने फेरी आफ्ना आइमाई र केटाकेटीको दुर्दशा देख्नु पर्छ भन्दै अनन्तलाई खोज्न थाल्छन् र कथावस्तुको अन्त्य हुन्छ ।

यसरी यस एकाङ्कीको कथावस्तुले डाक्टर र नेताहरूको पर्दाफास गरेको छ । कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा नै देखिन्छ । अनन्तका साथीहरू अनन्तका

विषयमा सोच्दै कुराकानी गरिरहेको अवस्थाबाट कथावस्तुको आरम्भ हुन्छ । अनन्तलाई मानिसहरूले कुट्दै ल्याएको सम्मको भाग नै आदि भाग हो । पुलिसकहाँ बुझाउन खोज्छन् भन्ने अनन्त र युवकहरूबीच संवाद चल्छ । अनन्त यस्तो हुनाको कारण पत्ता लगाउँछन् त्यो नै मध्य भाग हो । जब अनन्त त्यहाँबाट जान्छ भने उसका साथीहरू पनि जान्छन् तर मानिसहरू अब अननतले के गर्छ भन्दै खोज्न थाल्छन् त्यो अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको देखिन्छ । कथावस्तुले कौतुहलता जनाएको छ भने क्रमिक रूपमा अगाडि बढेको हुनाले अन्वितित्रयको राम्रो पालना भएको छ ।

समग्रमा यसको कथावस्तुले के देखाउन खोजेको छ भने देश र जनताका लागि काम गर्ने डाक्टर, नेता, भनाउँदाहरूले जनतालाई झुटो आश्वासन दिएर जनविरोधी कुकर्म गर्ने प्रवृत्ति तथा नैतिकताविहिन प्रवृत्तिलाई सशक्त रूपमा देखाइएको छ ।

### ५.४.५.२ सहभागी

प्रस्तुत एकाङ्की उन्नाइसजना पात्रहरूको प्रमुख सहभागी रहेको देखिन्छ । अनन्त मुख्य सहभागी पुरुष पात्र हो । यस एकाङ्कीमा युवक १, २, ३, ४ गरी साथीहरूको चरित्रचित्रण गरिएको छ । अनन्तलाई कुट्ने मानिसहरू १ देखि १४ सम्म देखिन्छन् । अनन्त एकाङ्कीमा पात्रहरूको सहभागी संख्या अरू एकाङ्कीमा भन्दा बढी नै देखिन्छ । अनन्त बाहेक अन्यलाई सङ्ख्याकनका आधारमा प्रस्तुत गरिएको छ ।

अनन्त : अनन्त यस एकाङ्कीको प्रमुख सहभागी पुरुष पात्र हो । अनन्त आफ्ना बुबा र भिनाजुको व्यवहारबाट विक्षिप्त बन्न पुगेको छ । ऊ सोझो इमान्दार र सधैँ कर्तव्यमा अडिग देखिन्थ्यो तर बुबा र भिनाजुको भ्रष्ट व्यवहारबाट मानसिक असन्तुलन बेहोर्नु परेको छ । अनन्त मञ्चीय पात्र हो भने उसको उपस्थिति प्रमुख रूपमा देखिएको छ । सुरुमा अनुकूल प्रवृत्ति भएको अनन्त पछि प्रतिकूल प्रवृति बनेको छ । परिस्थिति अनुसार परिवर्तन गर्न सक्ने गतिशील स्वभाव उसमा रहेको देखिन्छ ।

**युवक १ देखि ४**

युवक १-४ सम्मका युवकहरू सहायक सहभागी पुरुष पात्रहरू हुन् । उनीहरू अनन्तका साथीहरू हुन् भने मञ्चीय पात्र पनि हुन् । उनीहरू अनन्तलाई राम्रो र सत् चरित्रमा देख्न चाहने सत् चरित्रवान देखिने अनुकूल प्रवृत्तिका सहभागी पात्रहरू हुन् ।

उनीहरू स्थिर स्वभावमा देखिएका छन् । उनीहरूले सुरुमा जस्तो अनन्तका विषयमा सोचेका थिए त्यहि सोचाइमै एकाङ्कीको अन्त्य भएको छ ।

**मानिसहरू १ देखि १४**

मानिसहरू १-१४ सम्मको ठूलो हूल सहायक सहभागी पुरुष पात्रका रूपमा रहेका छन् । अनन्तलाई कुट्दै हिँडेका प्रतिकूल प्रवृत्ति उनीहरूमा रहेको देखिन्छ । उनीहरूको १-१४ सम्म संख्यात्मक नाम दिएर चरित्रचित्रण गरिएको छ भने सामूहिक पात्रका रूपमा उनीहरूको उपस्थिति देखिन्छ । उनीहरूको स्वभाव स्थिर नै देखिन्छ ।

समग्रमा १९ पात्रहरूको प्रयोग गरेर अनन्त बाहेक अन्यलाई सङ्ख्यात्मका आधारमा परिचित गराई प्रयोगधर्मी प्रवृत्तिको अनुसरण गरिएको छ ।[३४]

**५.४.५.३ परिवेश**

प्रस्तुत एकाङ्कीमा परिवशेका रूपमा एउटा कुनै चोकलाई लिइएको छ । सम्पूर्ण कार्यव्यापार चोकमा घटेको छ । मुख्य स्थानका रूपमा त्यही चोक रहेको छ । दिउँसोको समयमा आयोजना गरिएको छ । तत्कालीन प्रजातन्त्र प्राप्ति पछिको समयमा पनि नेता तथा डाक्टरहरूले आम जनतालाई झूटो आश्वासन दिएर आफ्नो खल्तीमात्र भरेको यथार्थलाई परिवेश बनाइएको छ । वातावण दुःखद देखिन्छ । अनन्तलाई आफ्ना बुबा र भिनाजुबाट नै विक्षिप्त बन्न बाध्य बनाइएको छ । मानिसहरू उसलाई कुट्दै र प्रहरीकोमा बुझाउन खोजेकाले वातावरणले दुःखद परिवेश सिर्जना गरेको छ ।

समग्रमा यस एकाङ्कीको परिवेशले नेपालको तत्कालीन समयदेखि वर्तमान सम्मको यथार्थलाई समेटेको छ । तत्कालीन समयदेखि अहिलेसम्म पनि त्यस्ता कुकृत्यहरू खुलेआम भइरहेका हुँदा परिवेश सुहाउँदो एकाङ्की आयोजना गरिएको छ भन्न सकिन्छ ।

**५.४.५.४ द्वन्द्व**

अनन्त एकाङ्कीमा बाह्य तथा आन्तरिक द्वन्द्वको स्थिति सिर्जना गरिएको छ । बाह्य द्वन्द्वको रूपमा अनन्तले बच्चालाई कुटेको र अनन्तलाई मानिसहरूले कुटेको, मसो दलेको अवस्थामा बाह्य द्वन्द्वको स्थिति देखिन्छ । आन्तरिक द्वन्द्वका रूपमा अनन्त नै रहेको देखिन्छ । पहिला मिलनसार, सबैको प्यारो अनन्त पछि आफ्नै बुबा र भिनाजुको व्यवहार देखेर उसमा आक्रोस उत्पन्न हुन्छ । बच्चाबच्ची कुट्ने र

---

[३४] ऐजन ।

महिलालाई बलात्कार गर्ने सोचाइमा पुग्छ । यसबेला आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ भने सत् पात्र असत् पात्रका बीच द्वन्द्व देखिन्छ ।

### ५.४.५.५ उद्देश्य

प्रस्तुत एकाङ्कीमा डाक्टर र नेताहरूको कुकृत्यको पर्दाफास गरिएको छ । नेताहरूको चुनाव अगाडि विभिन्न आश्वासन र प्रलोभन देखाएर जनतालाई ढाँटेका छन् । चुनाव जितेपछि तीनै जना जनताका विरुद्धमा काम गरेको देखिन्छ । विभिन्न बहानामा पैसा संकलन गरेर आफ्नै खल्ती भरेको र डाक्टर जस्ताहरूले जनताको सेवा गर्नुको सट्टा अन्य क्षेत्रबाट आएको सहयोगलाई पनि अनैतिक तरिकाबाट आफ्नै खल्ती भर्ने काम गरेका छन् । एकातिर चुनावमा जनतालाई भ्रूटो आश्वासन दिने र चुनाव जित्ने प्रवृत्ति देखिन्छ भने अर्कोतिर बिरामीको सेवा गर्ने डाक्टरहरूको पनि सहयोगका लागि आएको औषधी बेचेर आफ्नो खल्ती भर्ने नैतिकताविहिन देखाइएको छ ।[३५] आदर्शको खोल ओढेर अनैतिक कार्य गर्ने नेता तथा डाक्टरहरूको कुकृत्यको चरित्रलाई प्रस्तुत गरिएको छ । आफ्नो आदर्शमा रहनेलाई पनि कुकर्मीहरूले बौलाहा बनाएर छाडिदिन पछि पर्दैनन् भन्ने प्रमुख अभिव्यक्ति यस एकाङ्कीले दिएको छ ।

### ५.४.५.६ संवाद

प्रस्तुत एकाङ्कीमा सरल तथा बोलीचालीको भाषामा संवादहरू राखिएका छन् । मिठो तथा सरल संवादले एकाङ्कीलाई रोचक बनाएको छ । एक भन्दा बढी वाक्यले संवाद सरल बनेको छ । यसमा रहेका संवाद यस्तो रहेको छ । जस्तै :

युवक १ - त्यो अनन्तलाई के भएको छ, हँ ?

युवक २ - खै, कुन्नि ? (पृ. ३६)

युवक ३- के हो, के हो, मैले पनि केही बुभ्न सकेको छैन । ( पृ. २७)

मानिस १ - यस बदमासले साना साना केटाकेटीहरूलाई देखि सहेन ।

मानिस २ - यसले टोलका सबैजसो बच्चाहरूलाई पिटेर सोतर पऱ्यो । (पृ. ३८)

समग्रमा संवाद सरल, सहज, स्वभाविक रहेको छ भने पात्रहरूले स्तर अनुसारको संवाद छ भन्न सकिन्छ ।

---

[३५] ऐजन ।

### ५.४.५.७ भाषाशैलीयविन्यास

*अनन्त* एकाङ्कीमा सरल तथा मिठासपूर्ण भाषाशैलीको प्रयोग गरिएको छ । बोलीचालीको भाषाको प्रयोग गरिएको एकाङ्कीमा संवादका वाक्यहरू सरल किसिमका छन् । घृणा, शरीर, औषधी, अकस्मात जस्ता तत्सम शब्द विस्तारै, बेस्सरी जब, कालो, अब, जस्ता तद्भव र सिभिल, बदमास, विचरो आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । भुसुक्कै, ऱ्वाम्म जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषाशैली उत्कृष्ट बनेको देखिन्छ । चेलीबेटी, बुबा, भिनाजु, स्वास्नी जस्ता ठेट नेपाली शब्दको पनि प्रयोग गरिएको छ । ठाउँ ठाउँमा अंग्रेजी शब्दको प्रयोग गरिएको छ । लभट्रेजेडी, डिग्री, इन्जीनियर जस्ता अंग्रेजी र नि, त, है जस्ता निपात र जातफाल्नु जस्ता टुक्काहरूको प्रयोगले भाषाशैलीयविन्यास उत्कृष्ट देखिन्छ ।

सरल तथा सहज भाषिक प्रयोगले भाषाशैलीयविन्यासलाई उत्कृष्ट बनाएको छ भने एकाङ्की पनि सफल बनेको छ ।

यसरी समग्रमा *अनन्त* एकाङ्कीले नैतिकताविहीन र दुष्प्रवृत्ति भएका नेता तथा डाक्टरहरूको पर्दाफास गर्ने काम गरेको छ । १९ जना पात्रहरको चरित्रचित्र गरिएको यस एकाङ्कीमा संख्याङ्कनका आधारमा परिचित गराई प्रयोगधर्मी प्रवृत्तिलाई देखाइएको छ । आफ्नो आर्दशमा अडिग रहनेलाई कुकर्मीहरूले बौलाहा बनाएर छाडिदिन पनि पछि पर्दैनन भन्ने अभिव्यक्ति आएको छ । यस एकाङ्कीमा संवाद योजना सरल र भाषिक प्रयोग सहज देखिन्छ भन्न सकिन्छ ।

## ५.४.६ आवरण एकाङ्कीको विश्लेषण

### ५.४.६.१ कथावस्तु

*आवरण* एकाङ्की **अँध्यारासँग जुध्नेहरू** संग्रह भित्रको छैटौँ एकाङ्की हो । यसको कथावस्तु एउटा नर्सिङहोमा आयोजना गरिएको छ । नर्सिङहोम बाहिर महंगी नर्सिङहोम र त्यसको मुनि यहाँ महँगीको राम्रो उपचार गरिन्छ भनेर लेखिएको छ । नर्सिङ्होममा डा. पदमलाल उपचार गर्न बसेका हुन्छन् । पियन पनि महङ्गीले पिल्सिएको हुन्छ । पेसेन्ट भन्दा सेन्ट सुँध्न पुग्छ र सेन्ट कहाँ किन्न सक्छु र सर भनेर ठट्टा गर्दछ । यसपछि नर्सिङ्गहोममा पेसेन्टहरू उपचार गर्न आउँछन् । सर्वप्रथम युवक उपचार गर्न आउँछ । शिक्षक पेशामा संलग्न युवक सहिदको छोरा हुन्छ तर डाक्टर सहिदको छोरा भनेर मान्न तयार हुँदैन । बाबु बाजेको सम्पत्ति बेचेर खाँदै गरेको

युवकलाई घरपरिवार धान्न मुस्किल परिरहेको छ । त्यसैले उपचार गर्न नर्सिङ्गहोममा आउँछ र सोध्छ । महङ्गी कहिले घटना भन्ने जबाफमा डाक्टरले उसलाई रगत एकदमै रातो रहेछ भनेर ब्लड टेष्ट गर्न पठाउँछ । युवक न नम्बर लेखेको कुर्सीमा गएर पालो कुरिरहेको हुन्छ ।

युवकपछि ४०/४५ वर्षकी महिला महङ्गीको उपचार गर्न आउँछे । उसको श्रीमान सचिव, आफू पनि जागिरे र घरमा १७ वटा कोठाबाट भाडा आउँछ तर पनि उसलाई पुगेको हुँदैन । जेठो छोरा अमेरिका डाक्टरी पढ्दै, कान्छो छोरा बोडिङ्गमा पढ्दै, छोरी कलकत्तामा कम्प्युटर साइन्स लिएर बी.एस.सी. पढ्दै गरेका हुन्छन् । थोत्रो मोटरले उसलाई बाथको रोग लागेको हुन्छ । डाक्टरकहाँ नयाँ मोटर र शानदार बङ्गला कहिले बनाउन सकिन्छ भनेर डाक्टरलाई सोध्छे भने डाक्टर महँगी घटेपछि सम्पूर्ण इच्छा पूरा हुन्छ तर अहिले मुख गनाएकोले दाँतको उपचार गर्नलाई पठाउँछ र कुर्सी २ मा गएर पालो कुरेर बस्छे । महिलाको पालो सकिएपछि अर्को ५०/६० वर्ष जातिको व्यक्ति पुनः डाक्टरको महँगीको नर्सिङहोममा उपचार गर्न आउँछ । व्यक्तिले जेठो छोरालाई डाक्टर बनाउन चाहन्थ्यो तर आफ्नो जेठो छोरालाई डाक्टर त के कन्डक्टरसमेत बनाउन सकेन । बिनासितैमा आन्दोलनमा मारिएर सहिद भयो तर सहिद भनेर कसैले पनि नाम समेत उच्चारण गर्दैनन् । महँगी घटेमा कान्छो छोरालाई इन्जिनियर बनाउन चाहन्छ । डाक्टरले उसलाई ई.सी.जी. र बी.सी.जी. गर्नुपर्छ भन्दै कुर्सी नं. ३ मा पालो राख्छ । व्यक्ति पनि अर्की केटी उपचार गर्न आउँछे । शाकुन्तला नाम गरेकी त्यो केटी बी.कम. पास गरेर अहिलेसम्म पनि कामको खोजी गरिरहेकी हुन्छे । डाक्टर उसलाई उपचार गरिदिने बहानामा हातमा समाउँछ र बेस्ट चेक गर्ने भन्दै टाँक खोल्छ तर केटी मान्दिन, डाक्टर जर्बजस्ती केटीको हात समाउँछें केटी फुत्किन चाहन्छे र ठूलो आवाज आउनेगरी कराउँछे । केटीको आवाज सुनेपछि सबैजना मुड्की उचालेर हिर्काउन चाहन्छन । पियन कुर्सीमा गएर यो देशको सबैभन्दा ठूलो डाक्टर हुँ भन्दै बस्न थाल्छ । यसै स्थितिमा नाटकको कथावस्तुको अन्त्य हुन्छ ।

यस एकाङ्कीको कथावस्तुले आदि, मध्य र अन्त्यको स्थितिको सिर्जना गरेको छ । नर्सिङ्होममा उपचार गर्न बसेको डाक्टर आफ्नो पियनसँग संवाद गर्दाबाट कथावस्तु सुरु हुन्छ । अरू पेसेन्टहरू उपचारको लागि आउँछन् त्यो नै आदि भाग हो । जब डाक्टर र युवकबीच महँगीको उपचार सुरु हुन्छ, भने अन्य पेसेन्टका साथै

केटीलाई उपचार गर्न थालेको सम्मको भाग नै मध्य भाग हो । केटीको उपचारमा अनैतिक कार्य गर्न थालेपछि संघर्ष सुरु हुन्छ र सबैले डाक्टरलाई हिर्काउन थाल्छन् भने पियन कुर्सीमा गएर बस्छ त्यो नै अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ ।

समग्रमा कथावस्तुमा विभिन्न व्यक्तिका आ-आफ्नै प्रकारका समस्या छन् भने कसैलाई एक छाक जुटाउन मुस्किल परिरहेको छ भने कसैलाई बिलासिताका वस्तु महँगा भएकाले चिन्ता बढेको देखिन्छ । मान्छे यौन तृष्णाको लागि आफूभित्र रहेकोले पाशविक कृतिलाई जगाउन कतिसम्म अगाडि बढ्दो रहेछ भन्ने यथार्थ यस कथाहरूमा देख्न सकिन्छ ।

### ५.४.६.२ सहभागी

आवरण एकाङ्कीमा ६ जना पात्रहरूको प्रमुख सहभागी रहेको छ । डाक्टर, पियन, युवक, महिला, व्यक्ति, केटी आदिको सहभागी रहेको छ । डाक्टर प्रमुख सहभागी पुरुष पात्र हो भने अन्य पात्रहरू सहायक सहभागीका रूपमा आएका छन् । सबैपात्रहरू महँगीको उपचार गर्न डाक्टर कहाँ आएका पात्रहरू हुन् ।

डाक्टर : डाक्टर यस एकाङ्कीको प्रमुख सहभागी पुरुष पात्र हो । ऊ एकाङ्कीमा अनौठो किसिमले प्रस्तुत भएको छ । डाक्टरको नाम पदमलाल हो भने महँगीको उपचार गर्ने बहानामा अन्य व्यक्तिलाई पैसा असुल्न खाजेको देखिन्छ । केटीलाई काममा लगाइदिने बहानामा उसलाई बलात्कार गर्न चाहेको देखिन्छ । एकाङ्कीमा उसको उपस्थिति बढि नै देखिन्छ त्यसैले मञ्चीय पात्र हो । असत चरित्र बोकेको प्रतिकूल प्रवृत्ति भएको पात्र पनि हो । क्रमिक रूपमा एकाङ्कीमा आएको हुनाले बद्ध पात्र पनि हो ।

पियन : पियन यस एकाङ्को सहायक सहभागी पुरुष पात्र हो । पियनको उपस्थिति थारै भए पनि मह□वपूर्ण रहेको छ । डाक्टरको सधैं सेवा गर्ने पियनमा पनि ठूलो डाक्टर बन्ने अभिलाषा देखिन्छ भने पियन पनि मञ्चीय पात्र नै हो ।

युवक : युवक यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । सोमनाथको छोरा लोकनाथ शिक्षण पेसामा संलग्न भएर १६/१७ सयजति कमाई भए पनि महँगीको मारमा परेको देखिन्छ । गरिब वर्गहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । अनुकूल

प्रवृत्ति उसमा देखिन्छ भने गरिब भैकन पनि उसले केही गर्न सकेको छैन त्यसैले स्थिर स्वभाव उसमा देखिन्छ ।

महिला : महिला यस एकाङ्कीकी प्रमुख महिला सहभागी पात्र हुन् । महँगीले यसलाई पनि सताएको देखिन्छ तर महँगी पनि विलासिकताका वस्तुमा परेकोले चिन्तित देखिन्छे । धनीवर्गको नेतृत्व गर्ने प्रतिनिधित्व गरेकी छे । उसको पनि उपस्थिति सक्रिय रूपमा देखिएकोले मञ्चीय पात्र पनि हो र सम्पन्न वर्गका प्रतिनिधित्व गर्ने महिला पनि महँगीको पीडाले सताइएकी देखिन्छे ।

व्यक्ति : व्यक्ति पनि यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । उसको ५०/६० वर्षको उमेर देखिन्छ । आफ्नो छोरालाई डाक्टर बनाउन चाहेको हुन्छ तर कन्डक्टर पनि नबनी विनासितैमा आन्दोलनमा मारिएपछि कसैले सहिद नाम सम्म पनि उच्चारण गर्दैनन् । कान्छो छोरालाई इन्जिनियर बनाउन चाहन्छ तर महँगीले पिल्सिएको छ । सक्रिय सहभागी देखाउने मञ्चीय पात्र हो भने एक छाक जुटाउन समस्या परेको व्यक्ति त्यस्तै वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ।

केटी : केटी यस एकाङ्कीकी सहायक नारी पात्र हो । वि.कम. सम्मको पढेर पनि कुनै जागिर खान नसकेकी पीडित युवावर्गको प्रतिनिधित्वमूलक सहभागी पात्र हो । उसलाई डाक्टरले पी.ए.को जागिर दिन तयार तर जागिर दिने बहानाम बलात्कार गर्न चाहन्छ । सक्रिय सहभागी जनाएकी मञ्चीय पात्र पनि हो । सत्यको पक्षमा रहने र जागिरको लागि आफ्नो अस्तित्व लुट्न नदिने अनुकूल प्रवृत्ति उनमा देखिन्छ ।

यसरी ६ जना पात्रहरूको सहभागी गराइएको एकाङ्कीमा पात्रहरूको आफ्नै किसिमको पीडा देखिन्छ भने कुनै पात्रमा तृष्णा पनि रहेको देखाइएको छ ।

**५.४.६.३ परिवेश**

प्रस्तुत एकाङ्कीमा सम्पूर्ण नेपाली जनताले भोग्नु परेको महँगीको यथार्थलाई परिवेश बनाइएको छ । नर्सिङहोममा आयोजना गरिएको एकाङ्कीले मञ्चको साजसज्जा सामान्य तरिकाले गरिएको छ । मुख्य स्थान नर्सिङ्गहोम नै रहेको छ भने समयले विशेष समयलाई जनाएको छ । जनताहरू महँगीको चपेटामा परेका अहिलेको समयलाई एकाङ्कीको मुख्य परिवेश बनाएको छ । कोही एक गाँस खान पनि नपाएका भने कोही विलासिताका बस्तु महँगी भएकोमा चिन्तित देखिन्छन् । यस्तो स्थितिमा

नेपालका जनता गुर्जिरहेको यथार्थ नै यस एकाङ्कीको मुख्य परिवेश हो । स्थान, समय र काल सापेक्ष रूपमा परिवेश आएको छ ।

समग्रमा नेपालको आर्थिक तथा पिछडिएका वर्गहरूको यथार्थचित्रण गरेर निर्माण गरिएकोले परिवेश उत्कृष्ट देखिन्छ ।

**५.४.६.४ द्वन्द्व**

प्रस्तुत एकाङ्कीमा द्वन्द्व देखिन्छ तर त्यसले त्यति प्रभाव भने जमाउन सकेको देखिँदैन केटी र डाक्टरको द्वन्द्वले उत्कर्ष प्राप्त गरेको छ । डाक्टरले केटीलाई समाउन र बलात्कार गर्न खोज्छ, केटी आफ्नो बचाउ गर्न प्रतिकार गर्छे, डाक्टरलाई झापड दिन्थे । त्यसपछि अन्य, बूढो, युवक, महिला पनि आएर डाक्टरलाई पिट्छन् त्यहाँ नै बाह्य द्वन्द्व सशक्त बनेको छ । मानिसमा सुषुप्त अवस्थामा रहेको पाशविक वृत्ति र सहज मानवीय प्रवृत्तिका बीचमा पनि द्वन्द्व देखिएको छ । सुषुप्त अवस्थामा रहेको पाशविक वृत्ति कति छिटो सहज रूपमा उत्पन्न हुन्छ भन्ने आन्तरिक द्वन्द्वलाई पनि देखाइएको छ ।

**५.४.६.५ उद्देश्य**

प्रस्तुत एकाङ्कीमा मानिस भित्र विभिन्न समस्या हुन्छन् । ती विभिन्न समस्याले विभिन्न व्यक्तिहरूलाई कसरी सताइरहेको हुन्छ भनेर देखाउन खोजिएको छ । कसैलाई दैनिक गुजारा गर्न कठिन परेको अवस्था एकातिर देखिन्छ भने अर्कोतिर विलासिकताको वस्तुको उपयोग गर्न नपाएकोमा पीडित देखिन्छन् । मान्छेमा विभिन्न तृष्णा हुन्छन् भने ती तृष्णाको कुनै सीमा हुँदैन र जतिखेर पनि ती विष्फोट हुन सक्छन् भन्न खोजिएको छ । मान्छेका तृष्णाको कुनै सीमा नभएको धारणा व्यक्त गरिएको यस एकाङ्कीमा सम्पन्न मनाउँदाहरूप्रति व्यङ्ग्यप्रहार गरिएको छ ।[३६] नर्सिङ्गहोमका नाममा विभिन्न बहाना बनाएर डाक्टरहरूले पैसा असुलेको स्थिति देखाउनु यस एकाङ्कीको प्रमुख उद्देश्य देखिन्छ ।

**५.४.६.६ संवाद**

प्रस्तुत एकाङ्किको संवाद सरल तथा बोलीचालीको भाषाको प्रयोग गरिएको छ । सरल, छोटोमीठो संवादले कथानकलाई अगाडि बढाएको देखिन्छ । यसमा प्रयुक्त

[३६] ऐजन ।

संवादले एकाङ्कीको मूलभावलाई बहन गर्न सकेको देखिन्छ । एकाङ्कीमा रहेको संवादको प्रयोग यस्तो रहेको छ । जस्तै :

युवक : (एक हात उचाल्दै) नमस्कार डाक्टर साब ! (नजिक पुग्दै) डाक्टर साब, म अस्ति पनि आएको थिएँ ।

डाक्टर : (सम्झाउँदै) हेर्नुस् मिष्टर, यहाँ कति बिरामी आउँछन् र कति ठीक भएर जान्छन्, यसको कुनै लेखाजोखा छैन । त्यसैले अस्तिको कुरालाई मनको एक कुनामा थुपार्नुस् र  बताउँनुस्, आज किन आउनु भो ? (पृ. ६८)

महिला : (टाढैबाट) नमस्कार डाक्टर साब !

डाक्टर : (आश्चर्य मान्दै) हजुर पो ! (हातले कुर्सीतिर इसारा गर्दै) हजुर यहाँ बस्नुस, प्लीज ! हजुर यहाँ आएको देखेर म छक्कै परेको छु । (पृ. ४१)

समग्रमा सहज, सरल र स्वभाविक संवाद रहेको छ भने पात्रहरूको स्तर अनुसारको संवादको प्रयोग देखिन्छ ।

**५.४.६.७ भाषाशैलीयविन्यास**

प्रस्तुत एकाङ्कीमा सरल तथा बोलीचालीको भाषाको प्रयोग गरिएको छ । पात्रले प्रयोग गरेको संवादका वाक्य सरल किसिमका छन् । श्रीमान्, औषधी, शकुन्तला, शिक्षण जस्ता तत्सम शब्द, अब, सासु, ससुरा, बिजुली, बलियो आदि तत्भव र इन्जिनियर, मोटर, कम्प्युटर, नर्सिङ्गहोम आदि आगन्तुक शब्दको प्रयोग गरिएको छ । सुटुक्क दनन, जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । त, नि, पो खै जस्ता निपात र तिनी, त्यो उनीहरू जस्ता सर्वनामले भाषाशैलीयविन्यास रोचक बनेको छ ।

यसरी समग्रमा भन्नुपर्दा हरेक नेपालीहरू महँगीको मारमा परेको यथार्थलाई प्रस्तुत गरिएको छ । सबै नेपालीहरूको आर्थिक, सामाजिक, स्तर एउटै नभएर विभिन्न प्रकारका छन् । ती व्यक्तिहरू विभिन्न प्रकारका महँगीले पीडित छन्, कसैलाई एक छाक जुटाउन मुस्किल परिरहेको छ भने कसैलाई विलासिताका वस्तु महँगा भएकाले चिन्तित बनाएको छ । मान्छेका विभिन्न आकांक्षा हुन्छन् र ती आकांक्षाको सीमा नभएको धारणा व्यक्त गरिएको यस एकाङ्कीमा सम्पन्न भनाउँदाप्रति व्यङ्ग्यप्रहार गरिएको छ । यसका साथै मानिस भित्र सुषुप्त अवस्थामा रहेको पाशविक वृत्ति र

सहज मानवीय प्रवृत्तिका वीचमा द्वन्द्व चलेको देखिन्छ । संवाद र भाषाशैली सरल रहेको छ ।

### ५.४.७ अँध्यारासँग जुध्नेहरू एकाङ्कीको विश्लेषण

#### ५.४.७.१ कथावस्तु

*अँध्यारासँग जुध्नेहरू* एकाङ्की यसै संग्रहको अन्तिम तथा सातौं एकाङ्की हो । यसको कथावस्तु नाट्यशालामा आयोजना गरिएको छ । बाह्र जना पात्रहरूको प्रयोग गरिएको एकाङ्कीमा अङ्कगत हिसाबमा उनीहरूको परिचय दिइएको छ । पहिलो, दोस्रो, तेस्रो, चौथो व्यक्तिको प्रयोग गरिएको छ भने आवाज १.......... ५ सम्म प्रयोग गरिएको छ । पहिलो, दोस्रो, तेस्रो व्यक्तिहरू प्रकाश भन्ने व्यक्तिहरूलाई अँध्यारोमा खोज्न थाल्छन् भने समय अन्धकारमय नै छ । पहिलो, दोस्रो, तेस्रो व्यक्तिहरू अँध्यारोबाट पीडित देखिन्छन् । आफुहरू अँध्याराबाट साह्रै असुरक्षित रहेको बताउँछन् । सानै देखि प्रकाशलाई अँध्याराका विरुद्ध लड्न सिकाएका थिए तर आज त्यही प्रकाश कतै भेटिँदैन । चौथो व्यक्ति इमरजेन्सी लाइट बालेर प्रकाशलाई खोज्न थालेका बेलामा चारैतिर बत्तीहरू बल्छन् । बत्तीको लाइटले इमरजेन्सी लाइटको उज्यालो बिस्तारै विलिन भएर जान थाल्छ । बत्तीको उज्यालोमा उनीहरू बाटोघाटो, धारा सबै बनेको पहिला नै भइसक्नु पर्ने थियो तर अँध्याराले हामीहरूलाई घुस दिएको जस्तो छ भन्छन् । अँध्याराको षडयन्त्रकारी पञ्जाबाट उनीहरू असुरक्षित ठान्दै प्रकाशलाई खोज्दै विस्तारै त्यहाँबाट हिँड्छन् ।

उनीहरू त्यहाँबाट हिँडेपछि नेपथ्यबाट मञ्चमा आवाज १ .... ५ सम्म सुनिन्छ । मञ्चखाली भएको देखेर उनीहरू छक्क पर्छन् । मञ्चमा उनीहरूको उपस्थिति हुँदैन तर नेपथ्यबाट आवाज क्रमशः १ ... ५ सम्म सुनिदै आएको देखिन्छ । नाटक लेख्न नजान्ने र अर्काको चोरी गरी लेखेको भन्ने आवाज सुनिन्छ । झिँगेदाउ लगाएर रातदिन अर्काको चाकडी गरेर आफ्नै झोली भर्छन र पुरस्कारका लागि किनबेच गर्ने अनि चोरी पक्डिए पछि यो त संयोग मात्र हो भन्ने प्रवृत्ति उनीहरूको आवाजमा सुनिन्छ । यस्तै आवाज आइरहेको बेला मञ्चमा पात्रहरूको प्रवेश हुन्छ । मञ्चमा ३५/४० वर्षको मानिस र १२/१३ वर्षको केटाको प्रवेश हुन्छ । उनीहरू हातमा डमरु र झोला मिरेर खेल देखाउन थाल्छन् । विभिन्न, काण्ड, प्रकरण, अपहरण, घूसखोरी र लात, घात, प्रतिघात आदिको राष्ट्रघातको फोहोरी राजनैतिक

खेल देखाउन थाल्छन् । विभिन्न नेताहरूको छाला काढेर आयुर्वेदिक विधिद्वारा बनाइएको भष्म दलेर खेल देखाउन थाल्छन् । पूरै शरीरमा पन्ध्र मिनेट दलेर नाङ्गो बसेपछि सबै नेताको गुण प्रकट हुन्छ भन्छन् । बच्चा, केटाकटी, ठूलाबडा सबैले प्रयोग गर्न सक्ने र एक पुरियाको ७ तीनको १५ लैजानुस् भन्दै मञ्चबाट जान्छन् । मञ्चमा क्रमशः पहिलो, दोस्रो, तेस्रो चौथो व्यक्तिको पुनः प्रवेश हुन्छ । अझै पनि उनीहरू प्रकाशलाई खोजिरहेका हुन्छन् । प्रकाशलाई सानै देखि अन्धकारमा लड्न सिकाएका हुन्छन् तर प्रकाश पनि अन्धकारसँग मिलेर अँध्यारोमा नै डुबेको देखेर दुखित बन्छन् । सम्पूर्ण बाटोघाटो भत्कदै गएको देखिन्छ । चौथो व्यक्ति हतियार उठाउन चाहन्छ भने अन्य व्यक्ति हतियार उठाउन तयार देखिदैनन् । सोचविचार गरेर मात्र काम गर्नुपर्छ भन्ने उनीहरूको सोचाइ देखिन्छ । चौथो व्यक्ति साथीहरूले सम्झाउँदा पनि नसम्झिकन बन्दुक समाउन त्यहाँबाट हिड्छ । चौथो व्यक्ति हिडेपछि उनीहरू चिन्तित देखिन्छन् । शस्त्रशास्त्रको रक्तरञ्जित खेल खेल्यौ भने अब यो दशको के हालत हुन्छ भन्दै देशप्रति चिन्तित बन्छन् । प्रत्येक देशका नागरिकले अँध्यारासँग जुध्न हतियारलाई नै उपयोग गर्नुपर्छ भन्ने छैन भन्दै चौथो व्यक्तिपछि पछि जान्छन् र कथावस्तुको अन्त्य हुन्छ ।

यस एकाङ्कीको कथावस्तु आदि, मध्य र अन्त्यको स्थितिमा अगाडि बढेको छ । पहिलो, दोस्रो, तेस्रो व्यक्तिको प्रकाशलाई खोज्ने प्रयासको संवादबाट कथावस्तुको आरम्भ हुन्छ । चौथो व्यक्ति लाइट लिएर प्रकाशलाई खोज्न आउँछ, प्रकाशलाई भेट्दैन र प्रकाशलाई अन्धकारबाट आफूहरूलाई बचाउन आग्रह गर्दै हिँड्छन त्यो नै आदि भाग हो । मञ्चमा पालैपाले आवाज सुनिन्छ । साहित्यकारहरूले झिँगेदाउ लगाएर साहित्य लेखेको भन्ने आवाज सुनिन्छ । केटा र मानिसहरू मञ्चमा प्रवेश गर्छन् र नेताप्रति व्यङ्ग्य गर्दै राजनैतिक खेल खेल्छन् । आयुर्वेदिक भष्मका औषधि बेच्दै जान्छन् त्यो नै मध्य माग हो । पुनः व्यक्तिहरूको प्रवेश हुन्छ र अँध्यारोमा प्रकाशलाई खोज्न थाल्छन् र चौथो व्यक्ति हतियार उठाएर उज्यालो ल्याउँछु भन्दै हिँड्छ र उसको पछि अन्य साथीहरू हतियार उठाएर उज्यालो ल्याउँछु भन्दै हिँड्छ र उसको पछि अन्य साथीहरू हतियार उठाउनु हुँदैन भन्दै जान्छन् त्यो नै अन्त्य भाग हो । कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ । अन्वितित्रयको उचित पालना गरिएको छ ।

समग्रमा भन्नुपर्दा देशमा प्रायः सबै क्षेत्र अन्धकारमा व्याप्त छ । यहाँका मानिसहरू भौतिक  र मानसिक दुवै रूपले असुरक्षित छन । अरू त के चेतनाका बाहक मानिने साहित्यकारहरू पनि तातो न छारोको लेख रचनाहरूलाई प्रयोग भनेर जनताका आँखामा छारो हाल्ने, विदेशीहरूको चोरी गर्ने, गर्छन् भन्दै साहित्यकारहरूको नौटङ्की प्रवृत्तिलाई यस कथावस्तुमा प्रयोग गरिएको छ ।

**५.४.७.२ सहभागी**

प्रस्तुत एकाङ्कीमा १२ जना पात्रहरूको सहभागी रहेको छ । १२ पात्रहरूको सहभागी गरिएको एकाङ्कीमा पात्रहरूलाई संख्याका आधारमा चिनाइएको छ । पात्र पात्रहरूबीचको संवादले एकाङ्कीलाई रोचक बनाएको छ । अन्य एकाङ्कीका तुलनामा यस एकाङ्की भित्रि बढी नै पात्रहरूको चयन गरिएको छ । पहिलो, दोस्रो, तेस्रो, चौथो र आवाज १, २, ३, ४, ५ गरी नाम दिइएको छ ।

**पहिलो, दोस्रो, तेस्रो चौथो**

यस एकाङ्कीका यी प्रमुख सहभागीका रूपमा देखिन्छन् । यिनीहरूलाई पहिलो, दोस्रो, तेस्रो, चौथो नाम दिइएको छ । प्रकाशलाई खोज्न यिनीहरू अँध्यारासँग जुध्न संघर्ष गरिरहेका देखिन्छन् । चौथो व्यक्ति अँध्याराका विरुद्ध हतियार उठाउनु हुँदैन भन्दछ । उनीहरूको उपस्थिति सक्रिय रूपमा देखिएको हुनाले मञ्चीय पात्र हुन् । अन्यायका विरुद्ध लड्ने सत, चरित्र भएका अनुकूल प्रवृत्ति उनीहरूमा देखिन्छ । उनीहरू अँध्यारामा परेका वर्गको प्रतिनिधित्व गर्ने वर्गीय सहभागी पात्र हुन् । यिनीहरू सामुहिक प्रतिनिधित्व गर्ने सहभागी पुरुष पात्र हुन् ।

मानिस : मानिस यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । मानिस जादु देखाउन केटासाथ उपस्थित भएको छ । मञ्चमा उसको उपस्थिति  रहेकोले मञ्चीय पात्र हो । राजनैतिक हत्या, आतङ्क घुसखोरी जस्तो राष्ट्रघाती खेल खेलाउन लागेको हुन्छ । मानिस र केटा राजनीतिप्रति व्यङ्ग्य देखाउने खेल खेल्छन् । मानिस हातमा डमरु लिएर चटक देखाई रहेको हुन्छ ।

केटा : केटा पनि यस एकाङ्कीको सहायक सहभागी पुरुष पात्र हो । मानिससँगै उसको उपस्थिति देखिन्छ । मञ्चीय पात्र नै हो र मानिस केटा मिलेर राजनैतिक व्यङग्यको खेल खेलाउन थाल्छन् । दर्शकहरूलाई हसाउने चटक पनि

उनीहरू देखाइ रहका हुन्छन् । जादुगरका रूपमा देखिने र नेताहरूको भ्रष्म बनाएर बेच्ने पात्र हो ।

आवाज १, २, ३, ४, ५ : यी आवाजहरू नेपथ्यमा आउने गर्छन् । मञ्चमा उपस्थिति नभएको हुनाले नेपथ्य पात्रका रूपमा लिन सकिन्छ । मञ्चमा देखाएको नाटक एउटा नक्कल मात्र गरेर बनाइएको हो, यो मौलिक होइन भन्ने चिन्ताले सताइएको देखिन्छ । थोरै समयमा मात्र सुनिने अवाज गौण सहभागी पात्रका रूपमा देखिन्छन् । पात्रहरूमा साहित्यकारहरूले विभिन्न मूल्य मान्यता विरुद्ध साहित्य रचना गरेका छन् भन्दै उनीहरूको साहित्यप्रति नकरात्मक दृष्टिकोण देखिन्छ । उनीहरूलाई सामूहिक पात्रका रूपमा लिइएको छ ।

प्रकाश : प्रकाश भन्ने गौण सहभागी पात्रका रूपमा रहेको छ । उपस्थिति नदेखिने हुनाले नेपथ्य सहभागी पात्रका रूपमा देखिन्छ । अन्य व्यक्तिहरूले उसलाई खोजी रहेका हुन्छन् । प्रकाश सधैँ अँध्याराका विरुद्ध लड्न सिकेको व्यक्ति थियो र अहिले प्रकाश अँध्यारासँग विलिन भएको छ । अँध्यारासँग सहकार्य गर्न थालेको देखिन्छ । स्वतन्त्ररूपमा अँध्यारामा आएको मुक्त सहभागी पात्र हो ।

समग्रमा जम्मा बार पात्रहरूको सङ्ख्याका आधारमा चिनाएर प्रयोगधर्मी प्रवृत्तिको अनुसरण गरिएको छ ।

### ५.४.७.३ परिवेश

प्रस्तुत एकाङ्की एउटा नाट्यशालामा आयोजना गरिएको छ । मञ्चको सामान्य सजसज्जा गरिएको छ । सम्पूर्ण पात्रहरू त्यही पालैपालो उपस्थित हुन्छन् । स्थानका रूपमा त्यही मञ्च देखिन्छ । सम्पूर्ण पात्रहरू अँध्यारोमा उज्यालो प्रकाश खोजिरहेका हुन्छन् । अविकसित नेपालको अन्धकार अवस्थालाई सुखमय समयको परिवेश बनाइएको छ । अहिलेको समयमा साहित्यकारहरूले अर्काको नक्कल गरेर रचना गरेको नक्कली साहित्यप्रति व्यङ्ग्य गरिएको छ । विभिन्न काण्ड, अपहरणको राजनैतिक खेलले गर्दा पिछडिएको नेपालको आर्थिक अवस्था र विकास गतिप्रति एकाङ्कीको परिवेश उचित देखिन्छ । समय सापेक्ष परिवेश निर्माण गरिएको छ ।

समग्रमा यसको परिवेशले नेपालको अविकसित अवस्थालाई झल्काइएको छ । पिछडिएको विकासको गति र देशले गति लिन नसकेको आर्थिक अवस्था नै यसको मुख्य परिवेश हो ।

### ५.४.७.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा अँध्यारो र उज्यालोका बीच द्वन्द्व देखिन्छ । उज्यालोले देशको विकास र अँध्यारोले अविकसित अथवा देशको जर्जर अवस्थालाई झल्काएको छ । सत् चरित्र र असत् चरित्रबीच आन्तरिक द्वन्द्व सशक्त रूपमा आएको छ । सत चरित्रका रूपमा पहिला प्रकाश आएको छ भने प्रकाश फेरी अँध्यारोसँग विलीन भएर असत् चरित्रकै पछि पनि लागेको छ । पहिलो, दोस्रो, तेस्रो व्यक्ति हतियार विरुद्ध नै रहेका छन् भने चौथो व्यक्ति हतियार उठाउन खोजिरहेको छ । यसका बीचमा पनि द्वन्द्वको स्थिति सिर्जना भएको छ ।

### ५.४.७.५ उद्देश्य

प्रस्तुत एकाङ्कीमा देश अन्धकार नै अन्धकारको भूमिमा परेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । अन्धकार बन्नको कारण भने जनताको रगतमा होली खेल्न पल्किएका स्वार्थीहरूले विभिन्न काण्ड, अपहरणजस्ता फोहोरी राजनैतिक खेल खेलेको हुनाले हो । यस्तो स्वार्थी प्रवृत्तिका कारण देशको आर्थिक विकास हुन सकेको छैन । अर्कोतिर साहित्यकार भनाउदाहरूले अर्को नक्कलगरेर साहित्य रचना गरेको, चोरी लेखन पक्किएपछि यो त संयोग मात्र हो भनेर पन्छिने साहित्यकारको नौटङ्की प्रवृत्तिलाई पनि यहाँ कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । देशलाई प्रत्येक नागरिकले उज्यालो तर्फ लैजान पर्छ र त्यो सम्पूर्ण नागरिकको कर्तव्य हो भन्न खोजिएको छ । देशका प्रत्येक नागरिक मिलेर कुकृत्य र देखावटी चरित्रको विरोध गर्दै यस देशलाई उज्यालोतिर लैजान अव प्रत्येक नागरिकको कर्तव्य हुन आएको धारणा यस एकाङ्कीमा अभिव्यक्त भएको छ ।[३७]

### ५.४.७.६ संवाद

प्रस्तुत एकाङ्कीको संवाद सरल तथा सरस देखिन्छ । पात्रपात्रहरूबीचको संवादले एकाङ्कीलाई रोचक बनाएको छ । प्रयुक्त संवादहरूले एकाङ्कीको मूल भावलाई बहन गर्न सकेको देखिन्छ । सरल र छोटो मिठो संवादले एकाङ्कीको कथावस्तुलाई अगाडि बढाएको देखिन्छ । यसको संवाद यस्तो किसिमको छ जस्तैः

पहिलो : आहो ! कस्तो अध्यारो !

---

[३७] ऐजन ।

दोस्रो : चारैतिर निष्पटट् छ ! कस्तो घोर अन्धकार

तेस्रो : कतै केही देखिदैन नि ! कहाँ छौ तिमीहरू ? (.पृ. ४३)

आवाज १ : कस्तो नाटक हो यो, मञ्च त्यसै खाली छ एउटै पात्र छैनन् ।

आवाज २ : नाटकमा मञ्च यसरी खाली राख्नै हुन्न ।

आवाज ३ : यो नाटकको लेखक नाटक लेख्नै नजान्ने बोका रैछ । नाटक सुरु गरेको यतिका बेर भैसक्दा पनि नाटक जहीको त्यही छ ।

आवाज ४ : यहाँ यस्तै तातो न छारोको उखरमाउलोलाई प्रयोग भनिन्छ प्रयोगलाई खाड्लमा जाक्न आँटिसके । पृ. ८३ ।

मानिस : ए काले !

केटा : क्या हो गोरे ? (पृ. ८६)

समग्रमा संवाद सरल र संक्षिप्त नै रहेको छ भने पात्रहरूको स्तरअनुसारको संवाद प्रयोग गरिएको छ ।

### ५.४.७.७ भाषाशैलीयविन्यास

प्रस्तुत एकाङ्कीको भाषाशैली सरल तथा बोलीचालीको रूपमा प्रयोग गरिने भाषा नै प्रयोग गरिएको छ । पात्रपात्रबीचको सरल संवादले भाषाशैलीयविन्यासलाई रोचक बनाएको छ । केटो र मानिसबीचको संवाद सरल तथा हास्यव्यङ्ग्य देखिन्छ । साधारण, शरीर, शास्त्र, षडयन्त्र श्रोताजस्ता तत्सम शब्दको प्रयोग चोरी, अब, बच्चा, दूध जस्ता तद्भव र पाइन्ट, लाइट, सहर जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । धुरुधुरु, लुरुलुरुजस्ता अनुकरणात्मक शब्द तथा तातो न छारो, झिंगेदाउ जस्ता टुक्काले भाषालाई आकर्षक बनाएको देखिन्छ । नि, त, पो, लाई, जस्ता निपात र भनी, किनभने, तैपनि, जस्ता संयोजकले भाषाशैलीयविन्यास अझ सहज बनेको छ ।

सरल सहज, स्वाभाविक भाषाशैलीयविन्यासको प्रयोग भएको छ भने त्यसले एकाङ्कीलाई उत्कृष्ट बनाएको छ ।

यसरी समग्रमा यस एकाङ्कीले अन्योल र अविकसित अवस्थामा रहेको देशलाई नवका सचेत नागरिकले उज्यालोतिर लैजानुपर्छ । अन्यथा जनताको रगतमा होली खेल्न पल्केका स्वार्थीहरूले देशलाई जहिले पनि अन्धकारमा नै डुबाईरहनेछन् भन्ने यथार्थलाई कलात्मक तरिकाले देखाइएको छ । बाह्रजना पात्रहरूको प्रयोगगरिएको

एकाङ्कीमा संख्याका आधारमा चिनाएर प्रयोगधर्मी प्रवृत्तिको अनुसरण गरिएको छ । सरल बोलीचालीको भाषिक प्रयोग साथै छोटाछोटा संवाद योजनाको प्रयोग एकाङ्की उत्कृष्ट बनेको छ ।

निष्कर्षमा यस संग्रहभित्रका एकाङ्कीहरूमा *हामी एउटै हौं* बाहेक अन्यमा सामाजिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रमा व्याप्त विकृति रविसङ्गतिलाई विषयवस्तु बनाएको छ । *हामी एउटै हौं* मा देश प्रेम र विश्वभातृत्वको भावनालाई अभिव्यक्त गरिएको छ । आर्थिक दुराचार, भ्रष्टाचार, अन्याय, अत्याचारमा परेका निम्न वर्गीय जनजीवनलाई प्रस्तुत गरिएको छ । शिक्षा, स्वास्थ्य, आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । शिक्षित तथा अशिक्षित, बौद्धिक, शोषक, शोषित पात्रहरूको प्रयोग गरिएको छ । एकाङ्कीको कथ्य र आयाम अनुसार स्वल्प र वर्गीय पात्रको सिर्जना गरिएका यिनका एकाङ्कीतामा प्रयुक्त पात्रहरू शिक्षित, अशिक्षित, बौद्धिक, सामान्य, क्रुर, निष्ठुर, शोषक, शोषित आदि सबै खाले छन् । सत्भन्दा असत् र अनुकूलभन्दा प्रतिकूल चरित्रको प्रवलता पाइने यिनका एकाङ्कीमा पात्रहरूको नामकरण व्यक्ति नाम, पद, सर्वनाम, सङ्ख्या र उमेरका आधारमा गरिएको पाइन्छ ।[३८]

यस संग्रहभित्रका एकाङ्कीहरूमा खास समय र खास ठाउँको किटान नगरिएपनि समग्रमा वर्तमान नेपालको आर्थिक तथा राजनैतिक र सहरिया वातावरणलाई परवेशका रूपमा देखाइएको छ । काठमाडौंको खस्कदै गएको सामाजिक सांस्कृतिक र गिर्दो मानवीय जीवनलाई प्रत्यक्ष र परोक्ष दुवै ढङ्गले प्रस्तुत गरिएको छ । उनका एकाङ्कीहरू प्रयोगधर्मी हुँदा हुँदै पनि जटिल र दुर्वोध्य नभएर सरल र सरस खालका देखिन्छन् । परम्परागत मूल्य र मान्यतालाई आत्मसाथ गर्दै एकाङ्कीमा नयाँ मूल्यमान्यता प्रस्तुत गरिएको छ । पर्दा खोल्ने र बन्द गर्ने, सूत्रधारको प्रयोगआदि परम्परागत प्रवृत्ति हुन् भने पात्रविधानमा नविनता पाइन्छ । पहिलो दोस्रो, त्यस्तै १, २, ३ जस्ता संख्यात्मक नामकरण गरिएको छ । रङ्मञ्चको पनि उचित समायोजन गरिएको छ भने कथानकमा रेखीय ढाँचा पाइन्छ । कथावस्तु क्रमिक शृङ्खलामा आयोजित भएको छ भने उनका एकाङ्कीहरू परम्परा र नयाँको दोसाधमा देखिन्छन् । "युगीन जीवनमा देखापरेका विकृति र विसङ्गतिहरूलाई केलाएर उज्यालो जीवनको

---

[३८] ऐजन, पृ. ६१ ।

खोजी गर्दै समतामूलकसमाजको निर्माणतर्फ अग्रसरता देखाउनु यस संग्रहका एकाङ्कीहरूको अभीष्ट रहेको देखिन्छ" ।[३९]

सरल तथा सहज भाषशैलीमा लेखिएका उनका एकाङ्कीमा विभिन्न थेगो उखान, टुक्का, अनुकरणात्मक शब्द, अंग्रेजी शब्द तथा पदावलीको प्रयोगले भाषालाई यथार्थमूलक बनाएको छ भने मञ्चन र अभिनयका दृष्टिले यस संग्रहका एकाङ्कीहरू सरल हुनका साथै सशक्त देखिन्छन् । पैसा र शक्ति नभएकाहरूको जीवन असहाय, उपेक्षित छ भन्ने कुरा देखाउँदै उनीहरू प्रशासनिक संयन्त्रबाट पनि शोषित, पीडित छन् भन्ने कुरालाई अभिधात्मक र प्रतीकात्मक दुवै रूपले प्रस्तुत गरिएको छ । प्रयोगधर्मिता यस सङ्ग्रहका एकाङ्कीहरूमा पाइने उल्लेखनीय वैशिष्ट्य हो । समग्रमा नाटकीय धर्मको निर्वाह समुचित ढङ्गले गरिएका यिनका एकाङ्कीहरू प्रयोगशील भएपनि सर्वग्राह्य छन् ।[४०]

## ५.५ लेखकको विश्लेषण

### ५.५.१ सारनाथका यी दुई दर्शनीय स्थल

मनिक्रम शर्मा नेपाली साहित्यमा लेखकका रूपमा पनि चिनिएका छन् । उनले *सारनाथका यी दुइ दर्शनीय स्थल* शीर्षकमा २०५२ सालको **युगामञ्च** मासिक पत्रिकामा प्रकाशित गराएका छन् । उक्त लेखमा भारतमा भगवान् बुद्धको मन्दिरका बारेमा चर्चा-परिचर्चा गरिनुका साथै बुद्धधर्मप्रति भारतीय, जापानी तथा श्रीलङ्काली नागरिकहरूको आस्थाका बारेमा प्रष्ट पारिएको छ । लेखकमा पनि बुद्धधर्मप्रतिविशेष अनुराग पाइन्छ । उक्तलेखले भारतमा रहेका कलात्मक बुद्धका मूर्तिहरूको संक्षिप्त परिचय दिनका साथै लेखकको वर्णनशैलीले समेत परिचय दिने काम गरेको छ । बौद्धमार्गीहरूको पवित्र स्थलका रूपमा रहेको सारनाथका यी दुई दर्शनीय स्थलका बारेमा प्रमुख चिनारी दिनु शर्माको मुख्य उद्देश्य देखिन्छ । बुद्धधर्मप्रति नेपालीजनताको आस्था र विश्वास जति छ त्यति नै आस्था र विश्वास भारतीय जनतामा रहेको छ भन्ने कुरा माथिका दुई स्थलहरूले जानकारीले गराउँछ । बुद्धका कलात्मक मूर्तिहरू भएको त्यस ठाउँमा जति भक्तजनहरूको ओइरो लाग्छ त्यसले संसारका बौद्धमार्गीहरूप्रति एक किसिमको उत्साह पैदागर्छ भन्ने कुरा शर्माले गरेको वर्णनबाट प्राप्त हुन्छ ।

---

[३९] ऐजन ।

[४०] ऐजन ।

# छैटौं परिच्छेद

# pk;+xf/

पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ भने दोस्रो परिच्छेदमा मनिक्रम शर्माको जीवनलाई केलाइएको छ । उनका जीवनमा घटेका विभिन्न घटनाहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ । उनको वाल्यकाल, युवा अवस्थाका साथै जन्मदेखि मृत्युसम्मका विभिन्न आरोह-अवरोह तथा शिक्षा आर्जन गरेको अवस्थालाई दोस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा शर्माको व्यक्तित्वलाई केलाइएको छ । कथाकार, एकाङ्कीकार, कवि, तथा कलाकारिताका साथै उनको जागिरे व्यक्तित्वलाई समेत समेटिएको छ । उनको साहित्यिक मान्यता तथा व्यक्तित्वका विभिन्न पाटाहरू केलाउँदै नेपाली साहित्यमा उनको स्थान निर्धारण गर्ने कार्य गरिएको छ । उनको चिन्तन र साहित्यिक मान्यतालाई प्रष्ट रूपमा निर्धारण गर्ने कार्य तेस्रो परिच्छेदमा भएको छ । चौथो परिच्छेदमा शर्माको साहित्य यात्रालाई निरूपण गरिएको छ । नेपाली साहित्यमा उनको स्थान निर्धारण गर्ने कार्यमा र उनले सुरु गरेको साहित्यको थालनीलाई दुई चरणमा वर्गीकरण गरिएको छ । साहित्ययात्रा सुरु गरेदेखि उनको मृत्यु सम्मको अवधिलाई दुई वर्गमा बाँडी उनका साहित्यक मान्यता खोज्ने काम गरिएको छ । वि.सं. (२०४०-२०४८) सम्मको अवधिलाई पूर्वाद्ध चरण र वि.सं. (२०४९-२०५४) सम्मको अवधिलाई उत्तरार्द्ध चरण गरि उनको साहित्य यात्रा निर्धारण गरिएको छ । उनको लेखनयात्रा पूर्वाद्ध चरणमाअभ्यासिक रूपमा देखिन्छ भने उत्तरार्द्ध चरण उत्कर्षमा पुगेको देखिन्छ । उत्तरार्द्धमा उनी एक प्रगतिवादी साहित्यकारका रूपमा प्रस्तुत भएका छन् । देशको राजनीति तथा आर्थिक विकृति र विसङ्गति प्रति व्याङ्ग्य गर्दै दुःख कष्टमा बाचिरहेका जनताको पक्षमा आवाज उठाउँदै विद्रोहका निम्ति अग्रसर हुन आह्वान गर्छन । उनको यो चरणमा साहित्य लेखन उत्कर्षमा पुगेको देखिन्छ । त्यस्तै पाँचौ परिच्छेदमा उनका कृतिहरूको विश्लेषण गर्ने कार्य गरिएको छ । उनले लेखेका सम्पूर्ण रचना तथा पुस्तकाकार कृतिहरूलाई विश्लेषण र व्याख्या गरिएको छ भने छैटौ परिच्छेदमा उपसंहार दिई उनको जीवनी व्यक्तित्व, कृतिहरूको निरूपण गर्दै निष्कर्ष दिइएको छ ।

मनिक्रम शर्माको जन्म वि.सं. २०२७ जेठ १५ गते काठमाडौं जिल्ला अन्तर्गत थलीमा भएको थियो । बाबु मोहनराज शर्मा र आमा उमा शर्माका छैटौं सन्तानमध्ये

चौथो सन्तानका रूपमा यिनको जन्म भएको हो । नम्र तथा मिलनसार स्वभाव एवं साहित्यिक अभिरुचि राख्ने शर्मा सानै उमेरदेखि आमा बुबाको काखमा नै बाल्यकाल बितेको देखिन्छ । बाल्यकालीन अवस्थाबाट नै बाबुको निर्देशनमा अक्षराम्भ गरेका शर्माले तीन वर्षको उमेरदेखि घरमा र पाँचै वर्षको उमेरदेखि विद्यालयमा औपचारिक शिक्षा आर्जन गर्न सुरु गरेका छन् । उनले २०४७ सालमा दरबार हाइस्कुलबाट एस.एल.सी. उत्तीर्ण र २०५० सालमा रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गबाट आई.ए. तह उर्त्तीण गरे । औपचारिक रूपमा आई.ए. सम्मको शिक्षा हासिल गरी साहित्य सिर्जना र जागिरमा नै व्यहीत भएको देखिन्छ । मध्यम आर्थिक अवस्था भएको परिवारमा जन्मेका मनिक्रम शर्माको २१ वर्षको उमेरमा २०४८ सालमा हिन्दूसंस्कारअनुसार उपनयन गरेको देखिन्छ ।

अत्यन्त सरल र मिजासिलो स्वभावका मनिक्रम शर्मा त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि थिए । विशेष गरेर लेख्न, पढ्न, साहित्य सिर्जना गर्न, ठाउँठाउँमा घुम्न विशेष रुचि राख्ने र क्रिकेट, चेस, क्याराम बोर्ड खेल्ने सौख थियो । कला तथा अभिनय प्रस्तुत गर्न रुचाउथे भने भारतका दिल्ली, गोरखपुर, बनारस, इलाहबाद तथा नेपालका अधिकांश भागको भ्रमण गरेका छन् । साहित्य सिर्जना गर्न विशेष रुचि राख्ने मनिक्रम शर्मा २०५२ सालमा साझा प्रकाशनमा जागिरमा नियुक्त भएर **गरिमा** पत्रिकामा संलग्न रहे ।

जीवनलाई परिवर्तनगामी रूपमा हेर्ने मनिक्रम शर्मा बहुमुखी प्रतिभा हुन् । बाह्यरूपमा मझौला कद, गहुँगोरो वर्ण, हसिलो अनुहार न दुब्लो न मोटो ठिक्कको शरीर भएका चिटिक्क परेको र पात्लादाह्री पाल्ने निकै प्रभावशाली तथा आकर्षक देखिने उनी शारीरिक रूपले भने जीवनभर कुनै रोगको सङ्क्रमणमा परेनन् । उनको व्यक्तित्व साहित्यकार, कलाकार, आदिको रूपमा चर्चित रहेको छ । सर्वप्रथम २०४० सालमा *बाध्यता* मुक्तक शीर्षकको फुटकर कविता लेखेर मनिक्रम शर्माले आफ्नो सिर्जनात्मक प्रतिभाको परिचय दिँदै नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । साहित्य साधनामा र जागिरमा जीवन बिताएर नेपाली साहित्यको सेवाका निम्ति नेपाली भाषामा दुईवटा पुस्तकाकार कृति **अँध्यारासँग जुध्नेहरू**, एकाङ्की संग्रह र **रिसाहा थर्कमान** बालकथा संग्रह र अन्य फुटकर रचनाहरू पनि प्रकाशित गरेका छन् । लेखन तथा सिर्जनामा पूरापूर समय दिन नपाएपनि साहित्य यात्राको प्रारम्भिक

कालदेखि हालसम्मको अवधिमा उनले कविता, कथा, एकाङ्की, लेख आदि विधामा कलम चलाएका छन् ।

यिनलाई प्रगतिवादी साहित्यकारका रूपमा चिनाउन उनका रचना कविता, एकाङ्की, लघुकथा जस्ता सिर्जनात्मक विधामा प्रगतिवादी मार्क्सवादी चिन्तनबाट अभिप्रेरित भई तत्कालीन ग्रामीण समाज र विश्व परिवेशका विकृति र विसङ्गतिप्रति आक्रोस पोखेका छन् । समसामयिक विषम परिवेशका विरुद्ध क्रान्तिको आह्वान गर्ने उनका रचनाहरूमा स्वस्थ समतामूलक स्वतन्त्र समाज निर्माणको अपेक्षा राखिएको छ । लघुकथा, एकाङ्की, कविताका माध्यमबाट एक सशक्त प्रगतिवादी साहित्यकाकार रूपमा स्थापित भएको देखिन्छ ।

शर्माले बालसाहित्य अर्न्तगत **रिसाहा थर्कमान**, पुस्तकाकार, कृति सरल भाषा र सुकोमल भावका साथ लेखेका हुनाले बालबालिकालाई मनोरञ्जन र शिक्षा प्रदान गर्न सक्षम देखिन्छन् । मनिक्रम शर्माले लेखेको लेखमा आफूले देखेको ठाउँको यात्रावृतान्तलाई परिष्कृत भाषामा प्रस्तुत गरेका छन् ।

मनिक्रम शर्माको साहित्य यात्राको छोटो जीवनमा साहित्यका विविध विधाहरूको सिर्जनामा संलग्न रहेका भए पनि उनको विशेष सफलता भने एकाङ्की र बालकथामा रहेको देखिन्छ । जीवनमा कुनै पनि रोग नलागे पनि नेपाली साहित्य र जागिरमा संलग्न भइरहेकै अवस्थामा २०५४ श्रावण ३१ गतेका दिन अचानक बेहोस भई ७.१५ मिनेट जाँदा २७ वर्षको कलिलो उमेरमा यिनको दुर्भाग्यपूर्ण मृत्यु भयो ।

निष्कर्षमा भन्नुपर्दा जीवनयापनका लागि अन्य विविध काममा संलग्न रहँदारहँदै पनि मनिक्रम शमाले नेपाली साहित्यमा प्रशस्त योगदान दिएका छन् । नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्व स्थापित गर्न सफल मनिक्रम शर्माले नेपाली साहित्यको सिर्जना, विकास र संवर्द्धनमा गरेको योगदानले साहित्यकार व्यक्तित्व र योगदान उल्लेखनीय रहेको छ ।

# ;Gbe{u|Gy;"rL


**१. पुस्तकसूची**

भट्टराई, घटराज, **नेपाली लेखककोश,** काठमाडौं : नेशनल रिचर्ड एसोसिएट्स, २०५६ ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, २०५७ ।

शर्मा, मनिक्रम, **रिसाहा थर्कमान** दो.सं, काठमाडौ : साझा प्रकाशन, २०५८ ।

__________, **अँध्यारासँग जुध्नेहरू,** काठमाडौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, २०५७ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि** दो.सं., काठमाडैं : साझा प्रकाशन, २०५५ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौ.सं., काठमाडौं : साझा प्रकाशन, २०४९ ।

**२. पत्रिकासूची**

लुइटेल, लीला, *बालबालिकालाई उपहार : रिसाहा थर्कमान,* **कान्तिपुर** (वर्ष ५, अङ्क १०२, २०५४, जेठ १८) पृ.

__________, *मनिक्रमका एकाङ्की कौशल,* **गरिमा** (वर्ष २१, अङ्क ७, २०६३, असार), पृ. ५७-६१ ।

शर्मा, मनिक्रम, *बाध्यता,* **दुबो,** (अङ्क ५, ६, २०४० जेठ, पृ. ९१) ।

__________, *कुर्सी,* **महिमा,** (वर्ष १०, अङ्क ११, २०४९, असार २२, पृ. २)

__________, *लाग्छ,* **महिमा** (वर्ष १०, अङ्क ११, २०४९, असार २२, पृ. २)

__________, *जवाफ,* **तन्नेरी** (वर्ष १५, अङ्क , २०४९, असार, पृ. ६४)

__________, *पानी,* **वगर** (वर्ष १२, अङ्क ४०, २०५०, भदौ, पृ. ७३)

__________, *सारनाथका यी दुई दर्शनीय स्थल,* **युवामञ्च,** (वर्ष ८, अङ्क १, २०५२, असार, पृ. २) ।

__________, *लड्डू,* **सम्प्रेषण,** (वर्ष , अङ्क ९, २०५३, असार, पृ. २६)

__________, *तीन लघुकथा,* **साथी,** (वर्ष १३, अङ्ग १, २०५४ असार पृ. ३४)

__________, *म हत्यारा होइन,* **सम्प्रेषण** (वर्ष, अङ्क ११, २०५५, भदौ, पृ. ५३)

## सन्दर्भ व्यक्तिहरू

१३१

| | | |
|---|---|---|
| अनुक्रमराज शर्मा | - | शोधनायक [illegible] नु |
| उमा शर्मा | - | शोधनायककी माता |
| खगेन्द्रप्रसाद लुइटेल | - | शोधनिर्देशक |
| गोपाल पराजुली | - | साझा प्रकाशनका कर्मचारी |
| तेजकुमार श्रेष्ठ | - | साझा प्रकाशनका कर्मचारी |
| माधवप्रसाद घिमिरे | - | साहित्यकार |
| मेघराज आचार्य | - | साझा प्रकाशनका कर्मचारी |
| मोहनराज शर्मा | - | शोधनायकका पिता |
| यज्ञनिधि दाहाल | - | शिक्षक |



१३२

## परिशिष्ट च

## शोधनायकका पिता मोहनराज शर्मासँगको लिखित अन्तर्वार्ता

*मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्वबारे शोध गर्ने क्रममा वि.सं. २०६४/१/२५ गतेका दिन उनका पिता मोहनराज शर्मासँग लिइएको लिखित अन्तर्वार्ता जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।*

१. मनिक्रम शर्माको जन्म (साल, महिला, गते, तिथि र प्रहर सहित) कहिले भएको थियो ?

- *१५ जेठ २०२७, राति १.१० बजे, कुम्भ राशि पुष्य नक्षत्रको तेस्रो पाउ ।*

२. जन्मस्थान (अञ्चल, जिल्ला, गा.वि.स. वडा नं., नगरपालिका) उल्लेख गर्नुहोस् ।

- *गोकर्णथली, डाँछी, काठमाडौं, वागमती*

३. पिताको नाम, थर, गोत्र, एवम् जन्मथलो उल्लेख गर्नुहोस् ।

- *मोहनराज शर्मा, ढकाल, उपमन्यु, काठमाडौं, धर्मस्थली*

४. माताको नाम, पहिलो थर गोत्र उल्लेख गर्नुहोस् ?

- *उमा शर्मा, नेपाल, धृतकौशिक गोत्र*

५. माता पिताका कतिऔं सन्तान ? छोराको क्रममा र छोरीको क्रममा उल्लेख गर्नुहोस् ।

- *पाँचौ सन्तान - छोराको क्रममा चौथो र छोरीको क्रममा पाँचौ*

६. दाजुभाई र दिदीबहिनीको क्रमश नाम के हो ?

*विक्रमराज शर्मा - मृत*

*पराक्रमराज शर्मा - जीवित*

*अनुक्रमराज शर्मा - जीवित*

*अल्पना शर्मा (दिदी) - जीवित*

*मनिक्रम राज शर्मा - मृत*

*आक्रमराज शर्मा - जीवित*

७. माता पिताको पेसा र शिक्षा उनीहरूले पाएको पुरस्कार भए उल्लेख गर्नुहोस् ?

- *पिताको पेसा - त्रि.वि. मा नेपाली विषयको प्राध्यापक इतिहास तथा नेपाली विषयमा एम.ए. मदन पुरस्कार आदि पुरस्कार पाएको ।*

*माताको पेसा - गृहिणी, सामान्य विद्यालयी शिक्षा*

८. पिताको आर्थिक अवस्था कस्तो थियो ?

- *सामान्य*

९. उनी जन्मदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश के कस्तो थियो ?

- *नेपालमा पञ्चायती व्यवस्था रहेको । चौथो पञ्चवर्षीय योजना लागू भएको । विराटनगरमा देशव्यापी साहित्य सेमिनार भएको*

  *अन्तर्राष्ट्रिय - चन्द्रमामा मानिसले टेकिसकेको, बर्डान्ड रसेलको २०२७ मा मृत्यु*

१०. उनको न्वारन, प्रचलित र घरमा बोलाउने नाम के के थिए ?

*न्वारनको नाम - शेषराज शर्मा*

*प्रचलित नाम - मनिक्रमराज शर्मा*

*घरमा बोलाउने नाम - भाइदाइ*

११. बाल्यकाल के कसरी वित्यो र प्रारम्भिम शिक्षा कहाँबाट प्राप्त गरेका थिए ?

- *बाल्यकाल मातापिताका सान्निध्यमा सुखपूर्वक बितेको । पिता मेची क्याम्पसमा प्राध्यापक भएकाले प्रारम्भिम शिक्षा भद्रपुरमा प्राप्त गरेको । २०३३ देखि काठमाडौं दरवार हाइस्कुलमा शिक्षा । उनको बाल्यकाल अध्ययन र खेलकूदमा बित्यो ।*

१२. कति वर्षको उमेरमा घरमा र विद्यालयमा शिक्षा प्रारम्भ गरेका थिए ?

- *३ वर्षको उमेरदेखि घरमा र ५ वर्षको उमेरदेखि विद्यालयमा शिक्षा प्रारम्भ*

१३. उनको व्रतवन्ध कहिले र कहाँ भयो ?

- *वि.सं. २०४८ मा त्रि.वि. प्राध्यापक आवाज छेउको कुशेश्वर महादेवर मन्दिरमा उपनयन गरिएको ।*

१४. उनको विवाह कहिले कहाँ भएको थियो ?

- *अविवाहित*

१५. उनको खेलकूदतर्फ के कस्तो रुचि थियो ?

- *चित्र बनाउनु, नक्कल गर्नु, क्रिकेट खेलमा विशेष अभिरुचि, इनडोर गेममा चेस र क्यारमवोर्डमा रुचि*

१६. कुन कुन भाषामा उनको दक्षता थियो ?

- *नेपाली, हिन्दी, अंग्रेजी, भाषामा दक्षता ।*

१७. उनलाई सहयोग गर्ने गुरु तथा सहकर्मी, स्वदेशी तथा विदेशी विद्यालयहरूको उल्लेख गर्नुहोस् ?

- *प्रायः सबै गुरुहरू + भद्रपुर हाइस्कुल तथा काठमाडौंका ।*

  *श्री यज्ञनिधि दाहाल - दरवार हाइस्कुल*

१८. मनिक्रमलाई बढी मनपर्ने साहित्यिक कृति कुन कुन हुन् ?

- *जोनाथन स्विफ्टको 'बामपुड्केको देशमा' नामक उपन्यास ।*

१९. मनिक्रम शर्माका पितृवंशमा र मातृवंशतिर के कस्ता साहित्यकार थिए ?

- *पितृवंशमा साहित्यकार*

  *१. हजुरबा - रुद्रप्रसाद शर्मा - 'विधवापुकार' 'पतिपत्नी' कृष्णको मुरली आदि खण्डकाव्यका रचयीता*

  *२. मोहनराज शर्मा - पिता*

  *३. अनुक्रम राज शर्मा - दाजु*

  *मातृवंशतिर*

  *आमातर्फकी हजुरआमाका रामप्रसाद सत्याल 'फूलमा भमरा' अर्थात् 'भक्त प्रल्हाद' आदि कृति*

२०. मनिक्रमको सर्वप्रथम कुन रचना कहिले प्रकाशित भएको थियो ?

- *भाइदाइका, नामबाट 'बाध्यता' शीर्षकमा 'दुबो' द्वैमासिकको मुक्तक अङ्क ( अङ्क ५-६, ज्येष्ठ २०४०) को पृ. ९१ मा प्रकाशित, ५ पंक्तिको मुक्तक कविता ।*

२१. उनले कति सालमा र कहाँबाट एस.एल.सी. उत्तिर्ण गरे ?

- *दरवार हाइस्कुलबाट कक्षा दशसम्म अध्ययन गरेर २०४७ सालमा एस.एल.सीव उत्तिर्ण गरेका ।*

२२. उनको औपचारिक शिक्षा कति सम्म रहेको छ ?

- *एस.एल.सी सकेर रत्नराज्यलक्ष्मी क्याम्पसबाट २०५० सालमा आई.ए. उत्तीर्ण गरेपछि आफ्नो अध्ययनलाई छोडेर साहित्य सिर्जनातर्फ लागेका ।*

२३. कुन कुन विधामा कलम चलाए ?

- *कविता, बालकथा, लघुकथा, एकाङ्की र लेख तर्फ ।*

२४. उनका अहिलेसम्म प्रकाशित कृति तथा फूटकर रचनाहरू के कति छन् ?

- *प्रकाशित संग्रह*

*१. रिसाहा थर्कमान (बालकथासङ्ग्रह २०५३, साझा प्रकाशन)*

*२. अध्यारासँग जुध्नेहरू (एकाङ्कीसंग्रह २०५७) ने.रा.प्र.प्र.*

*फुटकर (बगरा तन्नेरी, दायित्व, प्रतिभा, अरूण, सम्प्रेषण, समाचारपत्र, साथी) आदि पत्रिकाहरूमा लघुकथाहरू प्रकाशित युवामञ्चमा लेख प्रकाशित ।*

*अन्य प्रकाशित तथा अप्रकाशित कविता आदि रचनाहरू छन् तर विवरण नभएको ।*

२५. धर्म र संस्कृतिलाई कुन रूपमा हेर्थे ?

- *आधुनिक दृष्टिकोण भएको, धर्ममा अन्धविश्वास नभएको, संस्कृतिलाई महत्व दिने ।*

२६. कस्तो किसिमको स्वभाव थियो ? अन्य व्यक्तिसँग कस्तो व्यवहार गर्थे ?

- *सामान्यः मिजासिलो स्वभाव, हक्की, सहयोगी, मिलनसार सबैसँग घुलमिल गर्ने, कुराद्वारा अन्य व्यक्तिलाई प्रभावित गर्न सक्ने ।*

२७. उनले कार्य गरेको संख्या कुन हो ?

- *एउटै संस्था : साझा प्रकाशन ।*

२८. कहाँ र कहिले जागिर खाएका र केकेमा संलग्नता थियो ?

- *वि.सं. २०५२/३/२३ देखि साझा प्रकाशनमा जागिरे भई 'गरिमा' पत्रिकासँग विशेष सम्बद्ध ।*

२९. उनको साहित्यिक मान्यता र जीवन दर्शन के कस्तो थियो ?

- *बाल कथालाई नौलो स्वरूप दिनु,*

*एकाङ्कीमा नयाँ बान्की प्रस्तुत गर्नु ।*

३०. उनले गरेका कुन कुन स्थानको भ्रमण गरेका थिए ?

- *भारतका दिल्ली, बनारस, गोरखपुर, इलाहाबाद, आदि र नेपालको अधिकांश क्षेत्र ।*

३१. मान,सम्मान, पुरस्कार पाएका थिए वा थिएनन् ?

- *छैनन ।*

३२. साहित्यिक प्रेरणा र प्रभाव कहाँ र को बाट पाए ?

- *घरैबाट प्रेरणा र प्रभाव पाएका ।*

३३. उनको शारीरिक स्वास्थ्य के कस्तो थियो ? स्वस्थ्यका लागि के कस्तो शारीरिक, व्यायाम गर्ने गर्थे ?

- *निरोगी, शारीरिक स्वास्थ्य राम्रो, बाल्यकालमा पनि खासै बिरामी नपरेको, स्वास्थ्यका लागि व्यायाम गर्ने दिनहुँ, त्रि.वि. क्वाटरैबाट साझा प्रकाशन पुलचोकसम्म प्राय ! हिडेरै जान रुचाउने, शारीकि अस्वस्थता नभएको ।*

३४. उनको मृत्यु कहिले र कहाँ भयो ?

- *'गरिमा' का तर्फबाट पूर्वाञ्चलका लेखकहरूसँग सम्पर्क गर्न गएका बेलामा भद्रपुरस्थित घरमा सबैसँग कुराकानी गर्दागर्दै अचानक तीव्र हृदयघात भई मृत्यु भएको । घरबाट ५ मिनेटको दुरीमा रहेको मेची अञ्चल अस्पतालमा पुऱ्याउँदा मृत घाषित ।*

  *२०५४/४/३१ गते शुक्रवार,*

  *बिहान ७:१५ तिर भद्रपुरमा निधन*


  *मृत्यु तीथि - श्रवण शुक्ल द्वादशी*

  *ई - १५ अगस्त १९९७*

३५. मनपर्ने संस्कृति कुन रहेको थियो ?

- *आफ्नै नेपाली संस्कृति ।*

# परिशिष्ट क



**स्व. मनिक्रम शर्मा (वि.सं. २०२७ – २०५४)**